# 'बा' को वाम

## (ऐतिहासिक परिचय)

बलदेव थापा

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा – ६, काभ्रेपलाञ्चोक
(प्रकाशनपुष्प : २५४)

प्रकाशनकाल : पहिलो संस्करण जेठ २०८२
: दोस्रो संस्करण फागुन २०८२
प्रकाशनप्रति : ५०० मात्र
सर्वाधिकार : लेखकमा
अक्षराङ्कन : सङ्गीता केसी
शुद्धीकरण : गीता अधिकारी
आवरण तस्बिर : दायाँ लेखकका ‘बा’ हरिबहादुर थापा
बायाँ पद्मबहादुर बुढाथोकी
आवरणसज्जा : इ. रोशन मञ्जुश्री अधिकारी
मुद्रक : सर्वश्री क्वालिटी प्रिन्टर्स
मूल्य : रु. ३००।-

ISBN: 978-9937-9892-20

.........................................................................................................

**Ba Ko Bam**

By Baldev Thapa
Mobile No: 9841337988

# मेरो भन्नु

'बा' को वाम, यो पुस्तक तयार गर्नुका चारवटा कारण छन् । पहिलो : 'बा' को जन्मस्थल र आफ्नै पनि जन्मस्थल भक्तपुर गुण्डूका बारेमा केही गर्न नसके पनि गुण्डूको परिचय खुलाऊँ भन्ने उद्देश्य । दोस्रो : 'बा' ले आफ्नो समयमा जानेर अथवा नजानेर समाजमा गर्नुभएको योगदान र आफूले पाएको हण्डरलाई ओझेलबाट उतार्नु । तेस्रो : भक्तपुर दक्षिणमा सिरुटारका पञ्चबहादुर बुढाथोकीको किसान आन्दोलनको उचाइ र पतनको थोरबहुत विश्लेषण र समीक्षाको आवश्यकता छ भन्ने प्रस्ट्याउनु । चौथो : 'बा' र छोराको 'वाम' यति नजिकको पुस्तामै आएको अन्तर प्रस्तुत गर्नु ।

यस पुस्तकले ऐतिहासिक वास्तविकतालाई पनि उतारेको छ । 'बा' को समयको समाज र अहिलेको सामाजिक अन्तरका साथै समयसापेक्ष विकासका झलकहरू यसमा प्रस्तुत गरिएको छ । हुनुपर्ने राजनीतिक योगदान र जनताको अनुभूति अनि चाहना विपरीत त्यसमा देखिएका ठूला चिराहरू पनि व्यक्त भएका छन् । पाठकले कुन कुराको खोजी गर्दै पुस्तक अध्ययन गरेको हुन्छ, त्यसको उत्तर मिल्नेछ । किताबको विषय धेरै फराकिलो छ । त्यो सबै समेट्न यतिमा सम्भव छैन । यो सानो गोरेटोको नक्सा कोरिएको मात्र हो । भविष्यमा यो ठूलो सडक बन्ने मैले अपेक्षा राखेको छु । त्यसैले यो एउटा सङ्केतका रूपमा पाठकसमक्ष प्रस्तुत गरिएको किताब हो । प्रिय पाठकहरूलाई यो किताब कस्तो लाग्यो, पढेपछि मलाई बताइदिनुभएमा यहाँहरूको सहयोगले सच्चिने मौका पाउँथेँ र आभारी हुने थिएँ । यो पुस्तकको प्रकाशनका लागि सहयोग गर्ने शब्दयात्रा प्रकाशनलाई धन्यवाद छ ।

**दोस्रो संस्करणमा –**

यस पुस्तकभित्रका अशुद्धिहरू देखाएकोमा पाठकलाई धन्यवाद ! यस संस्करणमा तिनलाई शुद्ध पारिएको छ । नातिनी गङ्गा बस्नेत र नाति उमङ्गदेव थापाले सार्वजनिक गरेको यस पुस्तकको दोस्रो संस्करण ९ महिनामै छाप्न लागेकोमा खुशी लागेको छ ।

**– बलदेव थापा**

# प्रकाशकीय

शब्दयात्रा प्रकाशनको प्रकाशकत्वमा 'बा' को वाम' (ऐतिहासिक परिचय) नामक पुस्तक प्रकाशन गर्न लागिएको छ । यस पुस्तकका लेखक पुराना पत्रकार बलदेव थापा (गुण्डू, भक्तपुर) हुनुहुन्छ । उहाँले बनेपाको शब्दसाधक अतिथिगृहमा बसेर 'कुराको सास्ती' पुस्तकसँगै यो पुस्तक पनि लेख्नुभएको हो ।

बलदेव थापाद्वारा लिखित 'बा' को वाम' (ऐतिहासिक परिचय) नामक यस पुस्तकमा भक्तपुर जिल्लामा पर्ने गुण्डू क्षेत्रको विस्तृत परिचय गराउनुका साथै लेखकका पिता समाजसेवी हरिबहादुर थापा र राजनीतिकर्मी पद्मबहादुर बुढाथोकीको योगदानका बारेमा चर्चा गरिएको छ । विशेषतः किसान आन्दोलनलाई केन्द्रमा राखिएको यस पुस्तकमा राजनीति, साहित्य, पत्रकारिता र समाजसेवा क्षेत्रमा लागेका त्यस भेगका व्यक्तित्वहरू लेखनाथ न्यौपाने, युद्धप्रसाद मिश्र, भैरव रिसाल, गणेशबहादुर राउत, अङ्गीरस उपाध्याय, नेत्रनाथ शर्मा, विष्णुबहादुर खड्का, होमशङ्कर ढुङ्गेल आदिका विषयमा पनि जानकारी गराइएको छ । पञ्चायतकालीन राजनीति र वर्तमान सामाजिक अवस्थाको झल्को पनि यस पुस्तकले दिएको छ । शब्दयात्रा प्रकाशन प्रकाशक बनेको यो २५४ औँ पुस्तक हो ।

यस पुस्तकको प्रकाशनका लागि शब्दयात्रा प्रकाशनको चयन गर्नुभएकोमा बलदेव थापाप्रति हार्दिक आभार व्यक्त गर्दछु । पुस्तकको अक्षराङ्कन गरिदिने सङ्गीता केसी, भाषिक शुद्धीकरण गरेर भित्री साजसज्जा मिलाइदिने गीता अधिकारी, आवरणसज्जाका लागि इ. रोशन मञ्जुश्री अधिकारी र मुद्रण गरिदिने सर्वश्री क्वालिटी प्रिन्टर्सलाई धन्यवाद छ । यस पुस्तकले पनि यस संस्थाबाट प्रकाशित यसअघिका पुस्तकहरूले झैँ पाठकवर्गको समुचित स्नेह पाउनेछ भन्ने कुरामा म विश्वस्त छु ।

**– हरि मञ्जुश्री**

अध्यक्ष : शब्दयात्रा प्रकाशन

# विषयसूची


| | | |
|---|---|---|
| १. | परिचयमा गुण्डू | १ |
| २. | मेरा 'बा' को समयचक्र | २७ |
| ३. | परिचयका हरफमा पद्मबहादुर बुढाथोकी | ४९ |
| ४. | पद्मबहादुर बुढाथोकीका बारेमा लेखनाथ न्यौपाने | ५५ |
| ५. | समकालीन सहकर्मीहरू | ६० |
| ६. | बा, वाम र बुढाथोकी | ६९ |
| ७. | छोराले अनुभूत गरेको वाम | ९४ |

समर्पण

पिताजी हरिबहादुर थापा र
माताजी चित्रकुमारी थापामा !

'बा' को वाम (ऐतिहासिक परिचय)

बलदेव थापा

# परिचयमा गुण्डू

## मेरो गुण्डू :

भक्तपुरको पाण्डुबजारबाट दक्षिण लाग्दै जाँदा गणेशमान बाटिका र सूर्यविनायक जङ्गलको बीच छेडोबाट भित्र पसेपछि गुण्डू क्षेत्रमा प्रवेश गरिन्छ । त्यहाँबाट लगभग तीन किलोमिटर दक्षिण-पूर्व हुँदै गएको सडकलाई नछोडी जाँदा मुख्य गुण्डू पुगिन्छ ।

गुण्डू रानीकोटको पश्चिमी काख र घ्याम्पेडाँडाको दक्षिणी भाग अनि लाँकुरीभञ्ज्याङको उत्तरी काखबाट सुरु हुन्छ । ती स्थानहरूबाट पश्चिम लाग्दै गएपछि डोकाथली नपुगुन्जेल त्यहाँको जमिन साँगुरो अनुभव हुन्छ ।

डोकाथलीबाट पश्चिमतर्फ लागेपछि केही फराकिलो समथर फाँट देखिन्छ । त्यहाँबाट जति तल लाग्यो, त्यति नै फराकिलो हुँदै गएको छ । डोकाथलीबाट तलतिर पश्चिम लागेपछि माथिल्लो तिथली आउँछ र त्यहाँबाट पनि तलतिर ठिमी जाने बाटो लाग्ने हो भने तल्लो तिथली पुगिन्छ ।

यही तल्लो तिथलीमा मेरा 'बा' जन्मनुभएको हो । वातावरण शान्त छ । झट्ट हेर्दा भित्री मधेशको भान पर्छ । कुनै पनि प्रदूषण छैन । डोकाथलीदेखि उत्तर-पूर्व पारिपट्टि कार्कीगाउँ र त्यसको पूर्वमा मन्थली पर्दछ । माथिल्लो तिथलीको उत्तर-पूर्व कार्कीगाउँको पश्चिममा माथिल्लो किवाचोक पर्दछ । केही पश्चिमतिर लाग्दा तल्लो किवाचोक पुगिन्छ । यो किवाचोकको अन्त र तल्लो तिथलीको अन्तमा महादेवखोला छ । त्यो खोला गुण्डूदेखि नै आएको हो । त्यो नै गुण्डूको पश्चिमी सिमाना हो । खोलापारि दधिकोट र खोलावारि गुण्डू पर्दछ ।

सूर्यविनायक जङ्गलको पुछार र गणेशमान बाटिकाको बीचमा गुण्डू प्रवेश गर्ने छेडो छ । त्यो छेडोलाई 'गुणढोकाको छेडो' भनिन्थ्यो । पछिसम्म हाम्रा 'बा' समूहका मान्छे त्यसै भन्ने गर्थे ।

हामी केटाकेटीमा भक्तपुर जाँदा-आउँदा पनि त्यो छेडोलाई ‘गुणढोकाको छेडो’ भन्ने गर्थ्यौं ।

गुण्डू कसरी बन्यो भन्ने विषयमा हाम्रा ‘बा’ र उहाँका दामलीबीच एकपटक कुरा उठेको थियो । म सानै थिएँ र रमाइलो कुरा मैले पनि सुनिरहेँ । आज त्यही कुरा म लेख्दैछु ।

## गुण्डूको नाम कसरी रह्यो ?

‘गुणढोकाको छेडो’ प्रवेश गरेपछि अलिक तल गुण्डूतर्फ लाग्दा बाटोमा पीपलको बोट छ । त्यहीँ नजिक लिटिल गार्डेन मा. वि. छ । त्यो पीपलको बोटको ठीक पूर्वपट्टि धेरै ठूलो अजङको रूख थियो रे । त्यो रूखको फेदमा घरको ढोकाजस्तै छेद वा प्वाल थियो । ढोकाबाट मान्छे ओहोरदोहोर गर्न सक्थ्यो । उति बेला घना जङ्गलले ढाकिएको ठाउँ बिस्तारै जङ्गल फँडानी गरेर बस्ती बसेको अवस्था हामी कल्पना गरौँ । उत्तरी भेगबाट गुण्डू आउनुपर्दा त्यो बाटोबाहेक अरू बाटो थिएन । उत्तरतर्फबाट गुण्डू आउने नाका नै त्यही हुनुपर्छ । अर्को बाटो भनेको ठिमीबाट गुण्डू जाने बाटो । गुण्डू जान यिनै दुई बाटाबाहेक अरू बाटा थिएनन् ।

यसरी गुण्डू आवतजावत गर्दा त्यो ढोकाबाट पनि छिरेर हिँड्ने गर्थे । त्यसको नाम ‘गुणढोका’ भनिदो रहेछ । जब रूखको बीचमा प्वाल परेर ढोका बनेको हुन्छ भने त्यसलाई ‘गुण’ भनिदो रहेछ । अनि ढोकाजस्तै ठूलो प्वाल भएको कारण त्यसलाई ‘गुणढोका’ भनिएको रहेछ । त्यसै ‘गुणढोका’ बाट पनि छिरेर जान सकिने गाउँ भएको हुँदा त्यो गाउँको नाम ‘गुण्डू’ भन्न थालिएछ ।

गुण्डू नै किन भनियो त भन्नेबारे कुरा उठ्दा एकजनाले भन्नुभयो – त्यति बेला यो ‘गुण्डू’ भनेर नाम राख्ने व्यक्ति नेवार हुनुपर्छ । उसले आफ्नो भाषामा ‘अन गुण दु’ भनेछ । यो भनेको त्यहाँ ‘गुण’ छ भनेको हो । यसरी ‘गुण दु’ भन्दाभन्दै गुण्डू बनेको हो । गुण्डूको नाम यसरी रहन गएको हो भन्ने ‘बा’ समूहको छलफलले टुङ्गो लगाएको र त्यसैमा सहमत भएको मलाई थाहा छ ।




(गुण्डू क्षेत्र)

हुन पनि हामी 'गुणढोकाको छेडो' भन्छौं । हाम्रा नातिनातिनाहरू त्यो छेडोलाई अहिले 'गुण्डूको छेडो' भन्न थालेका

छन् । कुरो हेर्दा ठीक पनि लाग्छ । किनभने गुण्डू प्रवेश गर्ने छेडोलाई गुण्डूको छेडो भनिनु ठिकै हो । यसरी ठाउँका नामहरू सजिलो र अर्थपूर्ण तरिकाले परिवर्तन भइरहेका हुन्छन् । त्यसले आफ्नो पकड जमाइसकेको हुन्छ । अनि त नाम कसरी रह्यो भन्ने विषयको खोजतलास पाखा लागेर बस्छ । हामीले यस्तै श्रुतिस्मृतिको भरमा बलियो बन्दै जानुपर्ने हुन्छ ।

## गुण्डूका जनता :

गणना अनुसार गुण्डूको जनसङ्ख्या सात हजार एक सय एकचालीस छ । यसमा महिला तीन हजार छ सय बाह्र र पुरुष तीन हजार पाँच सय उनन्तीस छन् । पहिले भए वडैपिच्छेको गणना हुन्थ्यो । अहिले एउटै वडा भएको कारण अरू साविक वडाहरू खुलाउनु आवश्यक परेन । जनसङ्ख्याको उपस्थिति हेर्दा गुण्डूमा पनि पुरुषभन्दा महिलाको सङ्ख्या बढी देखिन आएको छ । यो नेपालभर नै महिलाको सङ्ख्या यस्तै हो ।

गुण्डूको यो जनसङ्ख्यामध्ये साविक १, २ र ३ नम्बर वडामा तामाङ, बाहुन, क्षत्री र अन्य जनजातिको बस्ती छ । तामाङले डोको बुन्ने गर्छन् । बाहुन होमहोमादिमा लागेका छन् र कृषि पेशा पनि अपनाएका छन् । त्यस्तै क्षत्रीहरू पनि खेती-किसानीमा लागेका छन् । अन्य जनजातिहरू पनि आ-आफ्ना संस्कार अनुसारको पेशामा छन् । बेरोजगार कोही पनि छैनन् । सबै आ-आफ्नो ठाउँमा मिलिजुली बसेका छन् । सहयोगी छन् । एक-अर्काप्रति कल्याण होस् भन्ने भावना सबैमा पाइन्छ । आफू बसेको बस्ती कहिलेदेखि बसेको हो भन्ने कुरामा उनीहरू अनभिज्ञ नै छन् । पढेलेखेका छन् । आफ्नो संस्कार कसैले छाडेका छैनन् । संस्कारी छन् । धार्मिक छन् ।

त्यसै गरी साविक ४ नं. वडा डोकाथलीमा पनि नेवार र क्षत्रीहरूको राम्रै बसोबास छ । अधिकांश खेती-किसानीमा र थोरै मात्र जागिरमा निर्भर गर्ने व्यक्तिहरू रहेका छन् । क्षत्री टोल बाक्लो छ । त्यस्तै नेवारहरूको बस्ती पनि बाक्लो छ । सबै एक-आपसमा

मिलेर बसेका छन् । यो अत्यन्त राम्रो पक्ष त्यहाँ पनि देख्न पाइन्छ । कसैले कसैउपर छनकमनक गर्ने चलन त्यहाँ छैन । जे छ, सोझै देखिन्छ । कसैको छलकपट पाइँदैन । धर्ममा आफ्नो संस्कार अनुसार सबै भिजेका छन् । कसैले यस बारेमा शङ्का लिइरहनुपर्ने ठाउँ छैन । अहिले कृषियोग्य जमिन घटेको छ । केही बस्ती बढेको छ । व्यवस्थापन कुशल हुन सक्यो भने आठ-दश वर्षसम्म पुरै गुण्डूका जनताले कुनै किसिमको चिन्ता लिनुपर्ने अवस्था आउँदैन ।

साविक वडा नं. ५ मा कार्कीहरूको बस्ती भएको हुनाले त्यसलाई कार्कीगाउँ भनिने गरेको छ । यो गाउँ पनि सूर्यविनायक जङ्गलको काखमा अवस्थित छ । जङ्गलैमुनि हाइटमा रहेको बस्ती अति रमणीय देखिन्छ ।

उक्त गाउँको पूर्व, दक्षिण र पश्चिमका भूभागहरू छिनेका छन् । त्यहाँ खेती गर्ने गरिन्छ । कार्कीगाउँ पहिलेदेखि नै पढेलेखेका र बुद्धिजीवीहरूको बसोबासस्थल भनेर परिचित गाउँ हो । धेरैजसोले जागिरमा पनि दक्षता हासिल गरेका छन् । त्यसो भनेर कृषि पेशामा हुँदै नभएका भन्ने होइन । जमिनहरू पनि प्रशस्तै छन् । उब्जाउ राम्रै हुन्छ ।

दक्षिण मोहडा भएको ठाउँ भएकाले घाम नडुब्दासम्म घामको उज्यालो आउँछ । बसोबास रमाइलो छ । एक-आपसमा सहयोगी भावना मनग्य पाइन्छ । धर्म-संस्कृतिको राम्रै संरक्षण भएको ठाउँ हो कार्कीगाउँ । मलाई लाग्छ त्यो गाउँमा अहिलेसम्म कोही पनि धर्म परिवर्तन गर्नेमा छैनन् । त्यो वडाबाहेक अन्य वडाहरूमा साविक बासिन्दाले समेत धर्म परिवर्तन गरेका छन् ।

गुण्डूको साविक वडा नं. ६ लाई माथ्लो किवाचोक र ७ नं. वडालाई तल्लो किवाचोक भनिन्छ । यी दुवै वडा माथिदेखि तलसम्म दायाँ-बायाँ दुवैतिर खोला र खोल्साले छिनेका छन् र माथि बस्तीहरू बाक्लै रहेका छन् । अन्य वडाजस्तै यी वडाहरूमा पनि विभिन्नथरी व्यक्तिहरूको बसोबास छ । ६ नं. वडामा क्षत्री र नेवारहरूको बाहुल्य छ भने केही जनजातिका बस्ती पनि छन् । तर जुन

जातिहरूको बसोबास भए पनि उनीहरू एक-आपसमा मिलेर बसेका छन् । राम्रो पक्ष यही नै हो ।

धर्मको हकमा एकाध व्यक्तिहरूले आफूलाई परिवर्तन गरे पनि अधिकांश व्यक्तिहरू आफ्नो पूर्ववत् धर्मसंस्कृतिमा अडेका छन् । गाउँ रमाइलो छ । बस्तीहरू यहाँ पनि बढ्न थालेका छन् । त्यो वडामा पहिलेदेखि नै रमाइला मान्छेहरू बस्ने ठाउँ हो माथ्लो किवाचोक । पेशा किसानी नै हो । केही जागिरमा पनि छन् ।

त्यस्तै ७ नं. वडामा अधिकांश क्षत्री र खतिवडा अनि नेवारहरूको बाहुल्य रहेको छ । यहाँ अधिकांश कृषि पेशामा आश्रित छन् । फाट्टफुट्ट जागिरे र सिकर्मी, डकर्मी काममा पनि पोख्त छन् । बाक्लो बस्ती छ । सबै मिलेर बसेका छन् । त्यो वडामा पनि सहयोगीहरू छन् । मानव धर्मप्रति पूर्ण सरिक हुन्छन् । यसबाहेक आफ्ना पुर्खाले मान्दै आएको धर्ममा अडेका छन् । उनीहरूको संस्कृति त्यही धर्मले संरक्षण गरेर राखेको छ । उनीहरू कुनै पनि बेला हतास हुँदैनन् । आज नभए भोलि हुन्छ भन्ने धैर्य र सहनशीलता उनीहरूमा पाइन्छ । जे काम गर्दा पनि त्यहाँका बासिन्दा हडबड गर्दैनन् । चम्किलो अनुहार, शान्त स्वभाव उनीहरूको परिचय हो । त्यहाँ पनि बस्ती बढ्न थालेको छ । बेधर्ममा जाने सङ्ख्या त्यहाँ पनि न्यून नै छ ।

बाँकी रह्यो गुण्डूको साविक वडा नं. ८ र ९ । ८ नं. वडालाई तल्लो तिथली भनिन्छ भने वडा नं. ९ लाई माथ्लो तिथली भनिन्छ । यी दुवै तिथली पनि दायाँ-बायाँका भूभाग र खोला-खोल्साले छिन्दै पश्चिमतर्फ लागेका छन् । खेतीयोग्य जमिन दुवै वडामा राम्रो छ । कृषि पेशा र कोही जागिरमा आश्रित छन् त्यहाँका जनता । त्यहाँ पनि विभिन्न जातिहरूको बस्ती रहेको छ ।

पहिलेको हिसाबमा दुवै वडा स्थानीय नेवार, क्षत्री, मगर, बाहुनको बाहुल्य रहेको गाउँ हुन् । अहिले विभिन्न जातिहरू आएर बसोबास गर्न थालेका छन् । जग्गा घट्दैछ, बस्ती बढ्दैछ । स्थानीय बासिन्दाहरू एकाधबाहेक सबै आफ्नै धर्ममा अडिग छन् । प्रायः

नेवारहरू रहेको बस्तीमा उनीहरूको संस्कृति जोगाउने नै धर्मले हो । त्यसैले उनीहरू आफ्ना पुर्खाको धर्मबाट कहिल्यै अलग हुँदैनन् । अझ ९ नं. वडाका नेवारहरू बाँसुरी र धिमेमा लागेका छन् । यसैले हो उनीहरूको धर्म संरक्षण गर्ने । मानिसहरू सहयोगी छन्, रमाइला छन्, हँसिला छन् ।

## डोकाथली यसरी भन्न थालियो :

दुवैतिर छिनेको माथिल्लो भाग समथर छ भने त्यसलाई थली भनिन्छ । यस्ता थलीहरू धेरै ठाउँमा छन् । अहिले उल्लेख गर्न लागिएको थलीको नाम हो 'डोकाथली' । डोकाथलीको नाम कसरी रह्यो ? यसमा पनि किम्वदन्तीकै सहयोग लिनुपर्ने हुन्छ ।

परापूर्वकालमा तिथली हुँदै राजारानीहरू रानीकोट आवतजावत गर्दाको बाटो डोकाथली नै हो । यो डोकाथलीमा त्यति बेला डोकाकै आकारको ठूलो ढुङ्गो रहेछ । त्यही ढुङ्गोमा राजारानीका सहयोगीहरूले बोकेका भारी बिसाएर आराम गर्ने गर्दा रहेछन् । उनीहरूमध्ये कसैले अलि तल नै भारी बिसाएर एकक्षण बसौँ न भनेछ । अनि अर्को साथीले अब धेरै छैन 'डोकाथली' मा बसौँला भनेछ । त्यसरी 'डोकाथली' को नाम रहेको हो भनिन्छ ।

## किवाचोक किन भनियो ?

कुरो आउँछ परापूर्वकालको । त्यति बेला त्यहाँ बस्ती बस्ने समय भएको हुनुपर्छ । हालको किवाचोक क्षेत्रमा कतैबाट केही नेवारहरू बस्तीकै खोजीमा घुम्न आएछन् । उनीहरू त्यहाँ प्रकृतिको रमणीय उपहार देखेर मुग्ध भएछन् । त्यहाँ एउटा ठूलो थुम्को र त्यस क्षेत्रको सम्पूर्ण भाग (वरिपरि, माथिसमेत) लाई फूलैफूलको बगैँचा देखेछन् । कतै लहरापहरा, कतै मनमोहक रूखहरू, त्यहाँ फुलेका फूलहरू देखेछन् । अनि उनीहरूको भाषामा कुरा भएछ 'किवाच्वे' । नेवारी भाषामा 'किवा' भनेको फूल र 'च्वे' भनेको माथि भन्ने रहेछ । अर्थात् थुम्को माथिसम्म र थुम्को वरपर पनि फूलहरू

फुलेर बगैँचा बनेको, साँच्चै लोभलाग्दो, मोहक भनेर गफ गरेछन् । त्यो थुम्काका फूलहरू र बगैँचाले तिनीहरूलाई आकर्षित गरेछ । अनि ती नेवारहरूले त्यही थुम्कोको आसपास बस्ने निधो गरेछन् र पहिले आएको बस्तीतिर गएछन् । पहिलेको बस्तीका मान्छेले 'कहाँ गएर आएको ?' भनेर सोधेछन् । त्यसपछि यिनीहरूले भनेछन् – 'अन किवाच्वेका ।' नेवारी भाषामा अन भनेको त्यहाँ, 'किवाच्वेका' भनेको 'किवाच्वेमा गएको' भन्ने रहेछ । त्यसपछि उनीहरू आएर त्यही बस्तीमा बसेछन् । पछि उनीहरूले 'किवाच्वेका' भन्दाभन्दै अपभ्रंश भएर 'किवाचोक' भनिन थालेछ । हुन सक्छ बस्ती बढ्दै गएर त्यहाँ चोक पनि बन्न थाल्यो होला । अनि त 'किवाचोक' बन्न गएको भन्ने किम्वदन्ती पाइन्छ ।

त्यस्ता नामकरणहरू श्रुतिस्मृतिबाटै हामीले थाहा पाउने हो । किवाचोकका बारेमा पनि श्रुतिस्मृति नै अघि लागेको छ । त्यहाँको नेवार बस्ती देख्दा पनि त्यसै भएको हुनुपर्छ भन्ने अनुभूति हुन्छ ।

## कसरी 'मन्थली' भयो ?

स्थानीय कार्कीगाउँको दक्षिण-पूर्वमा रहेको एउटा गाउँलाई मन्थली भनिन्छ । त्यो गाउँको नाम कसरी मन्थली रह्यो भन्ने बुझ्दा त्यहाँ पनि श्रुति र स्मृतिकै कुरा आउँछ । धेरै पहिले रामेछापको मन्थली भन्ने ठाउँबाट एक परिवार आएर गुण्डूको त्यस ठाउँमा बसोबास गरेछ । त्यसपछि त्यो ठाउँको नाम पनि मन्थली नै रहन थालेछ । पछि त्यहाँ कार्कीहरू पनि गएर बसोबास गरे । बहुमत कार्कीहरूकै भए पनि गाउँको नाउँ चाहिँ मन्थली नै रहन गयो ।

पाइलट बाबाको आश्रमभन्दा ठीक पश्चिमतर्फ वनकै काखमा रहेको उक्त गाउँ अति रमणीय छ । हरियालीले कहिल्यै छाड्दैन । वनमा फलफूल र कन्दमूलहरू पनि राम्रोसँग पाइन्छ । गुण्डूमा मन्थलीजतिको राम्रो गाउँ अन्त छैन भन्दा हुन्छ । पुस-माघमा बिहानको सूर्य अलिक ढिलो आउँछ तर दिनभर साँझअघिसम्म सूर्यले छाडेको हुँदैन ।

स्वच्छ जङ्गलको हावा, पानी त्यस्तै स्वच्छ, स्वास्थ्यबर्धक ठाउँ भनेर मन्थलीले बताइरहेजस्तो लाग्छ । धूवाँधूलोको पहुँच त्यहाँ छैन । सडक छ तर धूवाँधूलो पाइँदैन । यो मन्थली पनि साविक ५ नं. वडा हो । झट्ट हेर्दा कार्कीगाउँ र मन्थलीको बीच भाग छिनेको छ । त्यस ठाउँमा खेती गरिन्छ । त्यसैले मन्थली बेग्लै वडा होला जस्तो लाग्न सक्छ ।

त्यहाँका बसोबासीहरू पनि सोचेभन्दा बढी मिजासिला छन् । बढी सहनशीलता र उद्यमी विचार भएका तिनीहरू धेरैजसो खेतीमा निर्भर छन् । सहयोगी भावना त्यहाँ राम्रै पाउन सकिन्छ । मानव बस्ती भनेको यस्तो हुनुपर्छ भन्ने राम्रो उपमा त्यहाँ मिल्छ । अरू गाउँबाट छुट्टै गाउँ देखिने र जङ्गलसँग मात्र नजिक भएको त्यो मन्थली बस्नलाई अति उत्तम मान्न सकिन्छ ।

## बाटो र खोला :

अहिले उल्लेख गरिएका सम्पूर्ण क्षेत्रमा रहेका बाटाहरू मेरा 'बा' को समयका गोरेटा मात्र हुन् । भक्तपुर, ठिमी जाँदा-आउँदा पनि त्यही गोरेटो बाटो जाने-आउने हुन्थ्यो । गुण्डूबाट सुरु भएको महादेवखोला गोकुलघाटदेखि तल ओर्लेपछि त्यो खोलाको दक्षिण दधिकोट र उत्तर गुण्डू हो । त्यो खोलाले यसरी सिमाना निर्धारण गरेको छ ।

उता डोकाथली र मन्थली कार्कीगाउँलाई छुट्याउने सानो खोलालाई बुढीगण्डकी भनिन्छ । यो किवाचोकको उत्तरी भागमाथि गुण्डू र तल कटुन्जेको साँध बनेको छ । त्यस्तै माथिल्लो तिथली र माथिल्लो किवाचोकका बीचमा एउटा खोल्सो छ । उक्त खोल्सोले तिथली पूरै र किवाचोक पूरैलाई छुट्याएको छ । त्यो खोल्सो गएर तल महादेवखोलामा मिल्छ ।

त्यस्तै बुढीगण्डकी पनि गएर महादेवखोलामा मिलेको छ । अनि महादेवखोला गएर हनुमन्ते खोलामा मिलेको छ ।

## खानेपानी र सिँचाई :

मेरा 'बा' को समयमा पिउने पानीका लागि गुण्डू भेगमा कतै धारा त कतै कुवा थिए । डोकाथलीदेखि तलतिर सबै पँधेरा र कुवामा भर पर्थे अनि नपुग पानी महादेवखोलाबाट ल्याउने चलन थियो । वास्तवमा गुण्डूभरि नै पिउने पानीको समस्या थियो ।

गुण्डूवासी अधिकांश कृषि पेशामा छन् । नगन्य मात्रामा मात्र जागिर खाने चलन छ । कृषिका लागि चाहिने सिँचाईमा पनि त्यही महादेवखोलाको शीर्ष भागबाट आउने पानीको भर पर्नुपर्दथो । गुण्डूका अधिकांश जमिनको लगभग १०% प्रतिशत पनि सिँचाई हुँदैन । कमसेकम ९०% खेतबारीमा आकासे पानीको भर पर्नुपर्छ ।

## गुण्डूमा विद्यालय :

शिक्षा चाहिने, पढ्न नपाइने जमानामा जन्मनुभएका मेरा 'बा' र उहाँका समकालीन दाजुभाइहरूको वर्षौ दौडधुपपछि तलका विद्यालयहरू सरकारबाट स्वीकृति प्राप्त भएर स्थापना भएका थिए ।

१. भैरवी प्राथमिक विद्यालय - गुण्डू साविक १, २, ३
२. डोकाथली प्राथमिक विद्यालय - साविक वडा नं. ४
३. लिखानारायण प्रा. वि. - साविक वडा नं. ५
४. भीम प्रा. वि. - माथिल्लो किवाचोक साविक वडा नं. ६
५. ज्योति प्रा. वि. - तल्लो किवाचोक साविक वडा नं. ७
६. विष्णु प्रा. वि. - तल्लो तिथली साविक वडा नं. ८
७. चन्द्रसूर्य आधारभूत विद्यालय - घ्याम्पेडाँडा साविक वडा नं. ३

माथिका यी सबै सामुदायिक विद्यालयहरू हुन् । यीबाहेक प्राइभेट बोर्डिङ स्तरका विद्यालयहरू पछि खुलेका हुन् । ती यसप्रकार छन् :-

१. हिमाल एकेडेमी माध्यमिक विद्यालय - साविक वडा नं. ६
२. लिटिल गार्डेन माध्यमिक विद्यालय - साविक वडा नं. ५
३. काठमाडौं वर्ल्ड स्कुल - साविक वडा नं. ५

गुण्डूमा रहेका यी विद्यालयहरूमध्ये ज्योति प्रा. वि. स्तरोन्नति हुँदै हाल माध्यमिक विद्यालय भएको छ । अन्य सामुदायिक विद्यालयमध्ये भैरवी प्रा. वि. स्तरोन्नति भएर निम्नमाध्यमिक भएको छ । विष्णु प्रा. वि. पनि स्तरोन्नति भएर निम्नमाध्यमिक भएको निकै वर्षपछि सञ्चालन हुन नसकेर ज्योति माध्यमिक विद्यालयमा गाभिन पुग्यो । भीम प्राथमिक विद्यालय सञ्चालनमा आउन नसकेर ज्योति मा. वि. मा गाभियो ।

हाल सामुदायिक विद्यालयहरूमध्ये माध्यमिक र नि. मा. वि. एक सञ्चालनमा रहेका छन् भने तीनवटा प्राइभेट माध्यमिक विद्यालय चलिरहेका छन् ।

आफ्ना छोरानाति शिक्षित होलान् भनेर कत्रो प्रयास गर्दै ९ वडामा सातवटा विद्यालयहरू स्थापना गरेको देखिन्छ । कालान्तरमा दुईवटा मात्र सञ्चालनमा आए, बाँकी पाँचवटा विद्यालयहरू विद्यार्थी नभएर गाभिने र बन्द हुने अवस्थामा पुगे । यसबाट के बुझ्न सकिन्छ भने विद्यालयमा शिक्षक पर्याप्त रहे पनि सरकारी निगरानीमा कमी आउँदा भएका विद्यालय सबै फिर्ता जाने क्रममा रहे ।

## गुण्डूका मठमन्दिर :

१. माता पाथीभरा वैष्णवीदेवी मन्दिर - साविक वडा नं. ४ पूर्वको जङ्गल फेदीमा अवस्थित
२. सोमनाथ मन्दिर - घ्याम्पेडाँडा
३. भुवनेश्वरी - गुण्डू
४. माता फूलचोकीको पाउ – गुण्डू
५. तारकेश्वर - गुण्डू खत्रीगाउँ जाने उकालोमा
६. कालीदेवी - पिङ हाल्ने डाँडा गुण्डू
७. कालभैरव - गुण्डू
८. गौरादेवी - खत्रीगाउँ
९. शनिश्चरेदेवी - ढुङ्गेचौर
१०. गोकुलेश्वर - गोकुलघाट

११. कृष्णमन्दिर - फाँजुटोल
१२. शिवलिङ्ग स्थापना - रातोपाटी डोकाथली
१३. गणेश र बगलामुखी - रातोपाटी डोकाथलीबाट दक्षिण ठाडो कुलोको डिलमा
१४. मत्स्येश्वर महादेव - मन्थली पश्चिम साविक वडा नं. ५
१५. बुढानीलकण्ठ नारायण र दशावतारको मन्दिर - डोकाथली, तल्लो पीपलबोट
१६. भीमसेन मन्दिर - कार्कीगाउँ साविक वडा नं. ५
१७. लिखानारायण मन्दिर - सूर्यविनायक जङ्गलको फेदी साविक वडा नं. ५
१८. पलाञ्चोक भगवती - लिखानारायणसँगै, साविक वडा नं. ५
१९. रामभक्तेश्वर मन्दिर - तीनधारा, ५ नं. वडा
२०. त्रिलोचन महादेव मन्दिर - तीनधाराबाट केही दक्षिण, मोडमा
२१. कृष्णमन्दिर र सप्तऋषिको थपना - स्वास्थ्य चौकी परिसरमा
२२. गणेश भैरव मन्दिर - नगरकोटी टोल, माथ्लो तिथली
२३. गणेश मन्दिर - पँधेरा डोल, तल्लो तिथली
२४. महामाया भगवती मन्दिर - तल्लो तिथली
२५. देवीस्थान - खत्री टोल, तल्लो तिथली
२६. हरिहर देवालय - मगरगाउँ, तल्लो तिथली
२७. विनायक गणेश - किसीटोल, तल्लो तिथली
२८. बक्रेश्वर महादेव मन्दिर - तल्लो किवाचोक
२९. राधाकृष्ण मन्दिर - माथ्लो किवाचोक
३०. कुलन्टेश्वर महादेव मन्दिर - माथ्लो किवाचोक कुरुङटोल
३१. भीमसेन मन्दिर - माथ्लो किवाचोक

पहिले ९ वडाको अहिले एक वडा भएको छ । ती ९ वडामा अवस्थित मठमन्दिरहरू अहिले सूर्यविनायक नगरपालिका वडा नं. ७ मा परेका छन् । पहिले हेरीकन मठमन्दिरमा अहिले वृद्धि भएको छ ।

## चाडपर्व :

विशेषतः गुण्डूवासीहरूले आफ्ना पूर्वजहरूले मान्दै आएका चाडपर्वहरू मान्दै आएका छन् । भर्खर नगरपालिका भएको गाउँमा स्थानीयले गर्ने कर्महरू गर्न छाडेका छैनन् । कुलले गर्ने वृत्तिहरू पनि गरेका छन् ।

गुण्डूमा मान्ने चाडपर्वमा मुख्यतः दशैँ, तिहार, नयाँ वर्षको भोलिपल्ट दुई दिन, रक्षाबन्धन, माघे सङ्क्रान्ति, चैते दशैँ, बाआमालाई पुजिने कुसेऔँसी र मातातीर्थ औँसी, गठेमङ्गल, प्रायः यिनै हुन् ।

गुण्डूवासी सबै जातजातिले संयुक्त रूपमा मनाउने पर्वहरू यिनै हुन् ।

## पाटीपौवा र सत्तल :

सूर्यविनायक ७ नं. वडा गुण्डूको लगभग माझमा पर्ने रातोपाटी हाललाई प्रमुख पाटी बनेको छ । त्यसभन्दा दक्षिण-पूर्वको कोणतर्फ ठाडो कुलो बाटो हुँदै जाँदा ज्यापुगाउँ नपुग्दै एउटा पाटी त्यहाँ रहेको छ । गोकुलघाटमा अर्को पाटी छ । तीनधारा पाटी र डोकाथलीको पुछार पीपलबोट माथिल्लो किवाचोकको भीमसेन मन्दिरमा सत्तल बनेको छ । किवाचोकबाट भक्तपुर जाने बाटोको घाटमा पनि पाटी छ । जम्माजम्मी सत्तल र पाटी सातवटा देखिएका छन् ।

यसबाहेक रातोपाटीबाट दक्षिण लाग्दै जाँदा कुलो बाटो पुगेपछि त्यहाँ रहेको पाटी भत्केपश्चात् पुनर्निर्माण हुन सकेन । त्यस्तै गुण्डूको छेडोबाट गुण्डू लाग्नेबित्तिकै किवाचोक र गुण्डू जाने दोबाटोमै रहेको पाटी र ढुङ्गेधारा भत्केर नामनिसानै रहेन ।

## भजनपाटी र विश्रामघर :

तल्लो किवाचोक ज्योति माध्यमिक विद्यालयको ठीक दक्षिणतिर अति पुरानो भजन पाटी छ । त्यो टोलमा राति ११ बजेसम्म भजन गर्ने चलन थियो । हाल त्यो पाटी जीर्ण भएकाले पक्की दुईतले भजनघर बनाइएको छ । त्यस्तै लिखानारायण मन्दिरमा भजनघरसमेत बनेका छन् । माता पाथीभरा वैष्णवीदेवी स्थानमा भजनघरलगायत विश्रामघरको समेत व्यवस्था छ ।

## कृयापुत्री घर र पाटी :

गुण्डूभरिमा कृयापुत्री घर साविक वडा नं. ५ मन्थलीमा बनेको छ र यो व्यवस्थित छ । अन्त पाँचवटाजति पाटी स्तरमा छन् । यो मानिसको बिदावारी हुने अन्तिम घर व्यवस्थित भइदिए राम्रो हो ।

## स्वास्थ्य चौकी :

गुण्डूको माथिल्लो तिथलीमा रहेको एक मात्र स्वास्थ्य चौकी उच्च कोटीको मानिएको छ । उपचारका लागि त्यो स्वास्थ्य चौकीमा गुण्डूबाहेक वरपरका बिरामीहरू पनि आउने गरेको पाइन्छ । त्यहाँ ल्याबको पनि व्यवस्था गरिएको छ । स्वास्थ्य चौकीबाट जनताले राम्रो उपचार पाएका छन् ।

## धिमे र बाँसुरी :

नेवारहरूको चाडपर्व बचाएर राख्ने काम धिमे र बाँसुरी बाजाले गर्दछ । यो उनीहरूको परापूर्व कालदेखिको संस्कृति र मौलिक पहिचान हो । गुण्डूको नेवार बस्तीमा यो पक्ष एकदम कमजोर थियो । हाल आएर माथ्लो तिथलीमा धिमे र बाँसुरीहरूको खोजी गरेर सिके अनि बजाउन थालेका छन् । यो रमाइलो पक्षले सबै जातजातिलाई आनन्द दिएको छ । यसबाहेक तल्लो किवाचोक डोकाथलीमाथि फाँजुटोलमा पनि धिमे र बाँसुरी केही पहिलेदेखि नै बजाउने गरेका छन् ।

जस्तै नयाँ वर्षको सुरुवात हुँदैछ भने त्यही पर्वका लागि केही अघिदेखि नै आफ्नो बाजागाजालाई दुरुस्त पार्ने काममा लागेका हुन्छन् । यसबाहेक अरू चाडपर्वमा पनि यसै गरी बाजा घन्किन थाल्दछ । अनि सबैले आनन्द लिएका हुन्छन् । जिन्दगीमा किसानहरूले गर्ने रमाइलो भनेको यही हो । यसले हामी सबैलाई रमाइलो दिन्छ ।

## सार्वजनिक शौचालय :

नगरपालिका लागू भए पनि गुण्डूलाई हेर्दा गाउँकै भान झल्कने गर्छ । त्यस्तो ठाउँमा पनि सार्वजनिक शौचालयको परिकल्पना त हुन्छ नै, त्यसलाई धेरै परको सोचाइ मान्न सकिन्न । त्यो सोचाइ आफ्नै ठाउँमा छ । उता घ्याम्पेडाँडामा भने एउटा भए पनि व्यवस्थित सार्वजनिक शौचालय प्रयोग गर्न पाइन्छ । अहिलेलाई यो शौचालय गुण्डूमा उदाहरण नै बनेको छ ।

घ्याम्पेडाँडामा अहिले मानिसहरूको चहलपहल र चाप बढेको छ । त्यहाँ गएर आनन्द लिन चाहने मानिसहरू दृश्यावलोकनका लागि जाने गर्छन् । घ्याम्पेडाँडाको विकसित परिवर्तनले गर्दा पनि त्यहाँ सार्वजनिक शौचालयको आवश्यकता पर्छ नै ।

## अहिलेको गुण्डू :

हाम्रा 'बा' को गुण्डूमा भक्तपुर जानुपर्‍यो भने गोरेटो बाटो र दुवैतिर नीलकाँडाका बारहरू थिए । अहिले सबै पीच भएका छन् । खानेपानीको समस्या छैन, घरघरमै धारा छन् । टुकी बत्ती होइन, बिजुलीको उज्यालो छ । मानिस हँसिला, फूर्तिला र चमकदार छन् । अध्ययन-अध्यापनमा सबैका बालबच्चा विद्यालय गएको र आएको देख्दा बेग्लै आनन्दको अनुभूति हुन्छ । सानोतिनो रोग लाग्दैमा अस्पताल पुगेर उपचारमा सरिक भएका छन् । सबै हाँसीखुसी छन् । आफ्नो साधन हुनेहरू आधा घण्टामा काठमाडौं पुग्छन् । साधन नहुनेका लागि पनि ठिमी र भक्तपुरसम्म छुट्टाछुट्टै दुई ठाउँबाट

सार्वजनिक यातायात चलेका छन् । अहिलेको गुण्डू पहिलेको भन्दा रमाइलो छ ।

## होटल र जीपलाइन :

गुण्डू साविक ३ नं. वडामा एउटा स्तरीय होटल बन्दैछ । दक्षिण मोहडा भएर बनेको उक्त होटल तल र माथिबाट हेर्दा अति शोभायमान देखिन्छ । त्यस्तै जीपलाइन पनि सञ्चालनमा आएको छ । रानीकोट घुम्न जानेहरूका लागि पनि रानीकोटको टुप्पासम्मै राम्रा खालका रेष्टुराँ र खाजाघरहरू बनेका छन् । रानीकोटबाट पश्चिमतर्फ हेर्दा मनै रमाइलो हुन्छ, आनन्दको बयान गर्न सकिँदैन । रानीकोट जान गुण्डू साविक २ र ३ नं. वडाबाट पनि पुग्न सकिन्छ । त्यसबाहेक सूर्यविनायक मन्दिरको पूर्व हुँदै जङ्गलको बाटोबाट घ्याम्पेडाँडा हुँदै पनि जान सकिन्छ ।

## वनभोज स्थल :

वनभोज वनमा हुनुको छुट्टै मजा हुन्छ । गुण्डू साविक ५ नं. वडामा रहेको लीखानारायणको काखमा सधैँजसो वनभोजको कार्यक्रम भइरहेको हुन्छ । उपत्यकाभित्रका मात्र होइन, बनेपा र धुलिखेलदेखिका विद्यालयहरूले विद्यार्थीहरूलाई वनभोजका लागि ल्याउने गरेका छन् । वनभोजका लागि अति रमणीय बन्दै आएको त्यस क्षेत्रले पनि छुट्टै प्रकारको भूमिका निर्वाह गरेको पाइन्छ । सूर्यविनायक जङ्गलको काख हरियालीले भरिपूर्ण र सुरक्षित पनि छ ।

## आफैँले खाने पानीको पनि विरोध :

गाउँमा खानेपानीको समस्या थियो । कतैबाट पानीको जोहो गर्ने सोचविचार भइरहेको थियो । यत्तिकैमा गाउँका चार-पाँचजना दाजुभाइलाई लिएर ‘बा’ साविक गुण्डू वडा नं. १ मा जानुभएछ । त्यहाँ भएको ढुङ्गेधाराको पानी ल्याउन सकिने अनुमान गर्नुभएछ । अहोरात्रै आइरहने पानीलाई अलि तल ट्याङ्की बनाएर ल्याउन सकिने

त्यहाँ गएका सबैले विचार गरेछन् । त्यो धाराको पानी जाने खोल्सो पूर्वतिर गुण्डू र खोल्सो पश्चिम दधिकोट पर्छ । तर धारो चाहिँ गुण्डूपट्टि नै थियो । यसरी त्यो पानी लगेर साविक वडा ४, ८ र ९ नं. मा सार्वजनिक धारा राखेर पानी खाने ठूलो कल्पना गरेर फर्केछन् ।

गएको टोलीका एकजना स्वनामधन्य व्यक्ति त्यही रात अर्को साथी लिएर राँको बाल्दै दधिकोट पुगेछ । त्यहाँ भैरव रिसाललाई भेटेर अब दधिकोटदेखि बालकोटसम्मको सिँचाई खत्तम हुने भो, तपाईंहरूको क्षेत्र मरुभूमि हुन्छ, तपाईंहरूको तिर आउने पानी हरिबहादुर थापाले धारा हाल्न लाने भो भनेर लगाउनसम्म कुरा लगाएछ । आखिर त्यो पानी लगेमा उसैले पनि खाने हो, तर भन्ने बेलामा मेरा बाको नाममा धुप हाल्न गएछ ।

भोलिपल्ट भैरव रिसाल बालकोटदेखिका मान्छेलाई लर्को लगाएर झगडा गर्न त्यही धारोमा पुगे । बा पनि गाउँका साथीहरूसँग त्यहीँ नै हुनुहुन्थ्यो । त्यसरी झगडा गर्न आउलान् भन्ने कसैले पनि सोचेका थिएनन् ।

आएर ती गाम्चा, बालकोटका मानिसले हेरेर भने – "पानी नै छैन । केही तल खोल्सामा निस्केको पानी खान लान्छन् भने के फरक पर्‍यो र !" त्यसो भन्दै उनीहरू फर्के ।

मानवता भनेको यो हो । कुरा लगाउन जानेले उचालेपछि उनीहरू आउनु स्वाभाविकै हो । आखिर त्यहाँ आएका लगभग डेढ सयजति मानिसहरू ती कुरौटेलाई नै गाली गर्दै फर्के । अन्तमा त्यो पानी ल्याएनन् । धेरै पछि साविक वडा नं. ७ का दाजुभाइले लगेर खाए ।

यसरी 'बा' को रिस गर्ने मान्छे पनि थिए । आफैँले खाने पानीमा समेत 'बा' लाई अचानो बनाउन हिँड्ने बेवकुफको हो भन्ने कुरा पछि पत्ता लाग्यो । समाजमा अनैतिक काम गरेबापत सबैको गोडा ढोगेर हिँड्ने व्यक्ति रहेछ । अर्को व्यक्ति भैरव रिसालकोमा भाँडा माझ्ने मान्छे रहेछ ।

अर्को रमाइलो पक्ष पनि छ । ती दुईजनामध्येका एकजनाले गाउँकी एउटी महिलासँग फुर्ति लगाउँदै भनेछ – “यो गाउँमा मैले कम्युनिष्टको बिउ ल्याएर छर्देको, अहिले सबै वडा ढाकिएको छ ।” यस्ता उल्लुहरू पनि गाउँमा नभएका होइनन् । गाउँमा परिआउँदा नबोल्ने, सोझोजस्तो भएर बस्ने अनि भित्रभित्रै अरूको कुरा काट्दै हिँड्ने मानिसको खाँचो गुण्डूमा छैन ।

## अस्थायी प्रहरी पोष्ट :

समय खराब हुँदै आयो । ‘बा’ का पालामा जत्तिको पनि समयले आफ्नोपन देखाउन सकेन । सुविधा बढेका छन् । त्यसका साथसाथै समाजलाई प्रदूषित गर्ने तत्त्वको पनि विकास हुन थाल्यो । चोरीचकारी बढ्न थाल्यो । झैझगडा बढ्न थाले । मादक पदार्थको सेवन बढ्यो । यसको पहिलो समाधान भनेको प्रहरी हो । त्यसैकारण गुण्डूमा अस्थायी प्रहरी पोष्ट र अस्थायी ट्राफिक प्रहरी पोष्ट एक-एकवटा राखिएका छन् । यिनले वडामा आइपरेका समस्याहरू समाधान गर्ने गरेका छन् ।

## ‘बा’ को विद्यालय :

घर नजिक विष्णु प्राथमिक विद्यालय थियो । त्यो विद्यालयमा २०४४ सालतिर ‘बा’ सञ्चालक समितिको अध्यक्ष हुनुभएछ । लगभग विद्यार्थी शून्यजस्तै हुन लागेको अवस्थामा मेरा ‘बा’ अध्यक्ष हुनुभएको हो । आखिर ‘बा’ अध्यक्ष भएपछि विद्यालयको स्तरोन्नति पनि भएछ ।

बिहान खाना खाएपछि शिक्षक आउनुभन्दा पहिले नै ‘बा’ विद्यालयमा गएर बसिसक्नुहुन्थ्यो । अनि त शिक्षकहरूले पनि समयमै आउनुपर्‍यो । दिनभर विद्यालय नछाडीकन विद्यालयमै बसेपछि शिक्षकले अध्यापनमा पनि गडबडी गर्न पाएनन् ।

एवं रीतले ‘बा’ को दिनचर्या विद्यालयमै बित्न थालेपछि विद्यार्थीहरू विद्यालयले थाम्न गाह्रो पर्ने गरी वृद्धि हुन थाल्यो ।

एकदेखि सात कक्षासम्म अध्ययन गर्ने विद्यार्थी तीन सयभन्दा बढी पुगे । जिल्लास्तरीय जाँचमा पनि 'बा' को विद्यालय नै पहिलो भएको थियो ।

यसरी पठनपाठनमा लाग्ने लगाइने काम हुँदा सबै हाँसीखुसी थिए । आफूले पढाएका विद्यार्थीले जिल्लामै पहिलो रेकर्ड राखेकोमा कुन शिक्षक खुसी नहोस् ! यति मात्र होइन, 'बा' विद्यालयमा बसेकोमा पनि सबै शिक्षक हाँसीखुसी नै थिए । सबै शिक्षकहरूलाई रिझाएर अध्यापनमा लगाउन सक्ने खुबी 'बा' मा थियो । शिक्षकहरू पनि 'बा' भएपछि ढुक्क हुन्थे । यसरी सामुदायिक विद्यालय चल्नु चलाइनु भनेको नमूना नै मान्न सकिन्छ ।

'बा' दुईपटकसम्म लगातार अध्यक्ष हुनुभयो । विद्यार्थीहरू कुनै बोर्डिङ स्कुलका भन्दा कम थिएनन् । अङ्ग्रेजी माध्यमबाट पनि पढाइ सुरु भएको थियो ।

'बा' को दुवैपटकको अध्यक्षता यसै गरी बित्यो । विद्यार्थीको चाप त्यति नै थियो । तर किन हो 'बा' ले तेस्रोपटक अध्यक्ष बन्न चाहनुभएन र अरू नै अध्यक्ष बने ।

## 'बा' ले निर्माण गरेको मन्दिर :

एक दिन शिक्षकहरू सबै भएका बखत विद्यालय परिसरमा एउटा मन्दिर बनाउन पाए हुन्थ्यो भनेर 'बा' ले भन्नुभएछ । त्यसपछि सबै शिक्षकहरूले सहमति जनाएछन् र मन्दिर बनाउने निधो गरेछन् । 'बा' को विचारमा सबैको सहभागिता भयो भने राम्रो हुन्छ भन्ने रहेछ । शिक्षकहरूले पनि लगानी गर्ने इच्छा राख्दा 'बा' खुशी हुनुभएछ । त्यसपछि शिक्षकहरू मूर्ति बनाउनतिर लागेछन् ।

'बा' लाई महामाया भगवतीको मूर्ति स्थापना गर्ने मन भएछ । त्यही अनुसार मूर्ति, घण्टा सबै जुटाएर मन्दिर बनाउनुभयो । यसरी विद्यालय परिसरमा सरस्वती र महामाया भगवतीको मन्दिर बन्यो । गाउँको माझमा भएको एक मात्र मन्दिरमा भगवतीप्रति सबैको आस्था र विश्वास कमी भएन ।

पछि मसँग एकजना शिक्षकले मन्दिर साविक ठाउँबाट हटाएर अन्तै राख्ने हो कि भनेर कुरा राखे । मैले 'मन्दिर सार्न र हटाउन मिल्दैन, मिल्ने भए नाम चलेका मन्दिरहरू त्यहाँबाट उखेलेर आफूलाई पायक परेको ठाउँमा राख्न हुन्थ्यो' भनें । त्यहाँ भएको मन्दिर सार्न सबैलाई हतार हुन थाल्यो । सार्न हुन्न भन्नेमा म एकजना मात्र हुन पुगेपछि मैले वास्ता गर्न छाडिदिएँ ।

त्यसपछि त मन्दिर उखेलेर २ वर्षसम्म घरघरमा पनि लगेर राखे । ल्याएर फेरि विद्यालय परिसरमै राख्न थाले । के-के गरे-गरे । 'बा' को एउटा कीर्तिलाई पनि कहिले कता कहिले कता गरेका छन् । यो राम्रो कुरा होइन ।

## रानीकोट क्षेत्र :

पहिलेका राजा-महाराजाहरूले राज्य चलाउनका लागि यसरी 'कोट' हरू स्थापना गरेका हुन्थे । उति बेला जतातत्तै बाटो हुने थिएन । घना जङ्गलका बीच र कतै-कतै जङ्गलको कछाडतिर बाटो बनाएर हिँड्थे । बाटो गोरेटै हो, तर पनि त्यो बाटो छाडेर अर्को बाटो जाऊँ भन्न मिल्दैनथ्यो ।

घरबाट सहरबजार जाने-आउने बाटो एउटै भएपछि त्यो बाटोबाट कुनै नौला मान्छे आउन थाले भने के गर्ने ? राज्यलाई हान्ने शत्रुहरू आउन सक्छन् । त्यसै भएर त्यस्ता बाटाका गल्ली-गौँडामा कोट स्थापना गरेर राजा-महाराजाहरूले मान्छे आए भने खोजखबर गर्दा ठीक लागेमा छाड्ने ठीक नलागे राजालाई सोध्न मान्छे पठाउने कि त्यहीँ नै रोकेर राख्ने, ती कामहरू कोटका मान्छेले गर्नुपर्थ्यो ।

अहिलेको हिसाबमा भन्ने हो भने कोट भनेको प्रहरी चौकीजस्तै हो । प्रहरी चौकी प्रत्येक गाउँमा छन् । उनीहरूले गाउँको र राज्यको सुरक्षा गरेका हुन्छन् ।

'कोट' ले राज्यको सुरक्षा गरेको हुन्छ । 'कोट' को स्थापना यत्तिका लागि गर्ने हो । उपत्यकाबाहिर 'कोट' त्यति धेरै छैनन् ।

उपत्यकामा चाहिँ नजिक-नजिक कोटहरू स्थापना गरेको पाइन्छ । कोट सकेसम्म एक ठाउँबाट अर्को ठाउँमा नजिक स्थापना गर्नुको कारण भने सम्पर्क गर्न छिटो होस् भन्नाका लागि हो भन्ने बुझिन्छ ।

हामी गुण्डूमा रहेको रानीकोटको चर्चा गर्न लागेका छौँ । रानीकोट कसरी भयो ? पहिले यो जान्नु आवश्यक छ । उपत्यकाका कोटहरूमध्ये रानीकोट र नगरकोट पहाडको टुप्पामा रहेका कोट हुन् । अझ नगरकोटबाट उत्तर-पूर्व रहेका केही ठाउँहरू मात्र देखिन्छन् र पश्चिमतिरको शहर पूरा देखिँदैन । तर रानीकोटबाट पूर्व कम देखिने र पश्चिमका शहरहरू प्रायः सबै देखिन्छन् ।

उति बेलाका राजारानीहरूलाई नगरकोटभन्दा पनि रानीकोट ज्यादै मन पर्ने थलो रहेछ । त्यसैले उति बेलाका राजारानी रानीकोट आएर बस्ने, त्यहाँ वरपर सबै घुमघाम गर्ने, आनन्द लिने र फेरि दरबार फर्कने अनि फेरि आउने, त्यसै गरी बस्ने, आराम गर्ने गर्दा रहेछन् । यो रानीकोट त्यस्तै राजथलो रहेछ ।

राजारानीहरू आएर आराम गर्ने कोट भएको हुँदा त्यसलाई रानीकोट भन्न थालिएछ । यसरी रानीकोट बनेको किम्वदन्ती छ ।

अहिले रानीकोट वरपरसम्म त्यति बेलाका इँटाढुङ्गाहरू पुरिएर थुम्को बनेका छन् । त्यहाँका भग्नावशेषहरू अलिक खोतलिएमा पूरै देख्न सकिन्छ । यति बेला भने रानीकोटको त्यस थलोलाई करिब ७ वर्षपहिलेदेखि पुरातत्त्व विभागले उत्खनन गरेर अध्ययन गर्दैछ । अहिलेसम्म ओझेलमा रहेको रानीकोटका बारेमा राम्रो जानकारी अब पुरातत्त्व विभागको अनुसन्धानले बताउनेछ ।

त्यति बेलाका राजारानीहरूलाई 'रानीकोट' नै किन मन पऱ्यो होला त ? यो पनि जान्नुपर्ने विषय हो । उति बेला राजसी ऐश-आरामले मात्र उनीहरूलाई पुगेन होला । यस्तो मनमोहक दृश्यावलोकन हुन सक्ने र हावापानी त्यस्तै राम्रो भएको ठाउँ कहाँ-कहाँ छन् भन्ने खोजी भयो होला । त्यसबाट रानीकोट सबै कुरामा राम्रो ठहर भएर राजारानीहरूको दरबारपछिको दोस्रो ऐशआराम गर्ने थलो बनेको हुन सक्छ ।

हामीले अनुमान र किम्वदन्तीका कुराहरू मात्र गर्ने हो । हुन त किम्वदन्ती पनि बलियो पकड लिएर बसेको हुन्छ । त्यसै किम्वदन्ती बनेको हुँदैन । कति-कति पुस्ता पहिलेदेखि आफ्ना छोरानातिलाई भन्दै आएका कुराहरू नै किम्वदन्ती हुन् । प्रमाण केही नभएका तर पुस्तैनी भनाइबाट एक पुस्ताबाट अर्को पुस्तामा र त्यस पुस्ताबाट फेरि अर्को पुस्तामा आएका कुराहरू किम्वदन्ती हुन् । त्यसैले किम्वदन्तीलाई अनावश्यक भनेर सोच्न र भन्न मिल्दैन ।

## तिथलीको नामकरण :

तिथलीको नामकरण कसरी भयो ? यो विषयले पनि रानीकोटका बारेमा गरिने चर्चालाई बलियो बनाउन सक्छ ।

रानीकोटमा जाने राजारानीहरू एक क्षण बसेर फर्कने गर्दैनथे । केही दिन त्यहाँ आराम गरेर बस्थे । त्यसरी बस्नका लागि खानपिनका सामान लग्ने भरियाहरू त्यति नै हुन्थे । रानीलाई बोक्ने पाल्की हुन्थे । राजाका घोडा हुन्थे होलान् । त्यस्तै, सबैलाई आवश्यक पर्ने खाद्यान्नहरू बोक्ने भरियाको लर्कन पनि लामै हुन्थ्यो होला । रानीकोटबाट पश्चिम ओरालो लाग्दा दुई-तीन कोससम्म नै घना वनजङ्गल थियो होला ।

त्यसरी सामान बोकेका त्यतिखेरका भरियालाई भोक लागेछ । सामान बोक्दै आउँदा भोक लाग्यो, स्वाभाविकै हो । अनि त उनीहरूले 'खाजा खाऊँ न' भनेछन् । ती भरियाहरूको पनि नाइके होला, उसले भनेछ – 'तीँ थलीमा गएर खाउँला ।' त्यसपछि त्यो थलीको नाम 'तीँथली' हुँदै तिथली भएछ । अहिलेसम्म हामी 'तिथली' भन्दै आएका छौँ । हेर्दा थली परेको ठाउँ, त्यो पनि रमाइलो थियो होला, त्यसैले खाजा खाने थलो बनाएको रहेछ । यसरी 'तिथली' बनेको भन्ने भनाइ आउँछ ।

रानीकोट वरपरका कतिपय ठाउँहरूका नाउँ पनि यसै गरी केही न केही संयोग अथवा व्यवहारले बन्न गएका हुन सक्तछन् । हामीलाई न्वारनमा नाम राख्ने व्यक्ति परमधाम गइसक्नुभयो । हाम्रा

छोरानातिले त्यही नामबाट जलदान गर्ने कार्यक्रम गरेका हुन्छन् । हामीले पनि त्यसै गर्दै आएका हौँ । त्यसलाई किम्वदन्ती भन्ने कि के भन्ने ? त्यस्तै हो किम्वदन्ती भनेको ।

## रानीकोटका बाटाहरू :

रानीकोटको कुरा गर्दा त्यहाँ भएका बाटाघाटा कहाँसम्म जान मिल्ने छन् भन्ने कुरा पनि जान्नुपर्छ । रानीकोट कुनै एउटा डाँडाको टुप्पो मात्र हो भनेर परिचय दिनु भूल हुनेछ । रानीकोटका अनेकौँ विशेषतामध्ये बाटो एक हो । त्यो थाहा पाए राम्रो हुन्छ । रानीकोटको पश्चिम क्षेत्रबाट र भक्तपुरको दक्षिणतर्फबाट रानीकोट पुगेपछि त्यसको पनि दक्षिणतर्फ लाग्दै जाँदा बेबर कुशादेवी पुगिन्छ । कुशादेवीबाट पूर्व पनौती र पश्चिम लुभू ललितपुर पुगिन्छ । यो उति बेलाको बाटो यसै गरेर बनेको रहेछ । कुशादेवीबाट पनि दक्षिण लाग्ने हो भने चारकोसे झाडी भित्री मधेस पुगिन्छ । त्यस्तै रानीकोट पुग्नलाई ठिमीबाट पूर्व हुँदै जाँदा तिथली, डोकाथली हुँदै पुगिन्छ भने भक्तपुरबाट दक्षिण लाग्दा पुगिन्छ । रानीकोटको पूर्व दुम्जासम्म जाने बाटो छ । यसरी रानीकोटमा कोट बनाउनुको उद्देश्य यही नाकाको कारणले हो भन्न सकिन्छ ।

रानीकोट वरपर कस्ता-कस्ता थुम्का र जङ्गलहरू छन्, त्यो पनि जानिराखे काम लाग्छ । रानीकोटबाट अलि उत्तरतर्फ केही ओरालो लाग्यो भने हामी घ्याम्पेडाँडामा पुग्छौँ । अहिले त्यहाँबाट दृश्यावलोकन गर्ने हो भने लगभग उपत्यका सबै देखिन्छ । दक्षिण भेगको केही भाग लाँकुरीभञ्ज्याङले छेक्छ, नत्र उपत्यका सबै देखिन्थ्यो । अति रमाइलो र आनन्द लिन सकिने ठाउँ हो त्यो घ्याम्पेडाँडा ।

रानीकोटबाट दक्षिण लाग्दै जाँदा अलि पर पुगेपछि पूर्वमा पनौती र पश्चिममा लुभू जाने बाटो भेटिन्छ । त्यो बाटोबाट लुभूतिर लागेपछि नजिकै दायाँतर्फ लाँकुरीभञ्ज्याङको थुम्कोमा जाने बाटो भेटिन्छ । त्यहाँबाट उपत्यका पूरै देखिन्छ । नगरकोटभन्दा पनि

लाँकुरीभञ्ज्याङको उचाइ बढी हो जस्तो भान पर्छ । त्यहाँ अति महँगो 'टेरेस्ट रिसोर्ट' पनि छ । यस्तो रमाइलो र आनन्द लिन सक्ने कैयौँ साना-साना थुम्काको त झन् यहाँ वर्णन गरिएकै छैन ।

रानीकोटबाट पूरै दक्षिण हुँदै जाने हो भने फूलचोकी पुगिन्छ । फूलचोकीको त वर्णन गर्नैपर्दैन । त्यहाँबाट उपत्यका मात्र होइन, तराईका कतिपय जिल्लाहरू पनि देखिन्छ । तुवाँलो नलागेको अवस्था हुनुपर्छ, फूलचोकीबाट उपत्यका र तराईका धेरै जिल्लाहरू देखिन्छन् । यस्तो आनन्द दिने वनजङ्गल र थुम्काहरूले शोभायमान् बनेको छ उपत्यका ।

यसरी गुण्डूको शीर्षभागमा रहेको रानीकोटको पश्चिममा दधिकोट, त्यसको दक्षिणी भेगमा ज्यामिरकोट, दधिकोटको पश्चिममा बालकोट, यसको उत्तरपूर्वमा दुवाकोट, यसको पूर्वमा कोल्पाकोट र अझै पूर्वतिर नगरकोट स्थापित छन् । उपत्यकाभित्रका यी कोटहरू तीन किलोमिटर लगभगमा रहेका छन् । काठमाडौँ पश्चिममा थानकोट प्रमुख नाका भयो । अनि रामकोटबाहेक अरू त्यस्ता कोटहरू भएको थाहा भएन ।

काठमाडौँपूर्व मात्र यस्ता कोटहरू धेरै स्थापित गरेका कारण यो क्षेत्र राज्यका लागि केही सशङ्कित क्षेत्र रहेछ कि भन्ने अनुमान लगाउन सकिन्छ ।

रानीकोट कहिलेदेखि रानीकोट बन्यो होला भन्ने विषय हाम्रो बहसमा छैन । किराँतकालीन होला, लिच्छविकालीन होला, त्यति नभए पनि मल्लकालीन अवस्थाको होला भनिन्छ । हामीले भन्ने यत्ति हो । किनभने हामी विज्ञ होइनौँ । त्यसकारण त्यहाँको भग्नावशेष हेर्ने पुरातत्त्व विभागले त्यहाँ भेटिएका प्रमाणहरूबाट रानीकोटको समय निर्धारण गर्ला । हामी त्यसैमा विश्वस्त छौँ ।

## सूर्यविनायक जङ्गल :

सूर्यविनायक जङ्गललाई उपत्यकाभित्रको आयुर्वेदिक जङ्गल माने हुन्छ । हामीले देख्दा त्यहाँ सबै रूखपात मात्र देख्छौँ । त्यसो होइन ।

त्यसलाई विभिन्न प्रकारका जडिबुटीहरूको भण्डार भने हुन्छ । जडिबुटीहरू चिन्न नसकेर त्यहाँ त्यत्तिकै सडेर गएका छन् ।

एकपटक योगी नरहरिनाथ सूर्यविनायक जङ्गलमा घुम्न आउने कार्यक्रम रहेछ । घुम्दै जाँदा उनले देखाएका वनस्पतिहरू र यो-यो रोगका लागि यसले निदान गर्छ भनेर चिनाएका झारपातहरू हेर्दा त्यो जङ्गलमा सबै औषधि मात्र भएको थाहा भयो ।

घुम्दै जाँदा त्यहाँ उम्रेका च्याउहरू हामीले छुन पनि डर लाग्छ, तर योगी महाराजले त्यो च्याउको ठूलो प्रशंसा गर्दै भुइँबाट टिपेर सबैलाई बाँडे अनि आफूले पनि खाए । त्यो देख्दा हामी अचम्मै पर्‍यौं । हामीले विषादीको दर्जामा राखेको च्याउले ठूलो औषधिको काम गर्ने उनले बताएका थिए । यसरी यी-यी जडिबुटीहरू हुन् भनेर हामीले थाहा नपाउँदा सूर्यविनायकको जङ्गलबाट केही उपलब्धि हासिल गर्न सकेका छैनौँ । त्यहाँका जडिबुटीयुक्त वनस्पति चिनेर प्रशोधन गर्न सके कति धेरै फाइदा हुन्थ्यो होला !

सूर्यविनायक जङ्गलका बारेमा एउटा किम्वदन्ती पनि छ । उति बेला त्रेतायुगमा राम-रावणको युद्ध हुँदा लक्ष्मण बेहोस भएपछि हनुमान सञ्जीवनी बुटी लिन द्रोणाचल पर्वततिर लागे । उनले सञ्जीवनी बुटी चिन्न नसक्दा पहाडै बोकेर ल्याए । आउँदै गर्दा सूर्यविनायकमाथि आइपुगेपछि हनुमानलाई पानी खाने तिर्खा लागेछ । अनि आफूले ल्याएको पर्वत सूर्यविनायक भूभागमा राखेर पानी खान गएछन् । उनले पानी खाएको ठाउँलाई अहिले हनुमानघाट भनिन्छ । यसरी पानी खाएर फर्केपछि आफूले ल्याएको पर्वत बोके उनी गए । हनुमानले सूर्यविनायकमा राखेको पर्वत बोक्दा केही धूलो खसेछ र त्यसैबाट सूर्यविनायक जङ्गल बनेछ । त्यो जङ्गलमा जडिबुटीहरू हुनुको कारण यो पनि हुन सक्ने विश्वास छ ।

त्यस्तै अर्को किम्वदन्ती पनि रहेको पाइन्छ । जङ्गलको वरपर काखमा किसानले खेती गरेका छन् । किसानले खेतमा काम गर्दा खाजा खाने बेलामा त्यही जङ्गलबाट पात टिपेर ल्याउने र खाजाको सामान भाग लगाएर खाने चलन छ । त्यसै क्रममा एकपटक

किसानले टिपेर ल्याएको पातमा सिद्राको परिकार भाग हाल्दा सिद्रा माछा बनेर ऊफ्रन थाल्यो भन्ने छ । पछि पात टिपेको रूख खोज्दा त्यो रूख नभेटेको या रूख अलप भएको भन्ने गरिन्छ । सूर्यविनायक जङ्गलबारे यस्ता किम्वदन्ती छन् ।

अर्को पनि एउटा रमाइलो प्रसङ्ग छ । हाम्रा 'बा' का दौँतरीहरू काफल खान सूर्यविनायक जङ्गलमा गएछन् । छरिबरी हुँदै काफल खोज्दै हिँडेछन् । एकजनाले सुन्तलाको रूख भेटेछन् र पाकेको सुन्तला देखेछन् र टिपेर केही खाएछन् । अनि साथीहरूलाई बोलाएछन् । साथीहरू जम्मा हुँदासम्ममा सुन्तलाको बोट गायब भइसकेछ । एक क्षण पहिले खाएको सुन्तलाको बोक्रा भुइँमा थियो, बोटचाहिँ थिएन भन्ने कुरा सुन्नमा आउँथ्यो ।

●

# मेरा 'बा' को समयचक्र

**'बा' को जन्म :**

वि. सं. १९७४ मा मेरा 'बा' हरिबहादुर थापाको जन्म भएको हो । त्यति बेलाको ठेगाना १२ नं. तिथली र पछि गुण्डू पञ्चायत वडा नं. ८, त्यस्तै गुण्डू गाउँ विकास समिति वडा नं. ८ र हाल सूर्यविनायक नगरपालिका वडा नं. ७ तिथली भएको छ । हजुरबा प्रसादसिंह थापा र हजुरआमा ललितादेवीको सुपुत्रका रूपमा जन्मनुभएका मेरा 'बा' एक्लो छोरो हुनुहुन्थ्यो ।

मेरो 'बा' को शिक्षा साधारण नेपाली लेखपढ गर्न सक्नेसम्मको थियो । एक्लो छोरो भए पनि मेरा 'बा' घरमा दुःख दिने, बरालिने स्वभावको नभएका कारण गाउँभरि नै आँखाको नानी नै बनेर रहेको मलाई अनुभव छ ।

जस्तो नाम त्यस्तै स्वभाव हुनुभएका मेरा 'बा' ले जवानीमा सेनाको राजदलमा जागिर खानुभएको रहेछ । कालान्तरमा पेन्सन हुन केही महिना बाँकी छँदा नै उहाँले जागिरबाट राजिनामा दिनुभएछ । क्रमानुसार आफूले पाउनुपर्ने पदोन्नति (प्रमोसन) भनसुनका कारण अर्कैले पाएपछि राजिनामा दिएको भन्नुहुन्थ्यो ।

जागिर छाडेर घर बस्दा पनि हजुरबाले उहाँलाई खेतीको काम गर्न लगाउनुभएन । खेतीमा साधारण रेखदेख गर्नेबाहेक अरू काम उहाँले गर्नुपर्ने थिएन । यस्तै पछिसम्म पनि बाको माया जस्तो गरेर उहाँले हामीलाई छाडेर जानुभयो ।

अति कोमल हृदय, सरल र सोझो प्रवृत्तिका मेरा 'बा' ले गाउँमा कुनै ठाउँमा पनि कसैसँग झैझगडा गरेको र नबोलेको भन्ने थाहा भएन । त्यसैकारण होला, गाउँमा मात्र होइन, ओल्लापल्ला गाउँमा समेत झगडा परेको थियो भने मेरा 'बा' गएर त्यो झगडा मिलाइदिनुहुन्थ्यो । 'बा' ले साधारण तरिकाले दुवै झगडियालाई सम्झाउँदा उनीहरू सम्झन्थे र मिल्थे । यसलाई मेरा 'बा' को कला

नै भन्दा फरक नपर्ला । त्यसै भएर होला, चिनजानमा रहेका गाउँघर वरपरका सबैले राम्रैसँग 'बा' लाई मान्थे ।

यसरी सबैको हाइहाइमै जीवन बिताएर २०५८ साल असार २७ गते ८४ वर्षको उमेरमा मेरा 'बा' यो संसारबाट बिदा हुनुभयो । उहाँको बिदाइ पनि अति सरल तरिकाले भयो ।

तमाखु उहाँको प्रिय थियो । त्यस दिन पनि तमाखु खाँदै भन्नुभयो – "लौ मलाई पुग्यो ।" अनि तत्क्षण जानुभयो ।

## 'बा' को भोगाइ :

समयचक्र अनुसार मेरा 'बा' ले मुलुक र समाजका बारेमा धेरै अनुभव गर्नुभयो । राजनीतिक दृष्टिबाट हेर्दा राणाहरूको हुकुमी शासन, २००७ सालको क्रान्ति र प्रजातन्त्र, २०१५ सालको आमचुनाव, त्यस्तै २०१७ सालको राजा महेन्द्रको 'कू' बाट जन्मेको पञ्चायत, २०२१ सालको भूमिसुधार, २०३६ सालको जनमतसङ्ग्रह, २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रका दिनहरू उहाँले प्रत्यक्ष भोग्नुभयो ।

राजाहरूका बारेमा भन्ने हो भने राणाशासनबाहेक राजा त्रिभुवनवीरविक्रम शाह, चारवर्षे राजा ज्ञानेन्द्रवीरविक्रम शाह, महेन्द्रवीरविक्रम शाह र वीरेन्द्रवीरविक्रम शाह अनि दरबार हत्याकाण्डपछिका ज्ञानेन्द्रवीरविक्रम शाह, यी राजाहरूका बारेमा राम्रै ज्ञान भयो । शाह राजाहरूलाई सम्बोधनमा श्री ५ भन्ने गरिन्थ्यो । मेरा 'बा' ले ५ राजाहरूको प्रत्यक्ष शासनकाल पार गरेर आउनुभएको थियो ।

हत्याहरूका बारेमा शहिद धर्मभक्त माथेमा, दशरथ चन्द, गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्रीको हत्या, राणाहरूको अत्याचारको चरमपनाका अलावा दरबार हत्याकाण्ड, मदन भण्डारी हत्याकाण्ड जस्ता जघन्य हत्याकाण्डहरू पनि मेरा 'बा' ले राम्रैसँग सुनाजानी गर्नुभयो । मानव जीवनमा यस्ता प्रत्यक्ष अनुभवहरू कमैले मात्र प्राप्त गर्न सक्छन्, जो मेरा 'बा' ले प्राप्त गर्नुभयो ।

## 'बा' घरमूली भएपछि :

मेरा हजुरबाका पाँचजना दाजुभाइ । पाँचजनामध्ये चारजनाबाट जायजन्म नभएका । मेरा 'बा' का 'बा' अथवा मेरा हजुरबाको मेरा 'बा' एक्ला छोरा हुनुहुन्थ्यो । मेरी हजुरआमाबाट 'बा' बाहेक दिदीबहिनीहरू पनि नजन्मेका । त्यसैले मेरा 'बा' लाई घरपरिवारबाट पनि माया ओइरिएको थियो ।

मेरा 'बा' बाट भने म जन्मेपछि मेरी बहिनी दुइटी जन्मिए – ठूली बहिनी सुमित्रा थापा र सानी बहिनी गायत्री थापा पौडेल ।

हजुरबाको शेषपछि सम्पूर्ण व्यवहार मेरा 'बा' को काँधमा आइपऱ्यो । तर पनि मेरा 'बा' ले अति सरल तरिकाले आफ्नो व्यवहार मिलाएको देखेर म अचम्मित हुन्छु । मेरा 'बा' अब एउटा छोरा मात्र नभएर आफ्नो पेशा, धर्मकर्म सबै सम्हाल्नुपर्ने अवस्थामा आइपुग्नुभयो । त्यसकारण उहाँ एउटा असल अभिभावक, कृषक अनि अरू व्यवहारमा कसरी लाग्नुभयो, यो पनि आफ्नै ठाउँमा छ ।

एउटा कृषकलाई खेतबारीका लागि मल चाहिन्छ । मल, पानी, बिउबिजन, खेतबारी, यति भएपछि सिजन अनुसारको बाली लगाउन सकिन्छ । त्यसैले मेरा घरमा गाई एक-दुईओटा हुन्थे । त्यसबाहेक भैँसी पनि दुईओटासम्म हुन्थे । यिनीहरूको मल खेतबारीमा हाल्ने अनि यिनले दिएको दूध केही खाने र बाँकी रहेको कुराउनी (खुवा) घोट्ने चलन बसालिएको थियो । यो खुवा कटुन्जेबाट घरमै लिन आउँथे । त्यसको बिक्रीले केही घरखर्च पनि टार्ने गरिएको थियो ।

कृषिसँगै सम्बन्धित 'बा' को यो अतिरिक्त सोचाइलाई हामीले मान्नुपर्ने हुन्छ । यसका लागि घरपरिवारको खटाइ कसैले नभने पनि निर्धारित हुन्थ्यो ।

गर्मी महिनामा घरमा बनाएको महीको अहिले सम्झना मात्र हुन्छ । उति बेलाको खटाइले व्यायामको काम गर्ने र शुद्ध खानपिनले अहिलेसम्म शरीरले काम गरेको छ भन्दा हुन्छ । त्यस बेलाका सबै खाद्यान्न अर्गानिक थिए । अहिले त पानी पनि अर्गानिक छैन । त्यसैले मानिस ज्याँदै रोगी बनेका छन् ।

'बा' र उहाँका भाइभतिजाहरू मिलेर बेलाबखत गाउँमा नाटक निकाल्ने पनि गर्थे । उति बेला मनोरञ्जनको केही साधन थिएन । कहिले हरिश्चन्द्रको नाटक हुन्थ्यो । कहिले शिशिर-वसन्त अनि कहिले त्यस्तै धार्मिक नाटक निकालेर ओल्लोपल्लो गाउँसम्म देखाउन लग्ने गर्थे । यसबाट के बुझिन्छ भने मानिसलाई खानपिनका साथै रामरमिता पनि आवश्यक हुँदो रहेछ । यो सबै गर्नका लागि बाद्यबादन हार्मोनियम, तबला आदि बाजागाजा सिकाउन मास्टर झिकाउने व्यवस्था पनि गर्दथे । यो तरिका केवल हाम्रो गाउँमा मात्र होइन, ओल्लोपल्लो गाउँमा पनि यस्ता नाटकको व्यवस्था गरेका हुन्थे । अनि कुन गाउँको नाटक राम्रो भयो भन्ने हल्लाखल्ला पनि चल्थ्यो ।

यसरी आफ्ना दिनचर्या हाँसीखुसी बिताउने गर्थे ।

## 'बा' को समाज :

कुनै व्यापारीले महँगो सामान बेच्यो भने पाँचजना साक्षी राखेर मुचुल्का उठाउनु र त्यो व्यापारीलाई ठाउँका ठाउँ काटिदिनु भन्ने हुकुमी शासनलाई मेरा 'बा' ले झन्डै ३२ वर्ष देख्नु-भोग्नुभयो । राणाकालको हुकुमी शासन भनेको यही हो । गाउँमा समेत ती राणाजस्तै भएर बस्ने एकाध व्यक्तिहरू प्रत्येक गाउँमा हुन्थे । उनीहरूका धाकधम्की र रवाफ लगभग राणा पाराकै हुन्थे । तिनका शोषणले गाउँवासीहरू आक्रान्त र भयभीत भएर रहनुपर्थ्यो ।

गाउँमा बस्ने किसानहरूको सम्पत्ति भनेको केही रोपनी जग्गा, त्यो पनि साहुको जग्गा हो । त्यो जग्गा पनि तिनै फटाहाहरूले जग्गाधनीसँग मिलेर हडप्ने गर्थे । यो तरिकाबाट गाउँका कतिपय किसानहरू मुग्लान पस्ने परम्परा बसिसकेको थियो । ती शोसकका विरुद्ध कोही पनि बोल्न सक्ने अवस्थामा थिएनन् । गाउँमा बस्ने हो भने तिनैका मर्जीमा बस्नुपर्ने हुन्थ्यो ।

यो तरिकाले जीवनयापन गर्नुपरेका कारणले गर्दा मुलुकमा एक प्रकारको शान्ति थियो । झैझगडा, मुद्दामामिला गर्ने पक्षमा निमुखा

जनता थिएनन् । काइते तरिकाले दुःख दिने ती फटाहाहरू मात्र थिए । त्यसैले जनता दुःखी तथा शासक वर्ग र तिनका मतियारहरू सुखी देखिन्थे ।

जनता जनता नभएर रैती थिए । यी रैतीहरू आपसमा मिलेर बस्नुको विकल्प थिएन । त्यसैले गर्दा मुलुक मुर्दाशान्तिको अवस्थामा रहेको थियो । वास्तवमा त्यसलाई शान्ति भनिदैन । त्यो त थिचोमिचो र हुकुमी डरले मानिसहरू बोल्न नसकेर शान्ति छाएको देखिएको मात्र थियो ।

मानिसमा शिक्षा थिएन, जनचेतना थिएन, रोगव्याधिको उपचार गर्ने क्षमता थिएन । उपचारका बारेमा त आयुर्वेदिक पद्धति नै प्रमुख थियो । मानिसहरू टोलाएका जस्ता देखिन्थे । निष्कपट, निश्छल, अति सोझा मानिसहरू हुन्थे । अहिलेका अफ्रिकन देशका आदिवासी जनताजस्तै उति बेलाका नेपालीहरू थिए भन्ने अनुमान गर्न सकिन्छ । यस्तो समाजमा रहेका मानिसले राज्यबाट पाउने भन्ने केही पनि थिएन ।

आपसको सहयोग, समझदारी, सद्भाव, सदाचार भने त्यति बेलाको समाजमा अति नै थियो भन्दा हुन्छ । जब राज्यबाट केही प्राप्त हुँदैन, तब मानिसले सबै कुरा समाजबाटै प्राप्त गर्नुपर्ने हुन्छ । यही तरिका त्यतिखेरको समाजमा लागू हुन्थ्यो । यस्ता कठिन जीवन बिताएर हाम्रा पुर्खाले थामेको थितिथलोलाई हामीले जथाभावी नगरौं, धेरै भन्दा धेरै माया गरौं ।

गाउँले समाज अझ बेग्लै हुन्थ्यो । कसैको घरमा विवाह, व्रतबन्ध र अन्य कार्यहरू गरिने भएमा गाउँभरिका मानिसहरूको सहयोग रहन्थ्यो । यसबाहेक दैनिकजसो खेतबारीमा काम गर्नुपर्दा पनि भारो-पर्म जस्ता सहयोगी हातहरू समाजमा फिँजिरहेका हुन्थे ।

यो परम्परा कुनै एक-दुई वर्षबाट सुरु भएको होइन । शदियौंदेखिको बाँच्ने र बचाउने पारिवारिक दृष्टिकोणले यो परम्परा भरिएको थियो । कसैलाई दुःख परेमा सबैको सहानुभूति र सहयोग प्रकट हुन थाल्थ्यो । यहाँ भारोपर्मको मात्र कुरो होइन, सरसापट र

ऐँचोपैँचोले अझ धेरै व्यावहारिक र आफन्तपनको सन्देश दिन्थ्यो । यो गरिबै भए पनि अति धनी संस्कार मान्नुपर्दछ ।

यसरी मिलेर बसेको गाउँको समाजमा छुल्याहा, छुस्कर भन्ने हुँदैनथे । मेलमिलापमा जोडिन सक्ने तर फुटेर समाजबाहेक हुने नीति त्यतिखेर थिएन । बाहिर जे-जस्तो स्वभाव देखिन्थ्यो, उसको भित्र पनि त्यही वास्तविकता हुन्थ्यो ।

यस्तो सरल स्वभावका बारेमा अनुमान गर्दा पनि कति आनन्द आउँछ, बयान गर्न सकिँदैन । यस्तो समाज अहिले ईर्ष्या, द्वेष र घमण्डले सजिएको छ । कसैलाई अप्ठेरो पर्‍यो भने हेर्ने कोही पनि हुँदैन । उति बेला मानिसले मर्नुपर्छ भन्थे, अहिले मर्नुपर्ने विषय कोही देख्दैनन् ।

## राणा र राजा :

त्यस्तो स्वर्गीय आनन्दमा रहेको समाजभित्र कस्तो राज्य थियो, त्यही हिसाबबाट अनुमान गर्‍यो भने मिल्दैन । छुट्टै प्रकारको समाजलाई छुट्टै प्रकारको राज्यले राज गरेको पाइन्छ । यसको ऐतिहासिक तथ्य यस्तो छ –

वि. सं. १९९७ कार्तिक २ गते दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई राणाले गोली हानेर मारे भने धर्मभक्त माथेमालाई सिफलमा र शुक्रराज शास्त्रीलाई पचलीमा झुन्ड्याएर मारे । अन्य नेताहरूलाई देशनिकाला र सर्वस्वसहित आजीवन कारावासको सजायमा जेल हाले । त्यतिखेर सहिद र तिनका समकक्षीहरूले राणाको अत्याचारलाई राम्रैसँग बुझेका थिए । गोली र फाँसीबाट हत्या गर्न थालेपछि अन्य जनतामा पनि चेतना जाग्न थाल्यो ।

राणाहरूको विचार जनतालाई त्रस्त राख्ने र राज गर्ने थियो । त्यसैले उनीहरू हत्या-हिंसालाई बढी प्रचार-प्रसार गर्थे । तर भइदियो उल्टो, जनता राणाका विरुद्ध जाग्न थाले । यो कुरा राणाहरूले थाहा पाएपछि उनीहरूमा ठूलो समस्या आइपर्‍यो । उनीहरू हतास भए । अझ मान्छे मार्नका लागि लिस्ट तयार पारेर आफ्नो सहीछाप

गराउन ठीक भएको खबर राजा त्रिभुवनले पाए । त्यो थाहा पाएर नै राजा त्रिभुवनले भारतीय दूतावासमा शरण लिन जानुपरेको भन्ने छ । राजा त्रिभुवनलाई पनि राणाहरूको हैकम बढ्न थालेको देखेर सङ्कट आइपरेको थियो । यो अत्याचारलाई कसरी निर्मूल गर्ने भन्ने कुरा जनतामा झन् ठूलो समस्या थियो ।

यसरी राणा, राजा र जनताबीचको त्रिपक्षीय समस्यालाई त्यति बेला मेरा 'बा' ले प्रष्ट देख्नुभएको थियो ।

राणाहरूले सयौँ वर्ष राज गरेर पनि नेपाली जनतालाई हात लिन भने सकेनन् । आफूभित्रको कचिङ्गल र कलङ्कले गर्दा उनीहरू सत्ता चलाउने अर्कै बाटो लिएर बसे । नत्र शाहवंशको हातबाट राजसंस्थालाई एकलौटी गर्न सक्ने मौका थियो । यसबाट उनीहरूले समयलाई बुझ्न नसकेको प्रष्ट हुन्छ ।

यति मात्र होइन, राणाहरूमा कानको मात्र शक्ति थियो । आँखाको भन्दा बढी कानको भर पर्दा अन्तमा हुने यही नै हो । आफ्ना भजनमण्डली र गुप्तचरहरूको भरमा राज्यसत्ता चल्दैन भन्ने प्रमाण पनि हो यो । समयले बिग्रने लक्षण देखाउन थालेपछि अनेकौँ मोडहरू आइपर्छन् । सही बाटोको मोड पत्ता लगाउन सकिएन भने गुप्तचर र भजनमण्डलीले कुनै काम गर्दैनन् । यो कुरो एक सय वर्षको राज मात्र होइन, शाहवंशकै राजले पनि पुष्टि गर्दै आएको छ । वंश नष्ट हुने अवस्थामा आइपुगेको शाह राजाको पनि त्यति बेलाका राणाकै जस्तो अवस्था थियो । राजसी सङ्कट यस्तै हुँदो रहेछ भन्ने देखियो ।

## राजा त्रिभुवन पनि पार्टी सदस्य :

जनतामा हुकुमी शासनको प्रत्यक्ष प्रभाव पर्न थाल्यो । उता शाह राजा पनि राणाहरूबाट छुटकारा पाउन जनताको सहयोगको अपेक्षा गर्दै थिए । भित्रभित्रै खुलेका पार्टी सङ्गठनमा राजा त्रिभुवनको राम्रै सहयोग र उपस्थिति थियो । परिआउँदा राणाका विरुद्ध सशस्त्र आन्दोलन गर्न तयार भएर हातहतियारको समेत जोहो गरिन

थालिएको थियो । राजा त्रिभुवनको साथ पाएपछि गोप्य रूपमा पार्टीहरू खुल्न थालेका थिए ।

जनता सङ्गठित हुने क्रममा काठमाडौँमा प्रचण्ड गोर्खा र नेपाल प्रजापरिषद् नामक पार्टी खुलेका थिए । नेपाल प्रजापरिषद्मा त राजा त्रिभुवन आफैँ सदस्यसमेत रहेको पाइयो । नेपाल प्रजापरिषद्भन्दा पछि बनारसमा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेसको गठन भयो । त्यस पार्टीको भेलाले नेपाली राष्ट्रिय काङ्ग्रेसको गठन गऱ्यो । उता कलकत्तामा नेपाल प्रजातन्त्र काङ्ग्रेसको गठन भयो । फेरि नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातन्त्र काङ्ग्रेस मिलेर २००६ सालमा नेपाली काङ्ग्रेस बन्यो । २००६ सालमै कम्युनिष्ट पार्टीको पनि जन्म भयो । यसको प्रधानता पुष्पलाल श्रेष्ठ र मनमोहन अधिकारीलाई दिइएको थियो ।

सुरुमा पार्टीका झलक यसरी देखापरे । पार्टी मात्र बनेनन्, तिनीहरूले गर्नुपर्ने कामहरू पनि अघि बढ्दै गएका थिए । यस कामका लागि आवश्यक सहयोग राजा त्रिभुवनबाट पनि हुने गरेको थियो । सशस्त्र आन्दोलन गर्नका लागि आवश्यक हतियार र गोलीगट्ठासमेत झिकाउने काममा राजा त्रिभुवनबाट पनि समर्थन प्राप्त भएको थियो । यो कुराको गाइँगुइँ हुन थालेपछि त्यतिखेरको राजनीतिक अवस्थाले अर्कै मोड लियो ।

२००७ साल कार्तिक २१ गते राजा त्रिभुवन नाति ज्ञानेन्द्रबाहेक सपरिवार भारतीय दूतावासमा शरण लिन पुगे । राणाहरूको दिमागमा गद्दी खाली भयो भन्ने भयो । भोलिपल्ट २२ गते नै ४ वर्षे बालक ज्ञानेन्द्रलाई राणाहरूले राजा घोषित गरे । राजा त्रिभुवन सपरिवार दूतावासबाट २६ गते दिल्ली गए । त्यहाँ पनि राणाका विरुद्ध सशस्त्र आन्दोलन गर्ने विषयमा छलफल हुन थाल्यो । यसैबीच राणाहरूले पनि दिल्लीमा सम्पर्क गर्न थाले र समस्या समाधान गर्ने पक्षमा वार्ता चल्न थाल्यो । राणा, राजा त्रिभुवन र नेपालका राजनीतिज्ञहरूका साथै भारतीय पक्ष बसेर विभिन्न निष्कर्ष निकाले । संविधानसभाले संविधान बनाउने, चुनाव

गर्ने, जनताको सरकार गठन गर्ने र पहिलो मन्त्रिपरिषद्मा प्रधानमन्त्री राणाबाट बनाइने जस्ता प्रावधानहरूमा त्रिपक्षीय सहमति गरेर राजा त्रिभुवन फागुन ७ गते नेपाल फिर्ता भए । यसैलाई नेपालको इतिहासले २००७ सालको क्रान्ति भन्ने गरेको छ ।

## राजा त्रिभुवनको कपट :

नेपालमा प्रजातन्त्रको प्रादुर्भाव यसरी भयो । राणाहरूको हातबाट सत्ता हत्याइयो । त्यसलाई नै प्रजातन्त्र भनेर भन्नुको अर्थ त्यहाँ राजा त्रिभुवनको भूमिका अरू देखिएन । राजा त्रिभुवनबाट जनताले प्रजातन्त्र पाउने या नपाउने धेरै परको कुरा थियो । तर पनि २००७ सालले प्रजातन्त्रको आभास दियो । नेपाल प्रजापरिषद् पार्टीको सदस्य बनेका त्रिभुवनले २००७ सालमा जनताको ठूलो साथ पाएका थिए । तर त्यो साथ त्यति बेलै सेलायो, जति बेला राणाबाट सत्ता फिर्ता भयो । यता जनताका उत्साह बेग्लै थिए । प्रजातन्त्र क्रान्तिबाट आयो भनेर जनताका नेताहरू ठूला-ठूला कुरा गर्थे ।

रहँदै-बस्दै जाँदा दिल्ली सम्झौताका कुरा जनताबाट बारम्बार हुने गर्थे । यता राणा बिस्तारै राजनीतिबाट पाखा लागे । उता जनताका हक-अधिकारको कुरा गर्नेहरू चाहिँ अराष्ट्रिय बन्न थाले । त्यति बेला राजा त्रिभुवनको कपट पनि पर्दाफास भयो । राणाबाट शाहमा सत्ता फिर्ता भएपछि दरबारभित्र षड्यन्त्रको खिचडी पाक्न थाल्यो । राणाको घेराबाट बल्लबल्ल बाहिर निस्केका राजा त्रिभुवन दरबारिया घेरामा फसे । त्यसैले जनतासँग कबुल गरेका कुराहरू पूरा हुन सकेनन् ।

जनताले त्यति बेला पो थाहा पाए प्रजातन्त्र त राजालाई मात्र ल्याइएको रहेछ । किनभने २००७ सालको प्रजातन्त्रले जनताको केही काम पनि गरेन । त्यसपछि जनताले आ-आफ्नो तरिकाले फेरि पार्टीहरू खोल्न थाले । यसरी धोकाधडीमा फसेका जनताले २००८ सालमा नेपाल राष्ट्रिय गोरखा परिषद् गठन गरे । नेपाल तराई काङ्ग्रेस पार्टी २०१० सालमा जन्म भयो । त्यस्तै राष्ट्रिय जनराज्य

परिषद् पनि गठन भयो । नेपाल राष्ट्रिय गोरखा परिषद्ले त आफ्नो घोषणापत्रमा ६० वर्ष नाघेका वृद्धवृद्धालाई भत्ता दिने कुरा पनि राखेको थियो ।

पार्टीहरू यसरी खोलिने र एक-आपसमा मिल्दै-फुट्दै गर्ने क्रम पनि देखापर्न थाले । यसमा दरबारिया घुसपैठको सम्भावना पनि त्यति नै थियो । अलि सशक्त भएर पार्टी अघि बढ्न लाग्यो भने त्यो पार्टीमा अनेकौँ लफडा आइलाग्थे ।

यही क्रमले जनताले करिब आठ वर्ष राजाका विरुद्धमा सङ्घर्ष गर्दै आए । यही आठ वर्षको अवधिभित्र राजा त्रिभुवनको स्वर्गारोहण भयो र राजा महेन्द्रको हातमा शासनसत्ता पुग्यो ।

यी घटनाहरूलाई प्रत्यक्ष देख्नेमा मेरा 'बा' पनि हुनुहुन्थ्यो ।

## राजा महेन्द्रको उदय :

राजा महेन्द्रको दैनिकी आद्योपान्त नै जनताको उद्धार कसरी हुन्छ र मुलुकमा कसरी विकास हुन्छ भन्ने पक्षमै भएको देखिन्छ । जतिसुकै विकास भए गरिए पनि उनले कहिल्यै जस पाएनन् । त्यसै भएर उनलाई अपजसी राजा भन्ने चलन पनि छ ।

राजा महेन्द्रले सर्वप्रथम राजनीतिक सुधारका लागि २०१५ सालमा आमचुनाव गराए । आमचुनावबाट आएका प्रतिनिधि मिलेर मन्त्रिपरिषद् गठन गरियो । करिब दुई वर्ष पनि राम्रोसँग जनताको प्रतिनिधिले सरकार चलाउन पाएन । २०१७ सालमा महेन्द्र राजाले 'कू' गरेर पञ्चायत व्यवस्था लागू गरे ।

राजाले भएका दलहरूलाई प्रतिबन्धित नगरी उनकै सरसल्लाहमा व्यवस्था परिवर्तन गर्न सक्थे । त्यसो गरेका भए उनले जनसहयोग यथेष्ट पाउँथे । अपजसी बन्ने बाटो बन्द हुन्थ्यो । भएका जनप्रतिनिधिहरूलाई कारावासमा पठाएपछि जति नै विकास गरे पनि जस नपाइने हुँदो रहेछ ।

राजा महेन्द्रले २०१९ सालमा संविधान ल्याए र २०२१ सालमा भूमिसुधार अभियान लागू गरे । गरिब किसानले दिनमा दुवै छाक

खान पाउने भए । मलखादको व्यवस्था गरिदिए । कृषि क्षेत्रमा एउटा ठूलै क्रान्ति आयो । यो क्रान्ति केवल गरिब किसानका लागि मात्र सफल थियो । लुच्चा-फटाहा, साहु-महाजनका लागि यो कदम अभिशाप नै थियो । यसकारण यसमा पनि उनले जस पाएनन् ।

राजा महेन्द्रले पूर्व-पश्चिम राजमार्ग बनाए । कतिपय देशसँग सहयोग मागेर उद्योगहरू खोली नेपाललाई औद्योगिक राष्ट्र बनाउन थाले । त्यसमा हजारौँ व्यक्तिहरूले रोजगारी पाए । त्यसअघि आम्दानीको स्रोत कतै केही थिएन । त्यस्तो बेलामा जनताले उद्योग-कलकारखानामा काम गरेर तनखा बुझ्ने भए । यो एउटा औद्योगिक क्रान्ति मात्र नभएर आर्थिक क्रान्ति पनि थियो भन्न मिल्छ ।

तर त्यसपछि नेपालमा अर्को क्रान्ति सुरु हुन लाग्यो । उद्योगमा काम गर्ने मजदुरहरूले 'उद्योग कसको ? मजदुरको' भन्न थाले । यो नारामा उनीहरू बोलेका थिइनन् । देशका कथित कम्युनिष्टहरूले गरिब जनतालाई उरालेर फेरि गरिबीमै ओराल्ने र आफ्नो राजनीतिक अभीष्ट पूरा गर्ने काम गर्न थालेका थिए । यो कुरा मजदुरहरूलाई थाहा थिएन । उद्योग नभए हाम्रो हातमा पैसा पर्दैन भन्ने ख्याल मजदुरहरूमा भएन । अरूको उक्साहटमा लागेर मजदुरहरू आफ्नो भविष्यमाथि लात हान्न थाले ।

उता राजा महेन्द्रले २०१५ सालको आमनिर्वाचनमा कुन पार्टीलाई जनताले पत्याएका छन् भन्ने हेर्नु पनि थियो । चुनावमा काङ्ग्रेस बलियो हुनु र राजाले रुचाएको कम्युनिष्टको हार हुनुले नै 'कू' को सम्भावना बढेको हो भनिएको छ । जे होस्, एकथरि जनताका प्रतिनिधिलाई जेल राखेर राज गर्नु त्यति सजिलो थिएन । यो उनको नचाहिने शूरोपन थियो । यति मात्र होइन, त्यस बखतका पार्टीका विरुद्ध नारा लगाउन र जुलुस निकाल्न लगाउनु पनि उनको अर्को भूल थियो ।

राजा महेन्द्र विदेश भ्रमणमा जाँदा त्यहाँ उच्च शिक्षा हासिल गर्न गएका नेपालका मेधावी विद्यार्थीहरूलाई भेटेर नेपाल फर्काउँथे । नेपालमा त्यति शिक्षित वर्ग थिएनन् । त्यसैले विदेश पुगेका नेपाली

विद्यार्थीहरूलाई आफ्नै खर्चमा नेपाल ल्याएर उनले यहाँको प्रशासन क्षेत्रमा काम गर्न लगाएका थिए । यसरी मुलुकमा देखापरेका समस्या समाधान गर्ने काममा राजा महेन्द्र लागेका थिए । त्यति बेला शून्यबाट सुरु भएको विकासले ठूलो फड्को मारेको थियो । भ्रष्टाचार र अनियमितताको कतै पनि गन्धसम्म पाइँदैनथ्यो । तर राज्यमा ठूला-ठूला विकास भए पनि स्थानीय स्तरमा भने सानातिना विकास पनि भएको पाइएन ।

## हरिप्रसादको उद्धार :

फेरि एकपटक २००६-०७ सालतिर नै फर्कौं ।

मेरा 'बा' ले जागिर छाडेर घर बस्न थालेपछि समाजलाई पढ्न थाल्नुभएछ । ओल्लापल्ला र तलमाथिका गाउँबस्तीतिर हिँडडुल गर्न थाल्नुभएछ । त्यति बेला 'बा' ले समाजमा दयनीय अवस्था मात्र देख्नुभएछ । मन छुने, दिल चस्काउने गरिब बालबालिकाहरूको अवस्था कति करुणादायी थियो, त्यो वर्णन गर्न नसकिने हुनुपर्छ । बिहानदेखि दिनभरि खेतीमा काम गर्थे, तर दुई छाक खानका लागि सधैँको धौधौ हुन्थ्यो । यस्तो अवस्था देखेर 'बा' कति दिक्क हुनुहुन्थ्यो होला, भन्न सकिँदैन ।

एकपटक मेरा 'बा' यस्तै गाउँघरको निरीक्षण गर्ने क्रममा गुण्डूको वाग्लेगाउँमा पुग्नुभएछ । त्यहाँ हरिप्रसाद वाग्ले (रघु वाग्लेका पिता) ले 'बा' लाई भेट्नुभएछ । उहाँले आफ्नो सबै दुखेसो मेरा 'बा' सँग पोख्नुभएछ ।

गाउँमा भएका केही फटाहाले वाग्ले बाको केही रोपनी जमिन हडपेर लिइसकेछन् । बाँकी खेत र घरबारीसमेत लिन जग्गाधनीलाई उठाएर मेरो जग्गा नकमाउनु भन्न लगाइसकेका रहेछन् । सबै जग्गाजमिन यसरी खोसेर लिएपछि भएका बालबच्चा भोकै मर्ने नै भए । यो समस्यामा वाग्ले बा पर्नुभएछ । अब मुग्लान जानुभन्दा दोस्रो विकल्प नदेखेर उहाँ मुग्लानको बाटो तय गर्न ठीक पर्नुभएको रहेछ ।

त्यति बेला उहाँले मेरा 'बा' लाई भेटेर सबै कुरा राखेपछि मेरा 'बा' ती फटाहा शोषकको घरमा जानुभएछ । त्यहाँ गएर उहाँले के भन्नुभयो, कसैलाई थाहा भएन । त्यसपछि वाग्ले बालाई उहाँले 'तपाईं नआत्तिनोस्, सबै ठीक हुन्छ' भन्नुभएछ र 'बा' घर आउनुभएछ । त्यसको भोलिपल्ट जग्गाधनी आएर वाग्ले बालाई 'जग्गा तिमी नै कमाऊ' भन्न थालेछ । उता लिइसकेको जग्गा पनि फिर्ता दिएछन् । त्यसपछि त हरिप्रसाद 'बा' को खुशी बयान गर्नै नसकिने भएछ ।

यो कुरा कथा होइन, मेरा 'बा' ले मलाई भन्नुभएको पनि होइन । २०५९ सालतिर म पनि वाग्लेगाउँको छेउछाउतिर पुगेछु । त्यति बेला तिनै वाग्ले गुरुबाले मेरो हातको पाखुरा च्याप्प समातेर 'बाबु हरिबहादुर थापाका छोरा होइनौ ?' भनेर सोध्नुभयो । मैले 'हो बा, किन र ?' भनेर सोधेँ । त्यसपछि माथि उल्लेख भएका उहाँलाई परेका कष्ट र मेरा 'बा' ले गर्नुभएको उद्धार सबै बताउनुभयो । म त अकमक्क परेर हेरिरहेँ । आफैँलाई अचम्म लाग्यो । उहाँले मलाई धेरै धेरै आशीर्वाद दिनुभयो । त्यति बेला मेरा 'बा' धाम गइसक्नुभएको थियो, 'बा' लाई पनि धेरै आशीर्वाद दिनुभयो । त्यसपछि मात्र मेरो पाखुरा छाड्नुभयो ।

अनि पछि गुरुबा वाग्लेलाई भनेँ – "यस्ता कामहरू 'बा' ले धेरै ठाउँमा गर्नुभएको थियो, तर हजुरको कुरा मलाई थाहा थिएन । 'बा' ले राम्रै गर्नुभएछ । मलाई खुसी लाग्यो ।"

त्यसो भनेर उहाँसँग बिदा भई म घर आएँ । 'बा' हुनुभएको भए म यो कुरा सोध्ने थिएँ । यस्ता अरू कुराहरू पनि 'बा' ले भन्नुहुने थियो होला । 'बा' को अन्तिम समयसम्म सँगसँगै रहेर पनि उहाँले समाजमा पुऱ्याउनुभएको योगदानको विवरण उहाँको मुखबाट मैले सुन्न पाइनँ । यस कुरामा अहिले मलाई अति थक्कथक्क लाग्ने गरेको छ ।

मेरा 'बा' का बारेमा जति कुराहरू मैले जानेँ र बुझेँ, त्यो सबै मैले आफ्नै तरिकाले जानेको र बुझेको हुँ । 'बा' ले मलाई भन्नु पनि

भएन र मैले सोधनी पनि गरिनँ । मैले सोधेको एउटै प्रश्न थियो त्यो अलि पछि उल्लेख गर्नेछु ।

आफ्ना 'बा' का बारेमा म कलम समात्नेछु भन्ने मलाई लागेको भए 'बा' सँग सोध्नुपर्ने धेरै कुराहरू थिए, म सोध्ने थिएँ । मैले पहिले 'बा' सँग केही पनि नसोधेर ठूलो गल्ती गरेछु भन्ने अहिले मलाई लागिरहेको छ । घरायसी कुरा र दिनचर्याका बारेमा 'बा' सँग गन्थन गर्नुपर्ने हुँदैनथ्यो । 'बा' ले गर्नुभएका सामाजिक गतिविधिहरूका बारेमा धेरै कुराहरू थिए, ती पनि सोधिएन । अहिले थक्कथक्क मानेर के गर्नु ! समयमा बुद्धि पुऱ्याउन नसकेपछि पछुताउनुपर्ने अवस्थामा अहिले म छु ।

## छाप्रोको बसाइ :

'बा' र सौतेनी आमा मैतिर बस्नुहुन्थ्यो । पछि 'बा' र सौतेनी आमाबीच खटपट सुन्न थालियो । बुझ्दै जाँदा त सौतेनी मामलाको सुरुवात यहीँबाट भएछ । सौतेनी आमा आफ्नै कान्छो छोरासँग बस्न खोज्ने, 'बा' चाहिँ 'यहीँ नै ठीक छ नि' भन्ने । आखिर केही सीप नलागेपछि 'बा' ले बाँसको साँटा लगाएर एउटा छाप्रो बनाउन लगाउनुभयो । 'घरै बनाएको भए नि हुन्थ्यो, के गरेको 'बा' ?' भनेर मैले सोधेँ । 'यो दीर्घकालीन होइन' भनेर 'बा' ले भन्नुभयो । इष्टमित्र सबै आए । सबैले 'के गरेको ? यस्तो नगर्नू' भन्दै जान थाले । यो सोतेनी मामलोमा इज्जत पनि हुँदो रहेनछ । 'बा' ले पनि सोतेनी कुरा नमाने बस्न-टिक्न नसकिने, मानौँ यस्तो हर्कत हेर्दैमा लाजमर्दो भएर बस्नुपर्ने ।

यसरी करिब एक वर्ष छाप्रोमा बसेपछि 'बा' ले पनि कायल भएर कान्छोतिर बस्न जानैपऱ्यो र उतै जानुभयो । नत्र छाप्रो बनाउन थालेपछि मैले 'तपाईंहरू यही घरमा बस्नोस्, म अर्कै घर बनाएर बस्छु' भनेको त हुँ, तर मान्नुभएन । आफ्नो मन परेको ठाउँतिर बसेपछि शान्तिपूर्वक बस्न पाएको भए पनि हुन्थ्यो । त्यहाँ पनि सधैँको कलह सुन्न थालियो । 'बा' लाई त आनन्द भन्ने नै

भएन । सधैँ सकसै-सकसमा बस्नुपर्ने देखियो । त्यही समयदेखि मलाई सराप्न थालियो । सराप्तै गइन् सौतेनी आमाले । ती सराप जिन्दगीभर नबिर्सिने खालका थिए । यस्तो दिन पनि बिताउनुपर्‍यो ।

## घरबेटीलाई चार रोपनी :

म ११-१२ वर्षको हुँदा आमा परमधाममा जानुभयो । त्यसपछि म टुहुरो बनेँ र सौतेनी झमेलामा पनि फसेँ । मलाई थाहा थिएन सौतेनी मामलो कस्तो हुन्छ भनेर । म बालापनबाट हुर्केपछि सबै छर्लङ्ग भयो । 'बा' पढाउन चाहनुहुन्थ्यो । म पढ्न जान्थेँ । पछि थाहा भयो मलाई सक्कली माया गर्ने घरमा 'बा' बाहेक कोही रहेनछन् । पढाइ र पत्रकारिता सँगसँगै गरियो । त्यति बेला पनि घरतर्फ मैले मतलब राख्नुपरेन । रेखदेख 'बा' ले गर्नुहुन्थ्यो ।

मेरो परिवारमा मेरी आमा कान्छी बुहारी । म जेठो छोरो । जायजन्म नभएर मेरी आमासँग विवाह गरेको । पछि अर्को परिवारमा पनि तीन-चारजनाको जन्म भयो । माया धेरै पाएर होला, पढ्ने-लेख्ने काम उनीहरूले गरेनन् । उनीहरूको संसार अर्कै भयो । उनीहरू आमाको शिक्षामा पारङ्गत भएका रहेछन्, पछि थाहा भयो ।

२०४९-५० सालतिर मलाई सराप्न थालियो । पर्खालमा चढेर रातभर सराप्ने, दिनभर सराप्ने काम सोतेनी आमाले गर्न थालिन् । म अचम्ममा परेँ । मैले भनिबिझाएको केही थिएन, तर ममाथि सुन्नै नसकिने सरापको वर्षा हुन थाल्यो । मैले 'बा' सँग भनेँ – "किन सरापेको 'बा' ? मैले त केही गरेजस्तो लाग्दैन ।"

'बा' ले भन्नुभयो – 'खोइ किन सरापेको हो !"

मलाई सरोपेको सुन्दा गाउँलेहरू चकित हुन्थे ।

यसरी हप्तौँसम्म एकनासले सराप्दै गएपछि अब यो सराप रोकिने भएन भनेर 'बा' ले सिनामङ्गलमा डेरा खोज्नुभएछ । घर छाड्नुभन्दा एक दिन अगाडि मलाई 'बा' ले भन्नुभयो – "तँलाई सरापेको मैले सुन्न सकिनँ । मैले डेरामा बस्ने निधो गरेँ । म भोलि डेरामा जाँदैछु । अन्यथा नलिनू ।"

म बोल्न सकिनँ । घरमा चार-चारजना छोरा भएको मान्छेको यो हविगत भयो भनेर दिक्क लाग्यो । यसरी मेरो मायाका कारण 'बा' ले घर छाड्नुभयो । एकथरि गाउँलेले यो बसाइसराइलाई पशुपतिको वृद्धाश्रममा बस्न गएको भनेर पनि भन्न बाँकी राखेनन् । यसरी हाम्रो समाज उड्छ र अरूलाई उडाउँछ ।

करिब दुई-तीन वर्षजति 'बा' घरमा आउनुभएन । म पनि डेरामा गइनँ । किनभने सरापको पोको त्यहीँ थियो । त्यसैले 'बा' सँग सम्पर्क भएन । 'बा' को दिनचर्या आफ्नै तरिकाले बित्दै गएको होला भन्ने मैले सोचेको थिएँ । हुन पनि बिहान पशुपतिको दर्शन गर्न जाने, आएर खाना खाने, त्यसपछि विमानस्थलतिर रमाइलो हेर्न निस्कने गर्नुहुँदो रहेछ । पछि 'बा' ले मलाई त्यही भन्नुभयो ।

यसरी विमानस्थलतिर जान थालेपछि त्यहाँ साथी पनि बने । दिउँसो गफगाफ गर्ने, बदाम खाने, समय कटाउने 'बा' को दैनिकी बनेको रहेछ । एक दिन बदाम खाइसकेपछि बदाम पोको पारेर दिएको 'गोरखापत्र' को टुक्रो पढ्नुभएछ । त्यहाँ 'हकदावी गर्ने सूचना' निस्केको रहेछ । पढ्दै जाँदा हकदावी गर्न मिल्ने नाम शतप्रतिशत घरबेटीकै मिल्ने ठहर गरेर साँझ डेरामा फर्कनुभएछ । अनि घरबेटीलाई डाकेर 'गौरीघाटभन्दा पूर्व तपाईंको जग्गा छ ?' भनेर सोध्नुभएछ । घरबेटीले 'छैन भनेछन् । 'ल भइहाल्यो, भोलि खाना खाएर नागरिकता लिनोस्, तपाईं र म मालपोत कार्यालय जाने' भन्नुभएछ । त्यही अनुसार भोलिपल्ट मालपोत कार्यालय गएर गौरीघाटपूर्व सडकनेरको चार रोपनी जग्गा हकदावी गराउनुभएछ । 'बा' ले जुटाउनुपर्ने सबै प्रमाण तयार पारी पेस गरेको केही समयपछि घरबेटीको नाममा चार रोपनी जग्गा पास भएछ । यसरी अत्तोनपत्तोसँग घरबेटीलाई चार रोपनी जग्गाको मालिक बनाइदिनुभएछ, त्यो पनि बदाम पोको पारेको 'गोरखापत्र' को टुक्रो पढेको आधारमा । पछि जग्गाधनी (घरबेटी) र मोही मिलेर दुई-दुई रोपनी जग्गा बाँडेर लिएछन् । यता 'बा' ले घरबेटीलाई तीनपटकसम्म सप्ताह महायज्ञ लगाउन लाउनुभएछ ।

एक दिन म अफिसबाट घर फर्कंदै थिएँ । 'बा' पनि घर आउनुभएको रहेछ । उहाँ फर्कने, म घर जाने । बाटोमा भेट भयो । मैले भनेँ – "'बा' ! किन फर्कनुभएको ? यतै बस्दा हुँदैन र ?"

'बा' ले 'अब त्यसै गर्ने हो' भन्नुभयो र केही कुराकानी गरेर डेरातिर फर्कनुभयो ।

त्यसपछि घरतिर आउने र फर्कने काम बाक्लै हुन थाल्यो । यही क्रमबाट डेरा छाडियो, 'बा' घर फर्कनुभयो । घरमा सराप बन्द भएको देखेर म ताजुबमा परेँ । किन गाली ? किन सामान्य ? मलाई खुलदुली हुन थाल्यो । पछि पो बुझियो – 'बा' सँग एक लाख रुपियाँ रहेछ, त्यो पैसा मलाई दिनुहुन्छ कि भनेर सराप गरिएको रहेछ । डेरामा गएपछि त्यो रकम आफ्नै मर्जीमा बाँड्न पाइने थियो । आखिर भएछ पनि त्यही नै । पैसा सकिएको हुनाले शान्ति कायम भएको रहेछ । कतिसम्म जालसाँजी हुँदो रहेछ सौतेनी जँघारभित्र भन्ने कुरो यसरी थाहा भयो ।

## प्रारब्ध भनेको यस्तो रहेछ :

मलाई सराप्ने काम नभएको भए 'बा' ले घर नछोड्ने । 'बा' ले घर नछोडेको भए डेरामा बस्न नजाने । डेरामा नबसेको भए अनाहकमा घरबेटीले चार रोपनी जग्गा नपाउने । यो घुमाउरो तरिकाले सबै एक-आपसमा जोडिन गएर पनि त्यो बदाम पोको पारेको 'गोरखापत्र' तिनै घरबेटीलाई मिल्ने खालको हुनुपर्ने । त्यही टुक्रोमा बदाम आउनुपर्ने । बदाम खाइसकेपछि फेरि त्यो 'गोरखापत्र' को टुक्रो किन पढ्नुपरेको ? प्रारब्धको कमाइ यसरी घुमाइफिराइ आउँदो रहेछ । घरबेटीले जग्गा पाउनका लागि पहिले मैले गाली र सराप पाउनुपर्ने रहेछ । मैले गाली र सराप पाउने, उता घरबटीले चाहिँ जग्गा पाउने । पाउन त हामी दुवैले पाएकै हौँ । मेरो प्रारब्धमा सराप लेखेको रहेछ, मैले त्यही पाएँ । म त्यसैमा सन्तुष्ट भएँ । मैले कसैलाई केही भनिनँ । उता घरबेटीको प्रारब्धमा जग्गा लेखेको रहेछ, उनले त्यही पाए । दुवैले बराबर पाएकोमा मेरो भन्नु केही छैन ।

किनभने घरबेटी जग्गा पाएर सन्तुष्ट भए, म पनि गाली र सरापबाट सन्तुष्ट नै भएँ । हामी दुई व्यक्तिलाई प्राप्त भएको संयोग कसरी निर्माण भयो होला, अचम्म लाग्ने विषय छ । यो अति हँसिलो विषय पनि हो । राम्रोसँग बुझ्दै, सम्झँदै गर्ने हो भने कति रमाइलो लाग्छ !

प्रारब्धको कमाइ कसैले दिनुनपर्ने । कहाँकहाँको मान्छेले घरैसम्म लगेर बुझाइदिनुपर्ने । यस्तो अचम्मको घटना पनि 'बा' को समयमा घटेको देखियो । कथाजस्तो लाग्छ, तर 'बा' ले बेहोर्नुभएको हो । 'बा' ले अरू कतिपय कुरा मलाई नभने पनि यो कुराचाहिँ भन्नुभएको थियो । हल्ला धेरै भएका कारण मलाई पनि भन्नुभएको हुन सक्छ । नत्र मेरा 'बा' को बानी आफूले गरिदिएको कामका बारेमा कसैलाई भन्ने खालको थिएन । जुन मान्छेलाई उपकार गर्‍यो, उसलाई पनि अरूलाई नभन्नू भनेर किटाउने चलन थियो 'बा' को ।

## घडेरी लिइएन :

एकपटक 'बा' लाई छोराहरूले ढुङ्गामुढा गरेछन् । कसैले अपशब्द बर्साएछन् । यो कुरा गाउँलेहरूले मलाई भेटेपछि भने । मलाई थाहा थिएन । 'बा' लाई भेटेपछि मैले सोधेँ – "तपाईंलाई ढुङ्गामुढा गरे रे, हो 'बा' ?"

'बा' ले 'हो' भन्नुभयो । 'किन त ?' भन्ने मेरो अर्को प्रश्नको जवाफमा 'बा' ले भन्नुभयो – "घरबेटीको जग्गाबाट उनलाई पनि मिलाइदिनुपर्‍यो रे !"

'ठिकै छ नि, मिलाइदिनोस् न त !' मैले भनेँ । अनि 'बा' ले भन्नुभयो – "कुपात्रमा के काम ? तँ लिन्छस् भने दिलाइदिन्छु ।"

मैले 'मलाई चाहिँदैन' भनेँ । त्यसपछि मैले 'बा' लाई भनेँ – "हेर्नोस् बा ! खड्गबहादुर सिंह टीकापुर विकास समितिका अध्यक्ष हुनुहुन्छ । उहाँले हामी चारजना पत्रकारलाई टीकापुर बजारमा घडेरी दिन बोलाउनुभएको रहेछ । हामीचाहिँ किन बोलाउनुभएको होला भनेर मन खुलदुल गर्दै पुग्यौँ । उहाँले स्वागत-सत्कार गर्नुभयो । भोलिपल्ट बिहान बजारको प्लटिङ गरेको ठाउँमा लगेर मुख्य चोकको

मोड देखाउँदै 'यो बलदेवलाई, योभन्दा बायाँको फलानालाई अनि दायाँतिरको अरू दुईभाइलाई' भनेर देखाउनुभयो । अनि 'तिमीहरूसँग केको पैसा होला र ! यो जग्गा पास पनि समितिकै तर्फबाट गरौँला, तिमीहरूलाई यो दिन पाए मेरो मनमा आनन्द हुन्थ्यो' भन्नुभयो । हामीले पनि 'हुन्छ' भन्यौँ र काठमाडौँ आयौँ । पछि नलिने निर्णय गर्‍यौँ र 'हुन्छ-हुन्छ' भन्दै टार्‍यौँ । मलाई जग्गा चाहिँदैन 'बा' !"

त्यति बेला राजाले खड्गबहादुर सिंहको अध्यक्षतामा त्यहाँ बसोवास गराउनका लागि दुई-तीन हजार बिगाहा जमिन छुट्याइदिएका थिए । त्यसैबाट टीकापुरमा विकास गरिएको हो । त्यहाँको बस्ती बसाल्ने काम विनाझन्झट राम्रोसँग अघि बढ्दै गएको थियो । लगभग ७५ प्रतिशत काम सकिन लाग्दा अध्यक्ष खड्गबहादुर सिंहको मोटर दुर्घटनामा परेर देहावसान भयो ।

'बा' खड्गबहादुर सिंहलाई राम्रै चिन्नुहुन्थ्यो । उता पद्मबहादुर ठूलाबासँग पनि सम्पर्क राम्रो थियो । किनभने उहाँहरूभन्दा खड्गबहादुर सिंह निकै पछिका हुनुहुन्थ्यो । उहाँहरूको विचार मिल्थ्यो र एक प्रकारले भन्ने हो भने साथी नै हुनुहुन्थ्यो ।

मैले 'बा' लाई यति भनेपछि 'बा' पनि जिल्ल पर्नुभयो । अनि 'किन नलिएको त ?' भनेर प्रश्न गर्नुभयो । मैले भनेँ – "यतै त कसले गरोस्, यता र उता गरेर हैरान खानुभन्दा नलिनु नै ठीक ठान्यौँ हामी चारैजनाले । त्यसै भएर नलिएको ।"

'बा' ले 'ठीक गर्‍यौ' भन्नुभो । यसरी डाकेर दिएको जग्गा पनि लिइएन ।

## 'बा' ले मिलाउनुभएको बसोवास :

मेरा ठूलाबाका छोरा दाइहरू वर्षमा एकाधपटक इन्डियाको आसामतिर घुम्न जानुहुन्थ्यो र त्यता पाँच-छ महिना बसेर फर्कनुहुन्थ्यो । एकपटक यसरी फर्कंदा साथमा एकजना साथी पनि लिएर आउनुभएछ । ती साथी नेपालकै सङ्खुवासभातिरका भन्थे । ती दाइले मेरा 'बा' भएको ठाउँमा आएर 'यो साथी सँगै ल्याइयो,

यसले सबै काम जानेको छ, यो ठाउँ यसलाई रमाइलो लाग्यो रे, यतै राख्न पाए हुन्थ्यो, 'बा' ले मिलाइदिनोस् न' भन्नुभयो ।

सबै काम भनेको मतलब बाँस, निगालो र खेतबारीको काम भन्ने रहेछ । अनि 'बा' ले 'हेरौँला नि त' भन्ने जवाफ दिनुभएछ । कसैले पनि बेच्दैनथे जमिन । तर 'बा' ले खेत र बारी गरेर करिब ४-५ रोपनी जग्गा किनिदिनुभयो । पैसा कति पऱ्यो, ती दाइकै साथीले हाले र बाँसको छाप्रो बनाएर बस्न योग्य खालको चिटिक्कको देखिने घर बनाए ।

त्यसपछि 'बा' ले मेरा साइलाबासँग गएर भन्नुभएछ – "साइलादाइ ! अब त्यो लाहुरेलाई छोरी दिऊँ ।"

साइलाबाले पनि 'भाइले भनेको कुरा मबाट नाइँ भन्ने हुन्छ र' भनेर सहमति जनाउनुभएछ । अनि छोरी पनि उनै लाहुरेलाई विवाह गरेर घरजम बसाइदिनुभएको कुरो गाउँभरि सबैले थाहा पाए र अचम्म माने । 'बा' ले यसरी कहाँ-कहाँको मान्छेलाई बसोवास गराएर आफन्त बनाउनुभएको थियो ।

यति मात्र होइन, डेरामा बस्दा पल्लो कोठामा भाडामा दोलखातिरका व्यक्ति बसेका रहेछन् । उनले 'बा' लाई 'मसँग अलिकति पैसा छ, त्यो पैसाबाट तपाईंको घरछेउमा एउटा घडेरी किनिदिनोस् न, पछि जागिर छाडेर अएको पैसाले एउटा छाप्रो हाल्छु' भनेछन् । 'बा' ले दधिकोट उत्तरपट्टि राम्रो ठाउँमा घडेरी किनिदिनुभएछ । उनले पछि त्यहाँ घर बनाए र हाल राम्रैसँग बसेका छन् । कहिलेकाहीँ उनी मेरो घरतिर आउने र 'बा' को गुणगान गाउने गर्छन् । उनैका कारणले पनि 'बा' डेरामा बस्दाका सबै घटना मैले थाहा पाएको हुँ ।

## घमण्डको परिणाम :

अझै सरापकै कुरा गरौँ । तथानाम सरापेपछि 'मेरा तीन छोरा छन्, कसैले हेरविचार गर्नुपर्दैन' पनि भन्ने । 'उनीहरूले बोकेर लग्छन्, उनीहरू नै जलाउँछन्' पनि भन्ने । यस्तो सुनेपछि मलाई

दिक्क लाग्यो । मलाई अनाहकमा गाली गर्ने, सराप्ने काम भयो, मलाई तिम्रो श्राद्ध पनि खानु नपरोस् भनेर मेरो भित्री मनले भन्यो ।

नभन्दै उनलाई मर्ने बेलामा पानीसमेत खान दिने मानिस भएनछन् र भित्र मझेरीमा प्राण गएछ । तिथि पऱ्यो मेरी आमाको एकछाकी (हविष्य) को दिन । उनका तीन छोरा भएको भनेर सराप्ने मान्छे, त्यस दिन त एउटा छोरा पनि घरमा रहेनछन् । आखिर मैले नै काँधेकाठ गरेर घाटतर्फ लानुपऱ्यो । उनका छोरा त कोही ठिमीमा पुगे, कोही त्यही घाटमा मात्र पुगे ।

यसरी मन दुखेर भनेको कुरो पुग्दो रहेछ भन्ने मलाई लाग्यो । श्राद्ध पनि खानु नपरोस् भनेकोमा मेरी आमाको एकछाकीको दिन उनको श्राद्ध पऱ्यो, त्यसै खाइएन । भगवान्ले मलाई त्यसरी पुऱ्याइदिनुभएको छ ।

त्यसपछि आमाको विद्या पढेका उनका छोराहरू मिलेर मलाई घेराबन्दी गर्दै कुटपिट गर्न अग्रसर भए । अझै पनि त्यो क्रम टुटेको छैन । मलाई किन लखेट्ने ? मेरो भनाइ यही हो ।

यस विषयमा सबै थाहा भएका, नजिकबाट हेरिरहेका मान्छेहरू पनि नबोल्ने । उता इष्टमित्रहरूसमेत सम्पूर्ण जानकारी लिए पनि चुपचाप मुख थुनेर बस्ने । ममाथि एक शब्द कसैले बोलेनन् । मेरा लागि यसरी स्थानीय इन्साफ मर्दै गयो । म आधा सम्पत्तिको मालिक, तर मैले चारै भाग लगाएर बण्डा गरिदिएँ । तैपनि ममाथि अन्याय किन ? मेरो भनाइ यही नै हो ।

जानेबुझेकाहरू र इष्टमित्रहरूले पनि 'आधा अंशको मालिकले चार भाग लगाएर खाएको छ, के बिरायो त उसले ?' भनेर समेत भनेनन् । तर मलाई भगवान्ले हेर्नुभएको छ ।

मलाई उनीहरूले खेद्नुपर्ने कारणै थिएन, तैपनि खेदे । 'बा' लाई त बाँकी राखेनन्, मलाई केको बाँकी राख्थे ! मैले छोराभन्दा बढी गरेर ३० औँ वर्षसम्म हेरविचार गरेको व्यक्तिले समेत पुस्तैनी जग्गा बिक्री गरेर हातमा पैसा पर्न थालेपछि लोग्नेस्वास्नी नै मलाई कुट्न आउने भए । मैले पैसा मागेको छैन । मलाई तिनको केही

चाहिएको छैन । तैपनि भूमिसुधार कार्यालय भक्तपुरको प्राङ्गणमा दिनभर सरापेर आउने भए । किन सरापियो, मलाई नै थाहा छैन ।

अरूको भन्दा मैले एक दाम बढी जग्गा लिएको छैन । हिसाबमा मलाई नै एक-दुई आना जग्गा कमी छ । तर पनि यो जल्लादी फन्दाबाट अझै उम्कन पाइएको छैन । यसको परिणाम पनि भगवान्ले नै देखाइदेलान् भन्ने लागेको छ । मेरो अन्तिम इच्छा पनि त्यही नै हो । आमाचाहिँका बारेमा त भगवान्ले देखाइदिएकै हुन्, अब पर्खाइ उनैका छोराहरूका बारेमा छ ।

●

# परिचयका हरफमा पद्मबहादुर बुढाथोकी

**पद्मबहादुर बुढाथोकीसँग 'बा' को सम्पर्क :**

'बा' एक्लैले गुण्डू र आसपासमा गर्दै आउनुभएका सामाजिक कार्यहरू सिरुटार ढलेको पीपलबोटनिवासी पद्मबहादुर बुढाथोकीले थाहा पाउनुभएछ । त्यसपछि मेरा 'बा' लाई बोलाएर सम्पर्क गर्नुभएछ । यो करिब २००९ सालतिरको कुरा हो ।

त्यति बेलासम्म बुढाथोकीले किसान आन्दोलनका बारेमा सङ्गठन गर्न थालिसकेको देखिन्छ । २००६ सालदेखि नै बुढाथोकीले लुभू लामाटारको चौरमा भेला गरेर किसान समस्या समाधान गर्न लागिसकेको पाइन्छ ।

मेरा 'बा' को एक-दुई वर्ष ढिलै सम्पर्क भए पनि सबै चिनजान र एउटै उद्देश्यका लागि सङ्गठित भएका कारण काम गर्न सजिलो भएछ । त्यहाँ भएका सहकर्मीहरूमध्ये तर्खगालबाट भक्तबहादुर थापा, नाइके कान्छा र गणेशबहादुर राउत रहेछन् । उता कटुन्जेबाट नेत्रनाथ शर्मा, ढुण्डिराज शर्मा, होमशङ्कर शर्मा, गाम्चाबाट विष्णुबहादुर खड्का, दलबहादुर खड्का, भैरव रिसाल र भैरव न्यौपानेको उपस्थिति रहेछ । यसबाहेक राम राजथला, लुभूमाथिका रत्नप्रसाद पोखरेल, लुभूयता चसिडोलका अङ्गीरस उपाध्याय (हजुरबा), यी नामहरू मेरा समेत चिनजानका हुन् ।

पद्मबहादुर बुढाथोकीलाई भेट्न जाँदा 'बा' ले प्रायजसो मलाई पनि लग्नुहुन्थ्यो । म सानो बच्चो सबैको प्यारो थिएँ । पद्मबहादुर बुढाथोकी मलाई 'नानी' भन्नुहुन्थ्यो । अनि मेरा 'बा' लाई 'नानीबा' भनेर उहाँ सोध्नुहुन्थ्यो – "नानी ! नानीबा घरमा के गर्नुहुन्छ ?"

म भन्थेँ – "केही गर्नुहुन्न ।"

यसरी मेरो पनि त्यहाँ आउने मानिससँग हिमचिम बढेको हो र चिनाजानी भएको हो । सानो बच्चामा भनेका कुरा, देखेका कुरा हत्तपत्त बिर्सिंदो रहेनछ ।

पद्मबहादुर बुढाथोकीलाई म 'ठूलोबा' भन्थेँ । मलाई उहाँ साह्रै माया गर्नुहुन्थ्यो । पछि म ठूलो भइसक्दा पनि मलाई नामले बोलाउनुभएन । मसँग 'बा' का बारेमा सोध्नुपर्‍यो भने 'नानीबालाई सन्चै छ ?' भन्नुहुन्थ्यो ।

## को हुनुहुन्थ्यो पद्मबहादुर बुढाथोकी ?

भक्तपुरको दक्षिणी भेग सिरुटार सोमलिङ्गेश्वर ढलेको पीपलबोटसँगै बाटोमाथि घर भएको बुढाथोकी किसान परिवारमा वि. सं. १९६१ आश्विन ७ गते आमा बालकुमारीको कोखबाट जन्मनुभएका व्यक्ति हुनुहुन्थ्यो पद्मबहादुर बुढाथोकी । उहाँमा साधारण लेखपढको शिक्षा थियो । युवा अवस्थामा उहाँले सेनाको निशान पदमा जागिर खानुभएको थियो । त्यसैले उहाँलाई कतै-कतै निशान भनेर पनि सम्बोधन गर्थे । पद्मबहादुर बुढाथोकीको यही परिचय पछि रहँदै-बस्दै आउँदा निसान र सभापति पनि भन्न थालियो ।

उहाँले सेनामा जागिर खाए पनि उहाँको मन, वचन र कर्म किसानको हकहितमा नै झुन्डिरहेको पाइन्थ्यो । राणाशासनको अवस्थाले उहाँलाई तर्साउन सकेन र उहाँको पाइला किसान आन्दोलनसम्म आइपुग्यो । सेनाको दैनिकी गुजार्दै जाँदा २००४ सालमा राणा प्रधानमन्त्री पद्म शमशेरले नेपालमा राजनीतिक सुधार गर्ने घोषणा गरेपछि २००५ साल जेठ ५ गते उहाँले सेनाको जागिर छाडेको र समाजसुधारपट्टि दिलचस्पी दिन थाल्नुभएको देखिन्छ । यही क्रममा उहाँले किसान आन्दोलनको सुरुवात गर्नुभयो । पद्मबहादुर बुढाथोकी भनेको उहाँ नै हुनुहुन्थ्यो ।

## दु:खी किसान :

काठमाडौँ उपत्यकाको बस्ती प्राय: सबै किसान बस्ती नै हो । सहरका बस्तीहरूमा पनि किसान थिए । त्यसै भएर उपत्यकालाई किसानको बस्ती भन्दा फरक पर्दैन । अधिकांश जनता किसान छन्

तर उनीहरूले नै शोषित-पीडित भएर बस्नुपरेको थियो । साहुमहाजन र सरकारका सेनासमेतलाई आफूले नखाएर पाल्नुपरेको अवस्था किसानको थाप्लोमा थियो । गाउँघरमा साहुको छुट्टै अत्याचार, उता तल्सिङलाई बुझाउनुपर्ने कूतको अलावा झारा, बेठबेगानी, थप रैरकम पनि बुझाउनुपर्थ्यो । यो त जग्गावालाको ज्यादतीलाई सरकारले मान्यता दिएको कुरा भयो ।

यसबाहेक हिउँद लागेपछि सरकारका सिपाहीहरू तिर्जा उठाउन किसानको घर-आँगनमा हाजिर हुन्थे । सरकारले सिपाहीहरूलाई किसानबाट उठाएर खानु भन्ने लिखतलाई 'तिर्जा' भनिन्थ्यो । यो तिर्जा तिर्न किसानलाई निकै कठिन पर्थ्यो । उब्जेका सबै अन्नबालीहरू साहुको ब्याज र तल्सिङ (जग्गाधनी) ले लगिसकेको हुन्थ्यो । खेतीमा त्यति उब्जनी पनि हुँदैनथ्यो । अन्तमा तिर्जा लिन आउनेले घरका मानिसलाई लछारपछार र घोक्र्याइ-मुन्ट्याइ गरेको देख्दा बालबच्चाको रुवाबासी हुने गर्थ्यो । तिर्जासम्मको बाली बुझाइसकेपछि घरमा अन्न हुँदैनथ्यो । अब के खाने र बालबच्चालाई के खुवाउने भन्दै किसानको घरमा रुवाबासी चल्थ्यो । यस्तो कारुणिक अवस्थाको अहिले वर्णन गर्न खोज्दा पनि मन दुखेर आउँछ ।

साधारणतया खेतबारीमा काम गरेर अन्न उब्जाउनेलाई किसान भनिन्छ । किसानको अर्थ त यो हो, यसका अतिरिक्त किसानले भोग्नुपरेका अनेकौं ज्यादतीलाई कसैले पनि हेरेको हुँदैन । किसानसँगै किसानले ब्यहोर्नुपरेका अनेकौं हथकण्डाहरू त्यति बेलाको सरकारले थोपरेको हुन्थ्यो । त्यसैले किसान भन्नासाथ उसको दयनीयतालाई झल्काउने शब्द हुन्थ्यो । त्यति बेला किसानको वास्तविकतासँग धेरै कुरा जोडिएका छन् । समग्रमा ती सबै किसानका पर्यायवाची बनेका थिए ।

त्यस बेला नियम-कानुन सबैलाई समान थिएन । साहु-महाजनको नजरमा किसान भनेका अति तल्लो स्तरका जन्तु नै सम्झने चलन थियो । अन्न उब्जाएर सबैलाई पाल्ने किसानलाई

जान्ने हो भने पुज्नुपर्थ्यो । तर नेपालको त्यो समयमा त्यस्तो थिएन । जति हण्डर र दुःख भोल्नुपर्थ्यो, त्यो सबै किसानको भागमा थियो । किसानउपर द्वैध शासन लागू गरिएका थिए ।

## किसान आन्दोलन :

पद्मबहादुर बुढाथोकीले जागिर छाडेपछि गाउँकै कवि युद्धप्रसाद मिश्रको सङ्गतबाट शुक्रराज शास्त्रीसँग उहाँको भेटघाट र हिमचिम बढ्न थालेछ । उनैको प्रेरणाबाट राजनीतिक विचारहरू सिक्न थाल्नुभएछ ।

२००७ सालमा नेपाली काङ्ग्रेसले प्रजातन्त्रका लागि सशस्त्र सङ्घर्ष गर्दै आएको थियो । राजा त्रिभुवनले त्यो आन्दोलन मत्थर गर्न (१) वाक् स्वतन्त्रता, (२) सभा-सङ्घ स्वतन्त्रता, (३) प्रेस स्वतन्त्रता, र (४) प्रकाशन स्वतन्त्रता, यी चार प्रकारका स्वतन्त्रता दिने घोषणा भएछ ।

राजा त्रिभुवनको त्यो घोषणापछि पद्मबहादुर बुढाथोकीले पनि २००७ साल फागुन १४ गते लुभू ससम्भुको ठूलो चौरमा बसी 'नेपाल कृषिसुधार सङ्घ' को स्थापना गर्नुभएछ । नेपाल कृषिसुधार सङ्घका पदाधिकारीहरू यसप्रकार भएको पाइयो –

सभापति – पद्मबहादुर बुढाथोकी
सचिव – गोपालप्रसाद गौतम
सदस्य – राम राजथला
सदस्य – कृष्ण बुढाथोकी
सदस्य – अङ्गीरस उपाध्याय पौडेल
सदस्य – रत्नप्रसाद पोखरेल
सदस्य – गोविन्दप्रसाद गौतम
सदस्य – कृष्णप्रसाद पौडेल
सदस्य – भवनाथ न्यौपाने
सदस्य – लीलाबहादुर थापा
सदस्य – अर्जुन थापा

प्रजातन्त्र आएपछि गठन भएको कृषिसुधार सङ्घले त्यति प्रभाव जमाउन सकेन । यो कुरा सभापति आफैँले ख्याल गर्नुभएछ । घोषणापत्र, नारा राम्रै भएर पनि यो सङ्घ अघि बढ्न नसकेको बारेमा समीक्षा गरिएछ । त्यसपछि विभिन्न पार्टी हुँदै २०११ सालमा नेपाल समाजवादी किसान पार्टी गठन गर्नुभएछ । त्यसका चोटिला नारा अनि घोषणापत्रले केही किसानहरू सङ्गठित भएको देखिएछ । २००७ सालदेखि २००८ साल वैशाखसम्म कृषिसुधार सङ्घ, २००८ साल जेठदेखि अखिल नेपाल किसान सङ्घ, २००९ साल चैत्र महिनादेखि अखिल नेपाल शुद्धीकरण किसान सङ्घ गठन भएछन् । अन्तिममा त्यसका जनरल सेक्रेटरी (महासचिव) कटुन्जेका नेत्रनाथ शर्मा हुनुभएछ । त्यति बेलासम्ममा पार्टीका १६३ शाखा पुगेछन् । कमिटी १८ र सदस्य सङ्ख्या १५ लाख २० हजार पुगेको रहेछ ।

पार्टीलाई सशक्त बनाउने क्रममा सत्याग्रहका कार्यक्रममा सरिक हुने पनि गर्दै आएको देखियो । यसै क्रममा २०११ सालमा किसानको हितका लागि पाटनको सम्मेलनमा भाग लिँदा कैयौँ किसानले टाउको फुटाएर फर्किनुपरेको बताइन्छ । वास्तवमा किसान सङ्गठनले पाटनमा सम्मेलन गर्ने कुरालाई अर्कै ढङ्गले सोचिन थालेको पनि पाइयो । सुरुमा किसानको मात्र कुरा उठेकाले उपत्यकाका सबै किसानहरू जुरुक-जुरुक उचालिएका थिए । उपत्यका सबै उर्लेर आउने भएको देखिन्छ । सङ्गठन अब सशक्त हुन थाल्यो भनेपछि सरकारले सङ्घलाई दुःख दिन थालेछ । यही क्रममा किसान सङ्घका अध्यक्षलाई विभिन्न बहानामा पक्रन खोजेछ ।

सरकारको यो कार्यवाहीबाट बच्न बुढाथोकीले पटक-पटक गरी पाँच वर्षसम्म भूमिगत जीवन बिताउनुभएको थियो । भूमिगत समयमा उहाँले धेरैपटक पक्रन आउने प्रहरी र सेनाहरूलाई विभिन्न तरिकाले जिल्याइदिएर भाग्न सफल हुनुभएको थियो भन्ने भनाइहरू आउने गरेका छन् । उहाँको रमाइलो पक्ष त्यो छुट्टै छ ।

त्यसै गरी उहाँले फर्पिङको विद्युतगृह तोडफोड गरेको आरोपमा करिब चार महिना जेलमा बस्नुपरेको थियो । पछि यो

विषयमा दोषी ठहर नभएर छुट्कारा पाउनुभएको भन्ने छ । यी सबै राजा महेन्द्रको पालामा भएका कुरा हुन् ।

उहाँले समाजमा सहयोगको हात पनि अघि बढाउनुभएको थियो । दधिकोटस्थित अरनिको विद्यालयलाई उहाँले दुई रोपनी जग्गा दान गर्नुभएको भन्ने छ । त्यस्तै लुभूको महालक्ष्मी क्याम्पस स्थापनाका लागि आर्थिक सहयोग गर्नुभएको भन्ने पनि छ । यसबाहेक साँघु, कुलो आदिको निर्माणमा उहाँ आफैँ खटिनुहुन्थ्यो भनिन्छ । उहाँको यस्ता योगदानलाई चिरस्थायी गर्ने काम हाल 'श्री पद्मबहादुर बुढाथोकी प्रतिभा कोष' ले गरेको छ ।

●

# पद्मबहादुर बुढाथोकीका बारेमा
# लेखनाथ न्यौपाने



लेखनाथ न्यौपाने पूर्वमाननीय । उहाँसँग केही बेर बसेर किसान सङ्घका बारेमा कुराकानी भयो । 'आफ्नै भेगका पद्मबहादुर बुढाथोकीले सबै किसानका लागि उद्धार गर्न खोलेको किसान सङ्घमा तपाईंको के भूमिका थियो ?' भनेर मैले प्रश्न गरेको थिएँ ।

यस प्रश्नको उत्तरमा उहाँले भन्नुभयो – "किसान ज्यादै शोषित-पीडित थिए । पद्मबहादुर बुढाथोकीले सिर्फ किसानका लागि आन्दोलन गरेको हो । त्यो आन्दोलनमा मेरो पूर्ण रूपले नैतिक समर्थन थियो । किनभने म आफैँ किसान हुँ । तर आधिकारिक रूपमा म उहाँको सङ्घभित्र कुनै पनि भूमिका लिएर बसेको मान्छे होइन । बुढाथोकीले सुरुमा खोलेको २००६ सालको किसान सङ्घमा विभिन्नखाले मान्छे रहेका हुँदा सशक्त हुन सकेन भन्ने भयो । २००८ सालमा त्यही सङ्घलाई 'नेपाल कृषिसुधार सङ्घ' भनेर केही सदस्यहरूलाई छाँट्ने काम भयो । सङ्घलाई यसरी सुधार गरे । त्यति नै बेला मैले पनि केही किसानहरूलाई लिएर 'शुद्धीकरण किसान सङ्घ' बनाएँ र ताथलीका शेरबहादुर, विश्वनाथ मिश्र, बालकोटका रामबहादुर ठकुरीलगायत धेरैलाई सहभागी गराएँ ।"

प्र. - बुढाथोकीकै सङ्घमा बसेर काम गरेको भए हुने थिएन ?

उ. - त्यसरी काम गर्न हुने भए बुढाथोकीले सङ्घलाई किन सुदृढीकरण गर्नुपर्थ्यो र ! त्यहाँ त को-को थिए, तिनीहरूले काम गर्न बाधा पुऱ्याउने गरे । किसान सङ्घमा पुँजीपतिका, शोषकका दलालहरू भरिएका रहेछन् । त्यो थाहा पाएर सुदृढ गर्नुपऱ्यो । एकै ठाउँमा बसेर काम गर्ने वातावरण बनेन । त्यही सुदृढीकरण गरेर काठमाडौँदेखि आएका केशरजङ्ग रायमाझीलाई निकाले । त्यस्तै धेरै निस्के । तिनीहरू सुदृढीकरणमा परे ।

प्र. - तपाईं पनि सुदृढीकरणमा पर्नुभएको हो कि ?

उ. - होइन । म कुनै भूमिकामै थिइनँ, त्यसैले सुदृढीकरणमा पर्ने कुरै भएन । किसानका बारेमा हामीबीच कुरा मिल्थ्यो । किसान सङ्घ सशक्त भएर अघि बढोस् भन्ने मेरो पनि चाहना हो । म सुदृढीकरणमा परेको होइन । पछि बुढाथोकीले एकै ठाउँमा बसौँ न भनेको हो, तर मलाई वातावरण मिलेन ।

प्र. - त्यति बेला तपाईं नेपाली काङ्ग्रेससँग आबद्ध भइसकेको हुँदा वातावरण नमिलेको हो कि ?

उ. - त्यस्तै हो ।

प्र. - किसान सङ्घभित्र अखिलको जमघट देखेर हो कि तपाईं बुढाथोकी सङ्घमा नबस्नाको कारण ?

उ. - त्यो पनि होइन । बुढाथोकीले खोलेको किसान सङ्घभित्र अखिलको कार्यक्रम हुन्छ भन्ने त्यति बेला कसैलाई थाहा थिएन । किसान सङ्घ विशुद्ध किसानहरूको सङ्घ भन्ने बुझाइ थियो । त्यहाँ परेको अखिलको छाया धेरै पछि मात्र थाहा भयो । धेरै पछि खुल्यो । भित्र बेग्लै र बाहिर बेग्लै भन्ने कुरा खुलेपछि सङ्घलाई सबैले छाड्न थाले ।

प्र. - त्यति बेला तपाईं नेपाली काङ्ग्रेसको कुनै आधिकारिक पदमा हुनुहुन्थ्यो ?

उ. - थिएँ । म तरुण दलको सदस्य थिएँ ।

प्र. - त्यस बेलाको तरुण दलले के गर्नुपर्थ्यो ?

उ. - हामीलाई बी. पी. ले नेपाली काङ्ग्रेसको सदस्यता बढाउने काममा लाग्नु भन्ने निर्देशन दिनुभएको थियो । हामी त्यही काममा व्यस्त हुन्थ्यौँ । त्यही कारणले हो किसान सङ्घको सुदृढीकरणपश्चात् मैले धेरैलाई नेपाली काङ्ग्रेसमा आबद्ध गराएँ ।

प्र. - तपाईंले आबद्ध गराउनुभएकाहरूले तपाईंलाई धोका दिए कि दिएनन् ?

उ. - किन धोका दिने ? उनीहरूसँग बसेर खुला रूपमा छलफल हुन्थे । अनि भित्री मनैदेखि काङ्ग्रेसमा बस्न रुचाउँथे । हाम्रो छलफलमा कुनै छलकपट हुँदैनथ्यो । अनि त धोकाको कुरै भएन ।

प्र. - तपाईंको किसान सङ्घका नारा के थिए ?

उ. - त्यसमा पनि प्रष्ट थियो । 'जसको जोत उसको पोत हुनुपर्छ' भन्ने भनाइ बी. पी. ले २०१६ सालमा सदनमा राखेपछि हाम्रो नारा त्यही भयो ।

प्र. - बुढाथोकीको सङ्घमा पाटनको लफडाले धेरैको टाउको फुट्यो । तपाईंकोमा त्यस्तो भएन ?

उ. - किन नहुनु ! मेरै टाउको फुटाए । २०१७ सालको कार्तिक २८ गते हाम्रो जुलुस जाने कार्यक्रम थियो । बुढाथोकीका तर्फबाट पनि त्यही दिन जुलुस जाने कार्यक्रम थियो । हामी गाम्चा, कटुञ्जे, गुण्डूका मान्छेहरू गाम्चामा भेटेर नारा लगाउँदै पाटन जानुपर्ने थियो । गाम्चामा ठूलो भीड जम्मा भयो । गुण्डू मगरगाउँ माथिका इन्द्रबहादुर खत्रीले लामो टाँगोमा काङ्ग्रेसको झण्डा हल्लाउँदै मान्छे जम्मा गर्दै गरेको गाम्चाबाट देखिन्थ्यो । त्यो भीडलाई पर्खेर बस्दा कार्यक्रम एउटै होला भनेर गाम्चाको भीड पाटनतिर लाग्यो । खत्री आइपुग्दा त हामीहरू सयजना पनि भएनौँ । तैपनि पाटनतिर नारा लगाउँदै गयौँ । पाटन पुगेपछि इँटा बर्साउन थाले । मेरो टाउको फुट्यो । पाटनको कार्यक्रमपछि लैनचौरमा बी. पी. को भाषण सुन्न जानुपर्ने थियो । कहाँ जान सक्नु ! अस्पताल पनि नगई घरमा आएर सुतेँ । कति दिनसम्म त उठ्नै सकिनँ ।

प्र. - राजा महेन्द्रको 'कू' बारे बताइदिनुस् न !

उ. - राजा महेन्द्रले २०१७ साल पौष १ गते 'कू' गर्ने रहेछन् । मलाई त केही थाहा थिएन । 'कू' गर्ने कुरा वास्तवमा कसैलाई थाहा थिएन । त्यसै दिन त्रिपुरेश्वरमा पुगेँ । त्यहाँ तरुण दलको कार्यक्रम सुरु भएपछि भक्तपुर जिल्ला विकास बोर्डमा मिटिङ भ्याउन त्यता लागेँ । भक्तपुर पुगेपछि सरकार विघटन भयो भनेर हल्ला गर्न थाले । विघटन भनेको के हो, आफैँलाई थाहा थिएन । अनि त सिद्धिलक्ष्मी भन्ने महिलाले 'तपाईंलाई अहिले समाउँछन्, भाग्नु वेश छ' भनेर मलाई भक्तपुरको गल्लीगल्ली ल्याएर हनुमन्ते कटाएपछि उनी फर्किन् । म त्यहीँबाट भूमिगत हुँदै निर्वासित भएँ ।

प्र. - निर्वासित हुँदा कति दुःख पाउनुभयो ?

उ. - ओहो ! दुःखको कुरा नगर्नोस् । खानका लागि सुवर्ण शमशेरले दिनको बीस रुपियाँ दिन्थे । त्यो पैसाले बिहान-बेलुका खान पुग्थ्यो । ८ वर्ष यसरी निर्वासित भइयो । सुत्नका लागि धुस्नो परालमा सुतिन्थ्यो । त्यस्तो दुःख कसैलाई नपरोस् ।

प्र. - निर्वासित भएर तपाईंको क्याम्पमा बस्ने कति थिए ।

उ. - लगभग तीसजनाजति थियौँ । आउनेजाने भइरहन्थ्यो । त्यसैले लगभग भनेको हुँ । यो २०१७ सालको कुरो हो ।

प्र. - बी.पी. थुनाबाट छुटेपछि काङ्ग्रेसमा केही फरक आयो ?

उ. - २०३३ सालमा बी. पी. जेलबाट छुटेपछि दिल्ली गए । अब सशस्त्र आन्दोलन गर्नुपर्ने कुरा पार्टीमा उठ्यो । क्रान्तिको स्वरूप नयाँ हुनुपर्छ भन्नेतर्फ पार्टी लाग्यो । यही नै हो फरक ।

प्र. - नयाँ क्रान्ति गर्ने विषयको छलफलमा तपाईं पनि बी. पी. लाई भेट्न भारत जानुभएको थियो ?

उ. - मैले पनि दिल्ली गएर बी. पी. लाई भेटेको थिएँ । मजस्तै धेरै योद्धाहरू गएका थिए ।

प्र. - त्यति बेला बी. पी. को ठाँटबाँट कस्तो थियो ?

उ. - साधारण थियो । उनलाई पनि दुःख थियो । हामी उहाँसँगै कति छाक भात खायौँ तर तरकारी हुँदैनथ्यो, दालभात मात्र । यस्तो दुःख थियो उनलाई पनि ।

प्र. - तपाईं अराष्ट्रिय तत्त्व हुनुभयो, होइन ?

उ. - हो, हामीसँग बोल्न डराउँथे । हामी अराष्ट्रिय तत्त्वसँग बोल्यो भने बोल्नेलाई पनि थुनछेक होला भनेर सितिमिति हामीसँग बोल्दैनथे ।

प्र. - तपाई सर्वस्वसहित निर्वासित हो ?

उ. - सर्वस्वसहित निर्वासित होइन । तर आफू निर्वासनमा भएपछि यहाँ नापीले हाम्रो जग्गामा के-के गऱ्यो-गऱ्यो । श्रीमतीको नाममा केही जग्गा दर्ता गरेको रहेछ । त्यत्ति हो । सर्वस्वसहित नभने पनि त्यस्तै-त्यस्तैमा परियो ।

●

# समकालीन सहकर्मीहरू

## रामदाइको निष्ठा :

राम राजथला । 'रामदाइ' भनेर प्रख्यात नाम हो । कामविशेषले उनी भारत जाने-आउने गर्थे । भारतमा कोसँग भेट भयो, के-के कुराकानी भए, ती सबै यता ल्याएर पद्मबहादुर बुढाथोकीलाई बताउने गर्थे भन्ने छ । त्यति बेला भारतदेखिको समाचार मुखबाटै सुन्न पाउनु भनेको अचम्म नै हो । फेरि संयोग पनि त्यस्तै जुरेको । यता आफ्ना नेतालाई यस्ता कुराको ज्ञान गराउन पाउनु रामदाइको पनि अहोभाग्य हो । नेता बुढाथोकीले पनि ताजा खबरहरू सुन्न पाउनु र आफूले नेतृत्व दिने कर्ममा सहयोग पुग्नु, यसलाई एक-आपसमा जुराएकै भन्न मिल्छ ।

रामदाइलाई सभापति पद्मबहादुर बुढाथोकीले धेरै माया गर्थे । पछि भारतसम्म जानुपर्ने उनको प्राइभेट जागिर छुट्यो । त्यसपछि उनी सबै समय किसान आन्दोलनमा दिन सक्ने भए । पढालेखा नभए पनि उनी निकै तेजिला थिए । गाउँकै कामकाज र खेती-किसानीमा बाँकी समय बिताउँथे । उनले मलाई एकपटक उनको भाषण सुनाएका छन् । मैले अहिलेसम्म बिर्सेको छैन उनको भाषण ।

रामदाइलाई कामको सिलसिलामा एक दिन लुभू जानुपरेछ । लुभूमा पुग्दा त्यहाँ भाषणको कार्यक्रम रहेछ । भाषण गर्दै रहेछन् । उनी पनि श्रोता भएर भाषण सुनिरहँदा उद्घोषकले रामदाइलाई मञ्चमा बोलाएर भाषण गर्न लगाएछन् । उनी पनि भाषण गर्न तयार भएछन् । माइकमा पुगेर भनेछन् – "हेर्नोस्, म त पढेलेखेको होइन । केही जान्दिनँ, तर तास लेख्न भने जानेको छु । आज मैले खेल्ने तासको त्यही खेल बताइदिन्छु । तासमा दुवा, तिर्की, चौका, पञ्जा, छक्का र सत्ता हुन्छ । सत्तालाई खाने अट्ठा, अट्ठालाई खाने नहर, नहरलाई दहर, दहरलाई गुलाम, गुलामलाई मिस्सी र मिस्सीलाई बास्साले खान्छ अनि बास्सालाई पनि एक्काले खान्छ ।"

यति भन्न भ्याएका मात्र रहेछन्, उनलाई पुलिसले पाखुरा समाउन पुगिसकेछ । पुलिसले यसरी लगेपछि 'तासमा उसले उसलाई खान्छ भनेको के हो ?' भनेर सोधेछन् । 'तासको खेल भनेको त्यही हो । तासमा सानालाई ठूलाले खान्छ' भनेछन् । त्यसो भन्दाभन्दै पुलिसले पिट्न थालिहालेछ । जति पिट्छ उति 'राम' भनेर भन्दा रहेछन् । पुलिसको प्रत्येक प्रहारमा रामदाइले 'राम, राम' भन्दा जति कुट्छन्, त्यति नै सित्तल हुँदो रहेछ भनेर भन्थे । यसरी सात दिनसम्म कुटे तर मलाई दुखेन, रामको शक्ति भनेको त्यस्तो हुँदो रहेछ भनेर उनी भन्थे ।

आखिर रामदाइ किन पक्राउ परे, किन उनले कुटाइ खाए, त्यो कतै पनि उल्लेख भएन । किसान सङ्गठनमा लागेको रिसइवि पुलिससँग थियो होला, तर प्रमाण नहुँदा पक्राउ गर्ने चाँजो मिलेको थिएन । लुभूमा मिल्यो पुलिसलाई । त्यही निहुँमा रामदाइलाई हप्तौँसम्म कुटे ।

रामदाइ खाना खाए पनि नखाए पनि सधैँ हँसिलो अनुहारका थिए । अधिकांश किसानजस्तै उनलाई पनि दुई छाक खान गाह्रै थियो । सबै किसानको एउटै व्यथा हो यो । उनी निष्ठावान् कार्यकर्ता थिए । त्यसैकारण सभापति बुढाथोकीले उनको प्रशंसा गरेकै हुन्थे । उनका त्यत्रा कार्यकर्तामा उनी एक मात्र सभापतिका प्रिय पात्र बन्नु पनि सानो कुरा होइन ।

## युद्धप्रसाद मिश्र :

सभापति पद्मबहादुर बुढाथोकीलाई मन पर्ने अर्को नाम हो युद्धप्रसाद मिश्र । किनभने सभापति आतेजाते गर्ने घर भनेको मिश्र निवास नै रहेछ । उनैका माध्यमबाट सभापतिले वामका नेताहरू तुलसीलाल अमात्य र पुष्पलाल श्रेष्ठलाई भेट्ने गर्दा रहेछन् । उनीहरू पनि मिश्रकै घरमा आउने र सभापति पनि त्यहीँ जाने अनि राजनीतिक कुराहरू सिक्ने-सिकाउने हुँदो रहेछ । तर त्यस कार्यबाट पुष्पलालहरूले पनि कुनै फाइदा लिएको पाइएन । यता सभापतिलाई

पनि उनीहरूको शिक्षाले प्रभाव त पार्‍यो, तर नाफाभन्दा घाटा धेरै भएको देखियो ।

यसरी युद्धप्रसाद मिश्र चर्चामा त्यति नआए पनि उनले गर्नुपर्ने काम अवधारणाहरू सिकाउन शहरदेखिका नेता ल्याएर चाँजोपाँजो मिलाइदिएको देखिन्छ । उनलाई विशुद्ध वाम नेता भनेर जाने हुन्छ ।

## गणेशबहादुर राउत :

तर्खगालका गणेशबहादुर राउत पनि किसान आन्दोलनका सशक्त कार्यकर्ता हुन् । आफ्नो दिलोज्यानले सकेसम्म आन्दोलनमा सरिक भएर सामूहिक कार्यलाई सफल पार्ने उनको इच्छा थियो । उनी अहिले यस लोकमा छैनन् । किसान सङ्गठनका बारेमा उनी धेरै कुरा सोध्नुपर्ने व्यक्ति रहेछन् ।

एकपटक उनको घरमा अचानक पुष्पलाल श्रेष्ठलाई ल्याएर भूमिगत गराउन सिरुटारबाट लगिएछ । केही दिन उनको घरमा पुष्पलाल भूमिगत रूपमा बसेपछि उनलाई जङ्गलको बाटो टुङ्गुनसम्म पुर्‍याएर फर्किनुपरेछ । दिनभरि लुकेर बस्ने र रातमा हिँड्ने जङ्गलैजङ्गल । यसरी चार-पाँच दिनमा पुष्पलाललाई सुरक्षित पार गराएर फर्केछन् ।

गणेशबहादुर राउत विशुद्ध किसान आन्दोलका योद्धा हुन् कि वामका जुझारु व्यक्ति पनि हुन्, त्यो प्रष्ट हुन सकेन । मलाई लाग्छ किसान आन्दोलनसँग सम्बन्धित यस्ता योद्धालाई बिस्तारै वामको रापले सेकाउन थालिएको थियो । यो राउतको मात्र कुरा होइन, यस्ता कामहरू आन्दोलनको पछिल्लो समयमा धेरै पुष्टि हुँदै पनि आएको छ । यसबाट धेरै मान्छे अलपत्र परेको देखियो ।

## अङ्गीरस उपाध्याय (हजुरबा) :

लुभू यता सिरुटार उता पर्ने चसिडोलका अङ्गीरस उपाध्याय (हजुरबा) किसान सङ्गठनका एकजना ठूला योद्धा हुन् । किसान आन्दोलनले थालेको सत्याग्रहमा उनी ३२ दिनसम्म अनसन बसेका

थिए । किसानको समस्या समाधान हुनुपर्छ, सत्याग्रहमा धरपकड गरिएका सत्याग्रहीहरूलाई विनासर्त छाडिनुपर्छ भन्ने उनको छुट्टै माग थियो । उनी 'हजुरबा' बाट परिचित थिए ।

उनका मागहरू पूरा हुनुभन्दा पनि उनलाई छलकपट गरेर अनसन स्थलबाट सरकारले उठाएर लग्यो । ३२ दिनपछि उनलाई हर तरिकाले अनसन तोड्न लगाइयो । उनले अनसनबाट मात्र दुःख भोगेका होइनन् । सरकारको पक्राउमा परेर उनीमाथि गरिएको सरकारी ज्यादतीको त बयान गरेर साध्य नै छैन । किसान आन्दोलनमा बढी दुःख भोग्नेमध्येका उनी पनि एकजना हुन् । तर किन हो, सबैतिरबाट उनी ओझेलमा परेका छन् ।

नजिकको व्यक्तिले यत्रो आन्दोलनमा यति दुःख त भोग्नैपर्छ भनेजस्तो देखियो । उनको त्यो दुःखलाई मलमपट्टी कतैबाट पनि लगाइएन । सङ्घ-सङ्गठनमा काम गर्दा यस्तो हुनु भनेको राम्रो होइन । सबै एकै परिवार, सबैको उद्देश्य एउटै, सबैको एउटै पाइला भक्ति र भावना, यस्तो हुनुपर्ने हो । हजुरबाको निष्ठासम्म यो पुगेको देखिएन । त्यसैले उनी अन्यायमा परेका हुन् कि भन्ने आशङ्का जन्मिन सक्छ ।

## किसानको सत्याग्रह :

किसानहरूको कुनै पनि माग पूरा नहुने भएपछि २०११ साल फागुन १६ गतेदेखि १९ गतेसम्म सत्याग्रह गर्ने सङ्घको निर्णय भएछ । यसका लागि शाखा-शाखाबाट कार्यकर्ताहरूलाई सहभागी गराइएछ । सानो टुँडिखेलमा जनरल सेक्रेटरी नेत्रनाथ शर्मामार्फत सत्याग्रहको उद्घाटन गरिएछ । १९ गतेसम्म कार्यालयहरूमा गई सरकारलाई असहयोग गर्ने निधो गरेछन् ।

तर यो सत्याग्रह राम्रोसँग सञ्चालन हुन सकेनछ । सरकारले धरपकड गर्दा ५०-५५ जना कार्यकर्ताहरू पक्राउ परेछन् । उनीहरूलाई जेलमा लगिएछ । सरकारी गुण्डाहरूको लाठी-ढुङ्गा प्रहारबाट सबैको भागाभाग भएछ ।

उता उपसभापति विष्णुबहादुर खड्काको नेतृत्वमा पाटनसम्म सत्याग्रहको आभास दिन पुग्दा उनको टोलीमाथि पनि त्यसै गरी ढुङ्गा-मुढा प्रहार भएछ र फर्कनुपरेछ । २००६ सालमा गठन भएको सङ्गठन २०११ सालमा आइपुग्दा कति परिमार्जित भएछ र कार्यकर्ताहरू कति आज्ञाकारी बनेछन् भनेर हेर्नेसम्म काम यस सत्याग्रहले गरेको देखिएछ ।

सत्याग्रहमा भएको धरपकड देखेर अनसन बसेका 'हजुरबा' र रामदाइ निकै अलमलमा देखिएछन् । केही कार्यकर्ताहरूलाई छाडेको देखेर रामदाइले अनसन तोड्ने काम गरेछन् । 'हजुरबा' ले भने अनसन तोडेनछन् र उनको अनसन ३२ दिनसम्म गएछ ।

सत्याग्रहमा भएका ज्यादतीहरूसमेत सङ्कलन गरी सङ्गठनले राजामा जाहेरी हालेछन् । २००७ सालमा प्राप्त भएको प्रजातन्त्रको कुठाराघात भयो भन्ने किसिमको लेखोट र पक्राउ परेका साथीहरूलाई छाड्नुपर्ने जाहेरी त्यसमा रहेछ । त्यही बेला राजा त्रिभुवन परमधाम प्रस्थान गरेको शोक बारेका महेन्द्रले पक्राउ परेका केही किसानहरूलाई छाड्ने काम पनि गरेछन् ।

२०१२ साल भाद्र १७ गते भूमिसुधार सम्बन्धी १३ बुँदाको शाही घोषणा आएछ । उक्त घोषणाले किसानहरूको केही माग पूरा भएछन्, तर किसान सङ्गठनले केही माग पूरा भएको देखेनछ र मानेनछ । उसले आफ्नो विरोधलाई निरन्तरता दिँदै गएछ । परिस्थिति अनुसार यो अलि नसुहाउँदो देखिएको छ । राजाले केही हदसम्म दिएको मान्यतालाई सङ्गठनले लिन मानेनछ । सङ्गठनको यो प्रवृत्ति कताकता अलि हठ भएको हो कि भन्ने पनि छ । किनभने भएजति माग सबै एकैचोटि पाउनुपर्ने त्यो पनि राजाबाट, यो सम्भव कसरी होला ? यसले सङ्गठनभित्र धैर्यको अभाव देखायो भन्न मिल्छ ।

## नेत्रनाथ शर्मा :

कटुञ्जेनिवासी नेत्रनाथ शर्मा दधिकोट गाम्चा स्कुलका हेडमाष्टर थिए । उनी किसान सङ्गठनमा जनरल सेक्रेटरीको पदमा

बसेर काम गर्न थाले । त्यति बेलाको वार्षिक १४०० रुपियाँ तलबलाई लात मारेर किसान सङ्गठनमा आबद्ध भएर उनले हण्डर र कष्ट धेरै व्यहोरे । सत्याग्रहमा पक्राउ परेका शर्मा करिब ६ महिनापछि जेलमुक्त भए । जेलबाट छुट्कारा पाएपछि काठमाडौँदेखि उनको निवास कटुञ्जेसम्म उनलाई सिन्दुरे जात्रा गरेर ल्याइएको थियो । उनले सङ्गठनमा बसेर पाएको लाभ भनेको त्यति नै हो । त्यसभन्दा पछि कुनै त्यस्तो समयसँग उनले सामना गर्नुपरेन ।

राजनीतिमा लागेपछि पाइने हण्डर त छँदैछ । त्यसमा पनि सरकारसँग पौँठेजोरी खेल्दै किसानको हकहितको कुरा गर्नु कठिन थियो । भर्खर राणा सामन्तहरूको पञ्जाबाट बाहिर निस्केको राज्यले त्यही बेला किसान सङ्गठनजस्तो शक्ति बढाउँदै आएको संस्थालाई सरकारका कर्मचारीले कसरी हेरेका होलान्, यो पनि आफैँमा मनन गर्ने विषय हो ।

त्यति बेला सरकारसँग सिधै टसमस गर्ने सङ्गठन भनेको किसान सङ्गठन नै थियो । त्यस्तो आगोजस्तो सङ्गठनमा जनरल सेक्रेटरी हुनु पनि ठूलै उपलब्धि ठान्न सकिन्छ । सङ्गठनका लागि उनले जागिर त्यागे, यो कुनै सानो कुरो पनि होइन ।

## विष्णुबहादुर खड्का :

साधारण मान्छेभन्दा केही बढी नै हाइट भएका विष्णुबहादुर खड्का गाम्चानिवासी हुन् । 'कमाण्डिङ भ्वाइस' भएका खड्काले किसान सङ्गठनको उपसभापति भएर काम गरेछन् । निश्चय नै कठिन काममा लागेर किसानको हितमा यथोचित सहयोग पुर्‍याउनु ठूलो कुरा हो ।

त्यतिखेर राजनीति सिक्ने माहोल भनेकै यस्तै थियो । त्यसो भन्दा पनि किसान आन्दोलनलाई राजनीतिको एउटा प्रशिक्षण विन्दु भन्दा हुन्छ । यसभन्दा पहिले यस्ता सङ्घ-सङ्गठनहरू नेपालमा देख्न पाइएका थिएनन् । राणाहरूको उठिबासले मात्र यस्ता सङ्घ-सङ्गठनहरू खुल्न सफल भएका थिए । विष्णुबहादुर खड्काले पनि

त्यो अवसर नछाडेको देखियो । सङ्गठनमा नलाग्दा पनि उनलाई केही फरक पर्ने थिएन । तर लागे, राम्रै भयो ।

पाटन आन्दोलनमा कमाण्डिङको काम गरेर जाँदा त्यहाँबाट लखेटिँदा उनलाई जतिको खतरा अरूलाई थिएन । सबैभन्दा अग्लो मान्छे इँटा-ढुङ्गाको प्रहारबाट जोगिन निकै गाह्रो थियो । यी विभिन्नखाले हण्डरहरूले उनलाई परिपक्व बनायो । उनको सङ्गतले, चिनाजानीले, किसान आन्दोलनको उपसभापति पदले सबैतिर ऊर्जा दिन थाल्यो । त्यसै भएर उनलाई पछि माननीय बन्न ठूलो सहयोग भयो । उनका लागि यो उपलब्धि किसान आन्दोलनले नै दिएको हो भन्दा फरक पर्दैन ।

## गोदावरी मेलामा :

२०१२ सालतिर गोदावरीको बाह्रवर्षे मेला चलेको थियो । त्यो मेलामा किसान सङ्गठनले स्वयंसेवकको काम गर्ने भएछ । मेरा 'बा' पनि त्यहाँ जान खटिनुभएको रहेछ । गाम्चाबाट एउटा जीपमा अटेजति बसे । त्यता लागियो । त्यसमा 'बा' ले मलाई पनि लग्नुभएको थियो । त्यहाँ पुगेपछि देखियो – बाहिरको कुण्डमा पश्चिमपट्टिको अग्लो डिलमा तीन-चारवटा बेन्च राखिएका रहेछन् । त्यहाँ माइक अनि उपचारका औषधिमुलो सबै देखियो । अन्दाज गर्दा केही दिन पहिलेदेखि नै त्यहाँ मेला चलिसकेको रहेछ । हामी केही दिनपछि पुगेका रहेछौँ । मलाई त रमाइलो पनि भयो । पहिलोपटक ती सबै सामान देखियो ।

केही क्षण त्यहाँ राखेको बेन्चमा बसेपछि मलाई 'मुख आँ गर बाबू' भनेर एकजनाले मेरो मुखमा २० एम. एल. जति पहेंलो झोल हालिदिनुभयो । को हो, म चिन्दिनँ । आहा ! त्यो मीठो झोल खुवाएपछि 'ल जाऊँ' भने । अलि पश्चिमतिर खाने-बस्ने घर रहेछ, मलाई त्यतै लगे ।

भोलिपल्ट बिहान पनि त्यही कुण्डतिर गइयो । त्यहाँ त माइकले हराएको मान्छेको नाम भन्ने र भीड नगर भनेर कराइरहने

गर्दा रहेछन् । मलाई पनि नुहाइदिन भित्र कुण्डमा लगे र नुहाइदिए । त्यसपछि आएर फेरि त्यही बेन्चमा बसियो र नुहाउनेहरूको भीड हेरियो ।

फेरि पनि मलाई 'मुख आँ गर बाबू' भनेर उनै मान्छेले रातो झोल मुखमा हालिदिनुभयो । एक क्षणपछि खाना खान बिहान आएको घरतिरै मलाई लगे । लग्ने को हो, ल्याउने को हो, मलाई थाहा हुने कुरै थिएन । 'बा' माइक भएतिरै व्यस्त हुनुहुन्थ्यो । कहिले त खाना पनि बेलुका एकैचोटि खानुहुन्थ्यो । 'बा' जस्तै कतिपय मानिसहरू त्यहाँ खटिएका थिए । कोही नुहाउने ठाउँतिर थिए, कोही लाइनमा भीड गर्न नदिनेमा थिए । यी सबै हेर्दै बस्ने काममा चाहिँ म थिएँ ।

कोही घाउचोट लागेर औषधि लगाउन आएको, कोही गरिबहरू थुरथुर काम्दै हिँडेको देखिन्थ्यो । त्यस्तालाई मण्डी ओडाएर पठाउँथे । हामी बसेको घरतिर पनि त्यस्तै मण्डी ओड्ने र ओछ्याउने गरेको देखिन्थ्यो ।

त्यसरी नुहाउँदै, रमाइलो हेर्दाहेर्दै एक हप्ता बितेछ । मलाई 'बा' ले गाउँको मान्छेलाई जिम्मा लगाएर घर जान भन्नुभयो र म घरतिर आएँ ।

## होमशङ्कर गुरु :

गोदावरी मेलामा मलाई झोल पदार्थ खुवाउन 'मुख आँ गर बाबू' भन्ने मान्छे होमशङ्कर ढुङ्गेल रहेछन् । उनको काम नै उपचार गर्ने रहेछ । भक्तपुरको दक्षिण भेगका जनतालाई बिमार पर्दा डाक्टरी उपचार गर्ने उनै हुन् । भक्तपुर कटुञ्जेनिवासी उनी उपचारविधिमा ख्याति कमाएका व्यक्ति हुन् । उनी गोदावरी मेला सकिएपछि कटुञ्जेबाट हिँडेर गोदावरी पुग्ने र त्यताबाट हिँडेर बालकोट हुँदै घर आउने गर्थे । उनको हिँडाइ त्यस्तो थियो ।

उनी हप्तामा एक-दुईपटक हाम्रो घरमा आउँथे र मेरा 'बा' सँग गफ गर्दै तमाखु खान्थे अनि हिँडिहाल्थे । कतै उपचार गर्दा

गरिबी देखेर पैसा पनि लिँदैनथे । हामीकहाँ भने 'बा' सँगको मित्रताका कारणले पैसा लिन नमानेपछि उनको ज्वारीकोटको बगलीमा उनले थाहा नपाउने गरी 'बा' ले पैसा हालिदिनुहुन्थ्यो ।

प्रायजसो 'बा' बिमार परिरहने हुँदा म उनको घरमा गएर बा' को व्यथा बताउँथेँ र औषधि लिएर आउँथेँ । कहिले भने 'म आफैँ आउँछु बाबू, बालाई त्यसै भन्नू है' भनेर पठाउने गर्थे र दिउँसो आउँथे पनि । उनी सबैका प्यारा र श्रद्धालु थिए । उपचारविधिमा उनले धेरैलाई उद्धार गरेका थिए । मान्छे नमर्ने होइन, तर उनीबाट दक्षिण भेगलाई उपचारमा ढुक्क थियो । त्यति बेला घरमै आएर उपचार गर्नु भनेको सानो सुविधा होइन । उनी सुवासचन्द्र ढुङ्गेलका पिता हुन् । बाबुबाजेको धर्मले छोरानातिलाई राम्रो हुन्छ भन्थे । पिताको धर्मले वरिष्ठ गीतकार सुवासचन्द्र ढुङ्गेललाई राम्रै भएको छ ।

होमशङ्कर गुरु मेरा 'बा' जत्तिकै तमाखु र चुरोट खाने व्यक्ति हुन् । एकपटक उनी पाटन पुगेछन् । पाटनको लगनखेलतर्फको एउटा सत्तलमा बसेर एकजनाले तमाखु खाएको देखेछन् । तमाखुको बास्नाले उनको बाटो छेकेछ । उनले उभिएर धेरै बेर त्यो हुक्का-चिलिमलाई हेरेछन् । हेर्ने मात्र होइन, तमाखुको बास्नाले नजिक-नजिक जान थालेछन् । अन्तमा गएर त्यो खाइरहेको तमाखुको चिलिम समाउन पुगेछन् । त्यो तमाखु खाने व्यक्तिले भनेछ – 'बाज्या ! म त अर्कै जातको ।'

बल्ल त्यति बेला उनलाई होस आएछ र चिलिम छाडेर आएछन् । 'त्यो दिनदेखि मैले तमाखु खान छोडेको' भनेर मेरा 'बा' सँग कुरा गरेको मैले सुनेको थिएँ । तमाखु र चुरोटको नसा कस्तो हुन्छ भन्ने कुरा मैले त्यसै बेला थाहा पाएको हुँ । त्यस बेला सुनेको त्यो कुरा मैले कहिल्यै बिर्सिनँ र आज उल्लेख गरेको हुँ ।

●

# बा, वाम र बुढाथोकी

## २०१५ सालको आमचुनाव :

भन्न त २००७ सालमा नै संविधानसभाबाट संविधान बनाउने, चुनाव गर्ने, प्रतिनिधिहरूबाट सरकार गठन गर्ने जस्ता कुराहरू गरिएका थिए । तर राजा त्रिभुवनको पालामा नै ती कुराहरू सबै थाती रहे । २००७ सालको प्रजातन्त्रले राजनीतिक वातावरण पनि केही तरङ्गित हुन छाडेको थिएन । त्यसैकारण राजा महेन्द्रले २०१५ सालमा आमचुनाव गराए । चुनावमा किसान सङ्गठनका तर्फबाट सभापति पद्मबहादुर बुढाथोकी आफैँ उमेदवार बन्नुभएको थियो ।

उपत्यकाको हिंसाबमा सभापति बुढाथोकीले चुनाव जित्नुपर्ने हो, तर उहाँको हार भयो । कसरी हारियो भन्ने विषयमा उहाँले आफ्नै तरिकाले समीक्षा गर्नुभएको थियो होला, तर त्यो विश्लेषण बाहिर आएन । यस विषयमा मेरो चाहिँ छुट्टै विश्लेषण छ ।

चुनाव हार्नुपर्ने मुख्य कारणहरूमध्ये पहिलो कारण त चुनावी क्षेत्रको गडबडी हो, जसले चुनाव हार्नमा मद्दत गऱ्यो । सङ्गठन सबै उपत्यकाभित्र सङ्गठित थिए । उपत्यकाबाहिर सङ्गठनको त्यति पहुँच थिएन । यदाकदा किसान सङ्गठन त खोलिएको होला, तर त्यसको पहुँच त्यति उल्लेख्य थिएन । उहाँको चुनावी क्षेत्र भने उपत्यकाबाहिर भएको भन्ने छ । मेरा 'बा' महिनौँ दिनसम्म चुनावमा खटिनुभएको थियो । उहाँले अरूलाई भनेको मैले सुन्दा चुनाव क्षेत्र दुम्जासम्म थियो । त्यहाँसम्म पुग्न हिँडेर जानुपर्ने र घरघरमा प्रचारसमेत गर्दै हिँड्नुपर्ने काम मेरा 'बा' को जिम्मामा रहेको थियो । 'बा' इमानदारीपूर्वक आफ्नो काम सकेर फर्कनुभयो, यता चुनाव भने हारियो ।

चुनाव हार्नुमा दोस्रो कारण किसान सङ्गठनसम्मका लागि गरिब किसान एक जुट भएका हुन् भन्ने कुरो त्यति बेला सङ्गठनले बुझ्न सकेन । सङ्गठनमा अखिलको नराम्रो प्रभाव परिसकेको थियो ।

लाखौँलाख कार्यकर्ता भइसकेको सङ्गठन एक्कासि कम्युनिष्ट खेमामा पल्टाउन हुने थिएन । किसान सङ्गठनले सबै गरिब किसानहरूलाई कम्युनिष्टमा परिवर्तन गर्न सजिलो हुन्छ भन्ने सोच राख्यो । विस्तृत छलफलविना सङ्गठनलाई अन्त लगेर बिसाइदिएपछि त्यसको नकारात्मक प्रभाव अवश्य पऱ्यो र चुनावमा असहयोग हुन पुग्यो ।

तेस्रो कुरा, चुनावी क्षेत्र निर्धारण गर्दा त्यहाँ पनि चलखेल भएको हुनुपर्छ । किसान सङ्गठनभित्र कम्युनिष्ट खेल देखेको दरबार सभापतिलाई हराउनका लागि विनाषड्यन्त्र चुप लाग्दैनथ्यो । त्यति बेलाका पुष्पलालहरू हाडखोर कम्युनिष्टको लिस्टमा पर्दथे । दरबारिया कम्युनिष्टको घुसपैठ भएको किसान सङ्गठनमा केशरजङ्ग रायमाझीलाई निकालेर सङ्गठन सुदृढीकरण गरेको कुरालाई दरबारले राम्ररी नै हेरेको हुनुपर्छ । त्यसैले चुनावी क्षेत्रमा गडबड हुन पुग्यो र चुनाव हार्नुपऱ्यो । दरबारिया कम्युनिष्टसँग सम्बन्ध बलियो रहेको भए सभापतिले चुनाव जित्ने अनुकूल वातावरणको चुनावी क्षेत्र बन्ने थियो र चुनावमा जीत हुने निश्चित थियो ।

चुनावी हारजीत पनि एउटा घटना हो । यस बारेमा सभापति मौन रहेको पाइन्छ । उहाँले यो कारणबाट चुनाव हारियो भन्न सक्नुपर्थ्यो, त्यो कतै उल्लेख छैन । २०१५ सालमा आमचुनाव भयो, चुनावमा भाग लिएको र हार भएको सजिलो टिप्पणी मात्र सभापतिबाट आएको पाइन्छ ।

## 'बा' को शिवपुरी :

किसान सङ्गठनको कुनै पनि भूमिकामा मेरा 'बा' हुनुभएको देखिँदैन । 'बा' को नाम महत्त्वपूर्ण निर्णय र पदहरूमा कतै छैन । तर सङ्गठनको विस्तारमा 'बा' को भूमिका भूमिगत रूपमा धेरै रहेको थियो । सभापति आफैँले लेखेको किताबमा पनि बल्लतल्ल कतै-कतै नाम उल्लेख गरेको पाइन्छ, तर त्यति ठूलो भूमिकामा होइन । भूमिकाबेगरका मान्छे मेरा 'बा' को सभापतिसँग हुने भेटघाट र सभापति आफैँ हाम्रो घरमा आउने, बस्ने, ठूलो छलफल हुने गरेको

मलाई थाहा छ । करिब-करिब हप्ता – पन्ध्र दिनमा दुई-तीनपटक हाम्रो घरमा सभापति आउनुभएकै हुन्थ्यो । 'बा' पनि उहाँको घरमा गइरहने चलनै भइसकेको थियो । यही कारण हुन सक्छ सभापति जति समय भूमिगत हुनुपऱ्यो, त्यति नै समय मेरा 'बा' ले पनि भूमिगत हुनुपरेको थियो ।

'बा' ले भूमिगत जीवनको हण्डर करिब चार-पाँच वर्षसम्म खेप्नुपऱ्यो । भूमिगत कालमा सबैभन्दा कठिन समय शिवपुरी जङ्गलको बास भएको बताउनुहुन्थ्यो । दिनभरि शिवपुरी जङ्गलको भड्खालोमा स्याउला ओढेर बिताउने र रात परेपछि कागेश्वरी क्षेत्रमा ओर्लेर सङ्गठन गर्ने । त्यहाँको भूमिगत जीवन त्यस्तो थियो । लुकीलुकी गरिएको सङ्गठन विस्तारको काम त्यस्तो थियो ।

कागेश्वरी भेगमा हाम्रा आफन्तहरू धेरै थिए । नातेदारहरू पनि त्यति नै थिए । त्यसैले 'बा' लाई यता भूमिगत हुन कठिन परेपछि त्यतै जाने चाँजो मिलाउनुभएको रहेछ । त्यहाँ पनि एकपटक ठूलो सङ्कटबाट पार पाउनुभएको कुरा गर्नुहुन्थ्यो । बिहान उज्यालो हुनुभन्दा पहिले शिवपुरीको जङ्गलमा पुगिसक्नुपर्ने र त्यहाँ दिनभरिका लागि बस्ने ठाउँको व्यवस्था गरिसक्नुपर्ने रहेछ । एक दिनको कुरो हो, स्याउला ओढेर ठूलो कान्लोमाथिको भड्खालोमा बस्ने ठाउँ बनाउनुभएछ । स्याउला ल्याएर ओछ्याउने-ओढ्ने गरेर सुतिरहेको आफूमाथि काग कराएर हैरान गर्न लागेछ । उता काग कराएको देखेर प्रहरी त्यतै आएछन् । अग्लो कान्लोमुनि प्रहरी, कान्लोमाथि आफू भइएछ । यत्तिकैमा एकजना प्रहरीले 'माथि नजा, बाघहरू हुन सक्छन्' भनेर भनेछ र सबै प्रहरी फर्केछन् । एकपटक पक्राउ पर्नबाट यसरी पनि जोगिएको कुरा 'बा' बताउनुहुन्थ्यो । त्यसरी जोगिएको रात गाउँमा आएर दिउँसोको कुरा सबै बताएपछि उनीहरूले गाउँमै बस्ने व्यवस्था मिलाएर केही महिना यसरी त्यहाँ बिताएको भन्नुहुन्थ्यो ।

एकपटक त जङ्गलमा तिर्खा लागेर उधुम भएछ । आखिर जङ्गलतिर यसो हेरेको पानीअमलाको बुटो देख्नुभएछ । गएर बुटो

तानेको त एक मानोजति पानी अमला आएछ र त्यही खाएर पानीको तिर्खा मेट्नुभएछ । यो पनि भन्नुहुन्थ्यो ।

त्यसपछि त्यो क्षेत्र पनि सुरक्षित रहेन । प्रहरीले तलास गर्न थालेछन् । यो अवस्थाबाट पार पाउन फेरि गाउँतिर फर्कनुपरेछ । लुकिछिपी गाउँको वरपर भूमिगत भएर बसेको बताउनुहुन्थ्यो ।

## धरपकड र गुप्तचरी :

किसान सङ्गठनले किसानको हकहित गर्ने हो । किसानको हकहति गर्ने काममा धरपकड हुनु त नपर्ने हो । तर किन धरपकड भयो भन्ने विषय मेरा 'बा' लाई थाहा थियो-थिएन, भन्न सकिएन । किनभने मैले पनि 'बा' सँग यस विषयमा केही सोधिनँ । अहिले बुझ्दा किसानको आवरणमा कम्युनिष्ट आन्दोलनतिर सङ्गठन अग्रसर भएको कारण धरपकड भएको रहेछ । थाहा पाएर या थाहा नपाएर जेजसरी सङ्गठनमा आबद्ध भए पनि त्यहाँबाट पाउनुपर्ने हण्डर पाएर 'बा' ले समय बिताउनुभयो, त्यसमा भन्नु केही पनि छैन ।

यसको घाटा-नाफा सङ्गठनका सभापतिले सोच्नुभएको होला । पुष्पलाल श्रेष्ठ र तुलसीलाल अमात्यको सङ्गतले किसान सङ्गठन कति अघि गयो अर्थात् खुम्चिनुपर्‍यो, त्यसको आभास पनि सभापतिमा नै थियो होला । उहाँले सबै कुरा गोप्य राख्नुभएको पनि होइन होला । वास्तविकता बाहिर आएपछि त्यसको नतिजा बताउने क्रममा आफ्ना सहयोगीहरूलाई यथार्थ भनेको थाहा भएन । यसले हानि-नोक्सानी त पुर्‍यायो नै ।

यता भूमिगतको माहोल र उता गुप्तचरहरूको बिगबिगी बढ्दै गएको थियो । त्यति बेला गुप्तचरहरू फस्टाएका थिए । भक्तपुरको दक्षिण भेगमा टोलैपिच्छे गुप्तचरहरू तैनाथ गरिएका थिए । हामी बच्चालाई समेत 'यो त्यो गाउँको गुप्तचर हो' भन्ने थाहा हुन्थ्यो । किसान सङ्गठनले अरू उपलब्धि केही गर्न नसके पनि गुप्तचरहरूलाई यसरी दानापानीको व्यवस्था राम्ररी गराइदिएको पाइयो । दिनमा चार-पाँचजना गुप्तचर पिपरमेण्ट लिएर मलाई भेट्न

आउँथे । 'बा खोई ?' भन्थे । मेरो एउटै उत्तर हुन्थ्यो – 'थाहा छैन ।' यो क्रम 'बा' को भूमिगत कालसम्म नै रह्यो । 'थाहा छैन भन्नू' भनेर मलाई सिकाइएको थियो ।

## पर्चा आयात हुन्थे :

'बा' को भूमिगत समयमा 'बा' ले मात्र कष्ट भोग्नुभएको होइन । घरका सबै परिवारलगायत म पाँच-छ वर्षको उमेरको बच्चालाई पनि त्यो समय कष्ट नै थियो । घरको आँगनमा राति कसकसले मार्क्स र लेनिनका किताब, पुस्तिका र पर्चाहरू ल्याएर फालिदिएका हुन्थे । भोलिपल्ट बिहान ती कागजातलाई मैले डोकोमा हालेर बाँसको झ्याङतिर लगेर नष्ट गर्नुपर्थ्यो । मैले डोकोमा बोक्न नसक्ने सामग्री हुन्थे । यसरी नष्ट गरेन भने प्रहरीले घरका मान्छेलाई त्यही आधारमा समातेर लग्ने अवस्था थियो । यसबाट घरपरिवारले बाँच्नका लागि त्यसलाई हरतरिकाले नष्ट गर्नुपरेको थियो । यसरी नै कहिले आँगन त कहिले घरछेउ बारीको डिलतिर फालेर जान्थे । तर कसले फाल्थे भन्ने कुरा हामीलाई थाहा थिएन । महिनामा दुई-चार दिन यो घटनासँग परिवारले जुध्नुपर्थ्यो ।

'बा' को भूमिगत अवस्थामा यसरी कम्युनिष्टका पर्चाहरू घरमा आउनु किसान सङ्गठनको काम त अवश्य थिएन । 'बा' कम्युनिष्टमै लाग्नुभएको भए पनि भूमिगत भएको कुरा ती पर्चावाला कम्युनिष्टलाई थाहा हुनुपर्ने हो । जथाभावी फजुलमा पर्चा-पुस्तकहरू खर्च गर्नुनपर्ने हो । यो कुरा अहिले तर्क गर्ने विषय मात्र हो । किनभने त्यति बेला कम्युनिष्टहरू वक्तव्य र पर्चा छरेर राजनीति गर्थे । भूमिगत हुने, वक्तव्य र पर्चा लेख्ने, ठाउँठाउँमा पुऱ्याउने, त्यही नै उनीहरूको ठूलो काम हुन्थ्यो ।

त्यस समयमा रुसदेखि किताब र पर्चाहरू नेपाल भित्रिन्थे । दरबारको सहयोगविना अरूबाट सम्भव छैन । उसैले आयात गर्ने र कहाँ-कहाँ पठाउनुपर्ने हो त्यहाँ-त्यहाँ पठाउने गर्दा ती लिष्ट अनुसार सजिलैसँग पुग्थे । भूमिगतको नाममा यसरी पर्चा-पुस्तक

गाउँगाउँसम्म पुगेका हुन्थे । विशुद्ध नेपाली, अङ्ग्रेजी अनि हिन्दी भाषामा छापिएका हुन्थे ।

## किसान सङ्गठन अधोगतितिर :

२००६ सालदेखि किसान सङ्गठनको सुरुवात गरेको सिरुटार क्षेत्र २००८ सालमै बहकिन पुगेछ । २०१२-१३ सालतिर त सङ्गठनका कुरा सबैजसोले थाहा पाइसकेछन् । 'एउटै छाना, एउटै नाना, एउटै खाना', यस्तो सजिलो र लोभ लाग्ने खालको नारा किसान सङ्गठनमा मिसिन थालेपछि ठूलो सपना देखेर किसानको हित गर्न लागिपरेका निष्ठावान्हरूमा चोट पुगेको देखियो । त्यति बेला सिरुटार त पुष्पलाल र तुलसीलालजस्ता नेताको खेलमैदान पो बन्न पुगेछ । लाखौँलाख कार्यकर्ता बन्नमा यिनको सहयोग होइन, ती कार्यकर्ताहरू सबै किसान हकहितका लागि जुटेका हुन् भन्ने सङ्गठन पक्षले ख्याल गरेन । मर्न तत्पर हुने आफ्ना कार्यकर्ताको निष्ठालाई किसान सङ्गठन पक्षले सम्झेन । उसले एकोहोरो पुष्पलाल र तुलसीलाललाई मात्र सम्झ्यो । कम्युनिष्टहरूका फोस्रा नाराहरू मात्र सम्झ्यो ।

सङ्गठन किन यसरी एकोहोरिएको हो ? यसबाट किसानलाई र सभापति आफैँलाई पनि फाइदा या बेफाइदा के भएको थियो ? लाखौँ कार्यकर्ता बनाउन सक्नेहरूमा यो ख्याल किन आएन ? यस्ता प्रश्नहरू अनगन्ती बने त्यति बेला । त्यसको उत्तर खोजे, पाउन सकेनन् । अनि कार्यकर्ताहरूमा विचलन आउन थाल्यो । फलस्वरूप उपसभापति भएका विष्णुबहादुर खड्का, जनरल सेक्रेटरी भएका नेत्रनाथ शर्मा आदिले सङ्गठन छाडे । यो सङ्गठन छाड्ने क्रमको सुरुवात थियो । उता तर्खगालका भक्तबहादुर, गाम्चाकै दलबहादुर, कटुञ्जेका ढुण्डिराज, त्यस्तै सिरुटार वरपरका धेरैले सङ्गठन छाड्दै निस्के । लाखौँ कार्यकर्ताहरूमा यही अवस्था आइपऱ्यो । सबैजसोले धमाधम छाड्न थाले । १५ लाख २० हजार कार्यकर्ताको बिचल्ली नै भयो । २०१५ सालको चुनावमा पनि यसबाट ठूलो धक्का लागेको

थियो । तर यसको ख्याल भएन । त्यति उचाइमा पुगिसकेको सङ्गठन पतन भयो ।

किसान सङ्गठन ध्वस्त पार्नुमा कसको स्वार्थ थियो, त्यो अहिले हामी सहजै अनुमान गर्न सक्छौं । तर त्यति बेलाका मान्छेले किन विचार पुऱ्याएनन् ? सङ्गठन सुरु गर्नु, कार्यकर्ताले पत्याउनु, यी सबै संयोगमा टेकेर ठूलो भइसकेपछि कम्युनिष्टले सबैलाई पाल्छ भन्ने सपनामा किन फसेका होलान् ? कुरासम्म सुन्ने, आफ्नो सङ्गठनलाई विचलित हुनबाट रोक्ने पक्षमा नलाग्नु नै पतनको बाटो हिँड्नु जस्तो भयो । किसान सङ्गठनका सभापतिको एकल निर्णयमा सङ्गठन लागिसकेको थियो । सङ्घ-सङ्गठन एकल निर्णयमा जानु भनेको अन्तमा पतन हुनु हो ।

## ठूलो हुने फाल खुस्क्यो :

मानिसले अनुमान, अड्कल र अनुभवलाई सँगै लिएर हिँडेको हुन्छ । यी तीनमध्ये कुनै एकले काम गरेन भने उसलाई ठेस लाग्छ । सभापति पद्मबहादुर बुढाथोकीको हकमा पनि यही भएको हो । उहाँ लाटो हिसाबमा किसानहरूको समस्या मात्रै लिएर हिँड्नुभएको थियो भने यो राष्ट्रको ठूला होनहार नेता बन्नुहुने थियो । राजा महेन्द्र किसानकै पक्षमा देखापरे । देखापरेका मात्र होइनन्, किसान सङ्गठनले राखेको माग भूमिसुधार लागू गरे । तमाम किसानहरूलाई यसले ठूलो राहत मिल्यो । यो माग सबै किसान सङ्गठनको थियो । हाम्रो माग पूरा भयो भन्ने नेपालभर पुग्थ्यो । महेन्द्रले भूमिसुधार लागू गरे पनि त्यसको सबै जस किसान सङ्गठनले लिने थियो । त्यति मात्र होइन, उहाँ मन्त्री र प्रधानमन्त्री हुने सम्भावना थियो । यो ठूलो सौभाग्य चकनाचुर भयो । आफूभन्दा कान्छा ठेउकेहरूको बहकाउमा लागेर उचाइजति सबै निचाइमा गयो । ठेउकेहरूले त्यति गर्नु थियो गरे । त्यसपछि सम्पर्कमा आउन छाडे ।

सभापति बुढाथोकीले आफ्नो किताबमा भन्नुभएको छ – "दरबारका निजी सचिव मधुसूदन माथेमासँग सम्पर्क थियो ।"

यो सम्पर्कलाई उहाँले फाइदा लिने बाटोमा लानुपर्थ्यो । फाइदाको अर्थ व्यक्तिगत फाइदा होइन, सङ्गठनले नै फाइदा लिन सक्थ्यो । फाइदा लिँदै आएको पनि देखियो । जस्तो सत्याग्रहमा पक्राउ परेका कैयौँ कार्यकर्ता नेताहरूको रिहाइ मधुसूदनमार्फत नै भएको देखियो । तर उहाँले यो सम्पर्कलाई चिरस्थायी बनाउन सक्नुभएन । ठीक ठाउँमा पुगेको पाइला लर्बरायो र फर्कियो ।

भन्न त पञ्चायतको विरोधमा उभिएका कारण यस्तो भयो भनिएला । किसान सङ्गठन पञ्चायतको विरोधमा थिएन । उसले त आफ्नो माग पूरा गर्ने र किसानको भलाइ गर्ने हो । कतिपय किसानलाई फाइदा पुग्ने काम गजेटबाट प्राप्त हुँदै आएको पनि थियो । त्यस्तो सानो उपलब्धिले ठूलो उपलब्धि हासिल हुन्छ भन्ने सोचाइ भएन । पञ्चायतको किन विरोध गर्नुपर्‍यो र ?

## कम्युनिष्टले खाएको सङ्गठन :

पञ्चायतको विरोध त कम्युनिष्टले गर्ने हो । उनीहरूको माग सबै पूरा भए पनि उनीहरूलाई चित्त बुझ्दैन । देशमा भएका कलकारखाना बिक्री गराउने काम यिनैले गराएका हुन् । कलकारखानाको मुख नदेखेको मुलुकमा त्यति ठूला र त्यति धेरै कारखाना ल्याएर सञ्चालनमा आएपछि उनीहरू मजदुरहरूलाई भड्काउन थाले । उनीहरूले कारखाना चल्न नदिने भए अनि बेचियो कारखाना । अहिले चोभारका मान्छेले नै भन्छन् हामीलाई बर्बाद गरिदिने कम्युनिष्ट नै हुन् । यो अवस्था किसान सङ्गठनमा पनि देखापर्‍यो ।

सङ्गठनमा दोहोरो चरित्रको काम पनि गरियो । एकातिर दरबारको सचिवसँग सम्पर्क, अर्कोतिर कम्युनिष्टसँग । यसले पनि निकै हानि पुर्‍यायो । हुन त त्यति बेला कम्युनिष्टका भीष्मपितामह ठहरिएका केशरजङ्ग रायमाझीले राजदरबारको राजसभा स्थायी समितिको प्रमुख पदमै जागिर खानुले कम्युनिष्टका बारेमा केही भनिरहनुनपर्ने हो । यो उदाहरण धेरै पछि र किसान सङ्गठन धेरै

अघिको कुरा थियो । अहिले हामीलाई उपमा दिन त सजिलो छ, तर त्यति बेलाको माहोल अन्तै फसिसकेको थियो । हामीले समाउने भनेको त्यसैलाई हो । समातियो पनि र फुत्क्यो पनि । बराबरै भयो ।

आखिर सभापति पद्मबहादुर बुढाथोकीलाई कम्युनिष्टका बारेमा धेरै कुरा फुरेछ । उहाँले "कम्युनिष्टका कोरा सिद्धान्तले मात्र केही काम गर्दैन, समय र परिस्थिति धेरै बदलिइसकेको छ, हावापानी अनुसार नेपालमा कम्युनिष्टलाई परिमार्जन गर्नुपर्छ र नेताहरूले त्यसै गरून्" भन्नुभएको छ ।

त्यसरी उहाँले धेरै पछि कम्युनिष्टका बारेमा सत्यतथ्य पत्ता लगाउनुभयो । यही भनाइ नेपालका कम्युनिष्टहरूमा आउन थालेपछि 'जबज' (जनताको बहुदलीय जनवाद) को अवधारणा जपिन थालेको हो ।

## 'बा' सँग एउटा प्रश्न :

एउटा कुरा हामीले ख्याल गर्नुपर्छ । सिपाही जागिर छाडेर सङ्गठन गर्न आएका त्यो जमानाका मानिस, जसको पढाइलेखाइ थिएन, ले त्यति गर्नु भनेको पनि ठूलो कुरो हो । हाम्रो चित्त नबुझेर हुँदैन । उनीहरूको तत्क्षणको विचारले जे देख्यो, त्यही गरे । हामीले त उनीहरूको साख जहिले पनि उच्च भएको देख्न चाहने हो । त्यो समय र यो समयको विचार तुलना गर्नै सकिँदैन ।

यही प्रसङ्गमा मैले जिन्दगीभरमा एउटै कुरा मेरा 'बा' सँग सोधेको थिएँ । २०५८ साल वैशाखतिरको कुरो हो । 'बा' सँग नजिकै बसेको थिएँ, अनि मैले 'बा !' भनेर बोलाएँ । 'बा' ले 'किन ?' भन्नुभयो । अनि मैले भनें – "तपाईंहरूले त्यत्रो किसान आन्दोलन गर्नुभयो, कहाँ छेउ चुक्नुभयो बा ?"

उहाँले आफू चुकेको कुरै गर्नुभएन । 'कतै चुकेको जस्तो लाग्दैन' भन्नुभयो । अनि मैले भनें – तपाईं या सभापति काठमाडौं जाँदा कसलाई भेट्नुहुन्थ्यो ?

बाले भन्नुभयो – "लोकदर्शन बज्राचार्यलाई भेटिन्थ्यो ।"

अनि मैले केही पनि सोधिनँ । मेरा 'बा' सँग यस्ता धेरै कुरा सोध्नु थियो, तर मैले भ्याइनँ ।

मैले भने 'बा' को एक्लो भनाइलाई लिएर एउटै निष्कर्ष निकालेको थिएँ । दरबारसँग सम्पर्कमा रहेर सङ्गठन चल्दैन भन्ने मेरो भनाइ त्यति बेला थियो । तर यति बेला भने विशुद्ध किसान सङ्गठनलाई सकारात्मक रूपमा दरबारले पनि खोजेकै हुन्छ भन्ने मेरो सोच भयो । अब भने दुइटा कुरा देखियो । सभापति बुढाथोकीले मधुसूदन माथेमासँग सम्पर्क बढाउनुभयो भने मेरा 'बा' ले लोकदर्शन बज्राचार्यसँग सम्पर्क बढाउनुभयो । लोकदर्शन पनि दरबारकै सचिव थिए । यी दुवैसँग सम्पर्क भएको होला अथवा दुवैसँग सम्पर्क भएको नहोला, तर भए पनि नभए पनि केही अर्थ रहेन । त्यति बेला 'बा' को सङ्गठन कम्युनिष्ट पार्टीमा आबद्ध भएको मलाई थाहा भएन । मैले एकोहोरो किसान सङ्गठनको सम्झना गरेको थिएँ । 'घरमा कम्युनिष्ट पर्चाहरू आफैँले नष्ट गर्ने अनि थाहा थिएन भन्न मिल्छ र ?' भन्ने पनि हुन सक्छ । मैले पर्चा नष्ट गर्न थाल्दा पाँच-छ वर्षको थिएँ । फेरि पर्चा त्यहीँबाट आउँछ भन्ने पनि भएन । पर्चाका बारेमा हामी अझसम्म पनि अनभिज्ञ नै छौँ ।

जसरी मलाई 'बा' को किसान सङ्गठन कम्युनिष्ट खेमामा गएको थाहा थिएन, त्यसै गरी त्यहाँका १५ लाख कार्यकर्ताले पनि थाहा पाएका थिएनन् । थाहा पाउनेजतिले बिस्तारै छाड्न थालिसकेका थिए । उसले किन छाड्यो भन्ने कुराहरू मात्र हुन्थे । वास्तविकता थाहा हुँदैनथ्यो । एवं रीतले सङ्गठनका सदस्यहरू यसरी नै पातलिँदै आएको सङ्गठनभित्रै थाहा भएन । थाहा भए पनि त्यसलाई रोक्न सक्ने क्षमता हराइसकेको थियो ।

## आनन्दको लीला :

चालकले गाडी चलाउँदा मेरो गाडीमा यति मान्छे छन् भनेर ख्याल गरेन भने उसले गाडी बेढङ्गले चलाउन थाल्दछ । किसान सङ्गठनमा त्यही हुन पुग्यो । यो पनि एउटा संयोग हुन सक्छ । संयोग

पनि जुर्नुपर्छ । विनाजुराइको संयोगले कुनै प्रगति देखाउन सक्दैन । प्रगति राम्रै देखाएको संयोग बिस्तारै सेलायो ।

यस विषयमा मैले 'बा' हरूलाई केही भन्नेवाला छैन भनेर भनिसकेको छु । किनभने उहाँहरूले गर्नुभएका लीला दुःखदायी थिए । सुखदायी लीला भएको भए हाम्रो मन त्यति कुँडिने थिएन । अरूले गराएको लीलाको नतिजा दुःखद नै हुन्छ । सपना सुख दिने देखाइन्छ र वास्तविकता दुःखमा परिणत हुन्छ । मेरा 'बा' हरूले यस प्रकारको दुःखलाई नै आनन्द मान्दै आउनुभयो । त्यो पनि एकाध वर्ष होइन । चार-पाँच वर्षसम्मको दुःखकष्टलाई कति आनन्द मानेर भोग्नुभयो । यो पनि सानोतिनो कुरा होइन । त्यसै भएर मैले लीला भनेर भनेको हो । लीला गर्दा आनन्द आउँछ, रमाइलो हुन्छ, भलै लीला सपनाकै किन नहोस् । मेरा 'बा' हरूका लीला उहाँहरूलाई आनन्द दिने खालका भए ।

ती राम राजथला (रामदाइ) ले खाएको कुटाइले उनलाई आनन्द मिल्थ्यो । 'सित्तल हुन्थ्यो' भन्ने भनाइले हामी अहिले कति खिन्न हुन्छौं । लीलाभित्र रहँदा त्यस्तो अनुभव थियो उनलाई । रामदाइ जस्ता खारिन पुगेका कतिपय लीलाकर्मीहरूले भन्ने त्यही नै हो । उता अङ्गीरस उपाध्याय (हजुरबा) को ३२ दिनसम्मको भोकलाई उनले साधारण ठाने । हुन त ज्यानै समर्पण गरेकामान्छेलाई भोकको के मतलब ! त्यो दुःख त दुःखै भएन । अहिले हामीले सम्झँदा हामीलाई दुःख हुन्छ । किनभने हामी त्यो लीलामा छैनौं ।

यसरी हाम्रा 'बा' हरूले पाउनुभएको दुःखकष्ट हामीले मात्र देख्ने हो । उहाँहरूले देख्ने होइन । उहाँहरूले त आफूभन्दा निमुखा गरिबहरूको दुःख देख्नुभयो । त्यसैले उक्सेर लीला गर्न उहाँहरूलाई आनन्द भएको हो ।

कुरो यो लीलाको मात्र होइन, किसान सङ्गठनका सभापति पद्मबहादुर बुढाथोकीले आफ्नो किताबमा कम्युनिष्टका बारेमा भन्नुभएको छ – "जति गर्दा पनि कम्युनिष्ट सङ्गठन माथि जान सकेन, त्यसकारण विद्यार्थीहरूबाटै सुरु गरौं ।"

यो कुरा उहाँले भक्तपुरका नगेन्द्र हाडा र नारायणमान बिजुक्छेलाई भन्नुभएछ । त्यही अनुसार उनीहरूले गरे कि गरेनन्, थाहा भएन । तर यता सभापतिलाई त्यति भन्दा कति आनन्द आयो होला । मैले त्यसै लीला भनेको होइन । आफ्ना १५ लाख कार्यकर्ता शून्यमा झरिसके त्यही कम्युनिष्टका कुराले, अझै उहाँलाई त्यतापट्टिको खिन्नपन थिएन । उता सङ्गठन बढाउने मेसोमा सल्लाह दिन छाड्नुभएको थिएन ।

यसरी घरपरिवार, इष्टमित्र, कामकाज सबैलाई बिर्सेर, सबैलाई छाडेर गरिएको यो लीलालाई मेरो प्रणाम छ । लीलामा त्यागको मिश्रण पनि हुँदो रहेछ । त्यस्तो त्यागले पुऱ्याएको हानि-नोक्सानीको लेखाजोखा त्यहाँ गरिँदो रहेनछ । कम्युनिष्टहरूले धर्मलाई अफिम भन्ने गर्छन्, जसको सेवनबाट मान्छे एकोहोरो हुन्छ, अरू केही सम्झँदैन । तर यहाँ त हाम्रा 'बा' हरू नै यसरी एकोहोरो भएको देख्दा के भन्ने ?

यति मात्र होइन, रमाइला कुरा पनि छन् । एकपटक ठिमीका एकजना आफूलाई कम्युनिष्ट भन्ने नवधनाढ्यले आलुलाई दुई फ्याक पारेर त्यो आलुमा किला घुसार्दै गरेछ । घरमा श्रीमतीले 'के गरेको यो ?' भनेर सोद्धा 'यो किलालाई आलु खान मन लागेछ' भन्दै दुई-तीन धार्नी आलुमा किला घुसारेछ र सडकमा लगेर छरेछ । त्यो दिन गाडी नचलाउने हड्ताल रहेछ । हड्ताल नमान्ने गाडीलाई पन्चर बनाउने काम गरेको रहेछ उसले । उसको आलुलाई टेकेर जानेजति गाडी पन्चर हुन थालेछन् । त्यो देखेर ऊ मरिमरी हाँस्दो रहेछ । उसलाई रमाइलो भएछ । आफ्नो घरको आलु सकिएको उसले थाहा नै पाएन । यस्तो हुन्छ लीला भनेको ।

यति मात्र होइन, आन्दोलनमा गए, नारा-जुलुस गरे, ढुङ्गामुढा पनि गरे । आन्दोलन रोक्न आएका प्रहरी केही पछि हट्यो, नजिकमा रहेको गाडी तोडे, घरहरू फोडे, यसमा संलग्न रहेका कतिपय मान्छेको प्रहरीले टाउको फुटाए । कैयौँलाई पक्रेर लगियो । त्यहाँ खाने चुटाइको त कुरा बेग्लै । तर तोडफोड गरेको र प्रहरी पछि

हटेकोलाई लिएर सरकार हाऱ्यो भन्ने हल्ला पार्टीमा फिँजिन्छ । सरकार कहिले हारेको छ ? होला, एक घण्टा पहिले हारेको होला, तर एक घण्टापछि उसैले जितिसकेको हुन्छ । यता आफ्ना कार्यकर्ताको टाउको फुटेको देख्दैन, हात भाँचिएको देख्दैन । थुनामा चिर्पट खाएको देख्दैन । ऊ त सरकारले हारेको मात्र देख्छ । उसले अफिम खाएको हुँदैन । यही हो लीला भनेको । लीला यसरी घुमेको हुन्छ । कृष्णजीको लीला राधिका वरपर घुमेको हुन्छ । यो लीला कार्यकर्तालाई उक्साउनेतिर घुमेको हुन्छ । फरक यत्ति हो ।

बङ्गलादेशबाट शेख हसिनाले देश छोडेर भाग्नुपऱ्यो । पाकिस्तानका दुई-तीनजना राष्ट्रपतिलाई फाँसी दिए । चीनमा भ्रष्टाचारको गन्ध मात्र फेला पारे भने तुरुन्तै मृत्युदण्ड दिने गर्छन् । तैपनि त्यहाँ भ्रष्टाचार हुन छाड्दैन । एउटा राष्ट्रपतिले फाँसीमा लट्किनुपरेकै बाटोमा दोस्रो राष्ट्रपति किन हिँड्ने ? मानिसमा चेतना छैन भनौँ भने राष्ट्रपति भइसकेका छन् । तर कहाँछेउ चुकुल खुस्केछ भनेर उनीहरूलाई पनि थाहा हुँदो रहेनछ र दण्ड-सजाय भोग्नुपर्दो रहेछ । भनेपछि हाम्रा 'बा', ठूलाबाहरूलाई के ख्याल होस् । त्यसैले म भन्छु यो लीला सबै ठाउँमा चलेको हो । यसले माथि पनि पुऱ्याउँछ र तल पनि झार्छ । हुने यही नै हो, यही भयो ।

## राजाबाट वारेण्ट रद्द :

एकपटक राजा महेन्द्र गाम्चामा आए । उनलाई नेत्रनाथले ल्याएको हुनुपर्छ । गाम्चामा मञ्च बनेको थियो । राजा आएर मञ्चमा गएर बसे । त्यतिखेर राजाको नजिकमा को थियो कुन्नि, त्यसलाई राजाले सोधेछन् – "पद्मबहादुरको घर यतै होइन ?"

अनि त्यो मान्छेले भनेछ – "उनलाई वारेण्ट छ । घर त यतै हो ।"

राजा महेन्द्रले 'वारेण्ट रद्द भयो, बोलाउनू' भनेछन् । एकै क्षणमा सभापति पद्मबहादुर बुढाथोकी आएर राजासमक्ष उपस्थित हुनुभयो । त्यहाँ भोलि राजा आउँछन् भनेपछि अघिल्लो दिनमै आएर

त्यतै बस्नुभएको थियो । राजाले बोलाउनु भनेपछि तुरुन्त आइहाल्नुभयो । अनि भाषण भयो । सभापतिले पनि आफ्ना कुरा निर्धक्क भएर राजामा राख्न पाउनुभयो ।

यो कुनै कथा होइन । एकजना बुढाले कुरा गरेको सुनेको थिएँ, त्यही यहाँ उतारेको हुँ । मिति मलाई थाहा भएन । यसरी सभापति पद्मबहादुर बुढाथोकीको वारेन्ट राजाबाट रद्द भएको हो, प्रशासनबाट रद्द भएको होइन । त्यसपछि उहाँलाई वारेण्ट जारी हुन छाड्यो । पद्मबहादुर बुढाथोकीको नाम-ठाम राजालाई पनि कण्ठ रहेछ । त्यो पनि देखियो ।

पछि सभापतिले राजाको राजनीतिमा प्रवेश गरेर चुनावमा भाग पनि लिनुभयो । चुनाव हारे पनि यो सबै सुरक्षाका लागि साढे चार दशक लामो यात्रालाई उहाँले यसरी विश्राम दिनुभयो । जीवनको उत्तरार्धमा मैले उहाँसँग दुईवटा अन्तर्वार्ता लिएर आफ्नै पत्रिका 'साप्ताहिक नेपाली आवाज' मा छापेको छु ।

## 'बा' को वाम यत्ति हो :

यहाँसम्म मैले 'बा' को वाम भनेर प्रस्तुत गरेँ । कतिपय मैले देखेको, भोगेको र केही मात्र सोधेर, बुझेर तयार पारिएको सामग्री हो । यो सामग्री तीतोमीठो जस्तो पनि हुन सक्छ । कतिलाई तीतो लाग्छ, कतिलाई मीठो लाग्न सक्छ । त्यो आ-आफ्नो स्वभावमा भर पर्ने कुरा हो ।

'बा' को वाम विस्तारै खुलेको परिवेशले बताउँछ । त्यसैले जानाजान 'बा' लाई त्यो वामले आकर्षित गरेको हो अथवा अनजानमा फस्नुभएको हो भन्ने कुरो कतै प्रष्टेन । जस्तो देखियो, सुनियो, भोगियो, त्यस्तै प्रस्तुति हो यो ।

सिरुटारको ढलेको पीपलबोटको वरपर पश्चिम बालकोटसम्म किसान सङ्गठनका बारे जानफकार कोही छन् कि भनेर खोजेको हुँ । अहिले तेस्रो पुस्ताका मान्छेलाई केही थाहा भएन । थाहा पाएकाले पनि सुनेर, पढेर मात्र थाहा पाएको भन्ने भयो । हुन त यो अहिले

लोप भइसक्ने विषय हो । तर 'पद्मबहादुर बुढाथोकी प्रतिभा कोष' ले केही जीवित बनाएर राखेको पाइन्छ । यो सदाशयताप्रति प्रतिभा कोष धन्यवादको पात्र छ । मैले देखेको यत्ति हो । पद्मबहादुर बुढाथोकीका बारेमा कलम अगाडि बढाउन खोज्ने हो भने यति सामग्रीले पुग्दैन । त्यति बेलाको उहाँको व्यक्तित्वलाई साधारण आँक्न पनि हुँदैन ।

## सुरक्षा गार्ड र बुढाथोकीको दैनिकी :

पद्मबहादुर बुढाथोकी समाजमा ज्यादै भिज्नुभएको थियो । उहाँले कतै जानुपर्‍यो भने छ-सातजना अघिपछि लाग्ने 'बडीगार्ड' जनता नै हुन्थे । घरमै बस्दा पनि ती जत्थाले छाड्दैनथे । आलोपालो गरेर उहाँको सुरक्षा दिइरहेकै हुन्थे । आज को-को बस्ने, भोलि को-को बस्ने, सबै रुटिन अनुसार हुन्थे । त्यो उहाँको लोकप्रियता थियो । दिउँसोको मात्र कुरा होइन, राति पनि बाह्र-चौधजना उहाँको घरमा सुत्ने मान्छे हुन्थे । ती सबै गाउँको आसपासबाट आउने व्यक्तिहरू थिए ।

आज झरी पर्‍यो, नजाने भन्ने हुँदैनथ्यो । त्यस्तो उपस्थिति बुढाथोकीको आदेशले भएको थिएन । श्रद्धा र आस्थाका कारण स्वस्फूर्त जमघट हुने चलन थियो । यसरी पहरा दिनेहरूलाई बुढाथोकीले कुनै पारिश्रमिक दिनुपर्दैनथ्यो । आफ्नो घरमा खाएर बुढाथोकीको सुरक्षा दिँदै आएको जमात त्यति बेला अचम्मै लाग्ने खालको थियो । कुनै नौलो मानिसले यस्तो देख्यो भने ऊ आश्चर्यमा पर्थ्यो । अहिलेका मन्त्री-प्रधानमन्त्री जस्तै उहाँ सुरक्षाघेराभित्र रहनुहुन्थ्यो । मान्छेले पद्मबहादुरप्रति त्यति विश्वास गर्न थालिसकेका थिए । यस्तो सुरक्षा पुष्पलालहरूले कहाँ पाउनु !

उहाँको दैनिकी पनि कुनै मन्त्रीको भन्दा कम थिएन । बिहान उहाँको घरमा प्रत्येक दिन तीस-चालीसजना मान्छे उपस्थित हुन्थे । ती उहाँको घर आसपासका व्यक्तिहरू हुँदैनथे । उपत्यकाभित्रका कुनाकाप्चाबाट मात्र होइन, ती व्यक्तिहरू धेरै टाढादेखि आफ्नो

समस्या लिएर आउँथे । पालैपालो उहाँका कुरा सुनेपछि के गर्न सकिन्छ, त्यो कामबारे दिउँसो अथवा भोलिपर्सिसम्म पनि कामको टुङ्गो नलागेसम्म त्यता लाग्ने गर्थे । कतिपय साहु-महाजनले दुःख दिएका समस्या पनि हुन्थे । यसबाहेक कोही मुद्दा-मामिलाको झमेलाबाट पीडित हुन्थे । त्यस्ता मुद्दा लेख्नुपरे त्यहीँ नै लेखिन्थे र अदालतमा गएर दरिन्थे । कसैको प्रत्युत्तर लेख्नुपर्ने हुन्थ्यो । त्यो पनि बुढाथोकीकै घरमा लेखिन्थ्यो । यसरी लेख्ने काम मात्र होइन, परिआउँदा अदालतमा गएर वकालत गरिदिने काम पनि बुढाथोकीबाट हुने गर्थ्यो । सकेसम्म गरिबका समस्याको समाधान गर्ने थलो नै बुढाथोकीको घर बनेको थियो । त्यसैले पनि उहाँप्रतिको आस्था चुलिँदै आएको हो ।

पद्मबहादुर बुढाथोकीले केवल किसानको समस्या समाधान गरेर मात्र होइन, किसानलाई आइपरेका सम्पूर्ण समस्याको सक्दो समाधान गरेर बस्नुभएका व्यक्ति हुनुहुन्थ्यो । त्यस्ता व्यक्ति अब न भूतो न भविष्यति, कतै पाउने सम्भावना छैन ।

## मैले छापेको अन्तर्वार्ता :

करिब पैँतालीस वर्षको यात्रामा सभापतिको केही नभए पनि प्रचार-प्रसार त हुनुपर्थ्यो । त्यो पनि कतै देखिएन । हराएर बसेको सभापतिका नामनिसाना कसैले लिएका थिएनन् । वाम खेमामा पनि उहाँ हराउनुभएको किन भन्ने कुरा बुझ्न सकिएन । 'साप्ताहिक नेपाली आवाज' नामक मेरो आफ्नै सम्पादन र प्रकाशनमा प्रकाशित हुने पत्रिकामा मैले प्रतिनिधि पठाएर सभापति पद्मबहादुर बुढाथोकीको अन्तर्वार्ता लिन लगाई छापेको थिएँ । अन्तर्वार्ता छापिएको पत्रिकाबाट त्यो अन्तर्वार्ता केही कम्युनिष्ट पत्रिकाहरूले साभार गरेर पनि छापे । यो २०४४ सालको कुरा हो ।

'साप्ताहिक नेपाली आवाज' मा मैले अन्तर्वार्ता छापेपछि सभापति पद्मबहादुर बुढाथोकीको फेरि एकपटक चर्चा चल्न थाल्यो । नत्र उहाँ सिरुटारभित्रै सीमित भएर रहेको पाइन्थ्यो । 'साप्ताहिक

नेपाली आवाज' हप्तामा ३५ हजारसम्म छापिन्थ्यो । ३५ हजार पत्रिका हामीले जफत गरेर लग्यौँ भनेर अञ्चलाधीश अफिसका टोलीले हामीलाई भर्पाई नै गरिदिएका थिए । यो पत्रिका नेपालका सबै जिल्ला र गाउँ-नगरका कुना-कुनासम्म पुग्थ्यो । यस्तो प्रचार-प्रसार भएको पत्रिकामा सभापति बुढाथोकीको अन्तर्वार्ता छापिएकाले उहाँ फेरि एकपटक नेपाल अधिराज्यभर नै चर्चामा आउनुभएको थियो । उहाँलाई बिर्सिसकेका कतिपय शुभचिन्तकहरूले उहाँका बारेमा एक-आपसमा छलफल चलाउन थाले ।

तर कम्युनिष्ट खेमा र त्यसका भित्री संरचनाहरूले यसभन्दा पहिले उहाँको नाम लिएको पाइएन । त्याग र तपस्या त उहाँमा थियो, तर उहाँको कुरा गऱ्यो भने आफू पछि परिन्छ भन्ने कारणले पनि उहाँ जिउँदै यो संसारबाट हराइसक्नुभएको थियो । कम्युनिष्टभित्रको 'कामरेड' पन पनि यसरी नै देखियो । त्यो अन्तर्वार्ता यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।

त्यो अन्तर्वार्ता पद्मबहादुर बुढाथोकीद्वारा लिखित तथा लेखक स्वयंद्वारा २०४८ सालमा प्रकाशित 'नेपालमा किसान आन्दोलन' नामक पुस्तकमा पनि उतार गरिएको छ । त्यो यस्तो छ –

"विर्ता प्रथा खारेज, गुठी समस्याको समाधान, नेपाल अधिराज्यको जमिनको एक स्वरूप र भूमिकर एक पार्ने कुरामा आफूलाई लगाइराख्नुपर्ने भएकाले पञ्चायती राजतन्त्रमा पनि निर्भीक भएर मैले किसानहरूसँग सम्पर्क राख्न छाडिनँ ।

कामरेड तुलसीलाल अमात्य भारतमा नै जेल पर्नुभयो । कामरेड पुष्पलाल परलोक हुनुभयो । नयाँ पात टुसाइसकेको हुँदा अब नेपाल किसान मजदुर पार्टीसँगै नजिक भएर हामीहरू काम गर्दै थियौँ ।

'साप्ताहिक नेपाली आवाज' का प्रतिनिधिले मेरो झुपडीमा अन्तर्वार्ता लिन्छु भनी आएर उहाँले मेरो नाउँको शीर्षक दिई २०४४ साल मङ्सिर ११ गते 'साप्ताहिक नेपाली आवाज' मा छाप्नुभएको अन्तर्वार्ता ।

० नेपालका वामपन्थी नेताहरू उहाँसँग सरसल्लाह गर्न आजकल पनि धाउँछन् ।

० टङ्कप्रसाद आचार्य, सिद्धिलाल सिंह, शम्भुराम श्रेष्ठहरूले उहाँको सङ्गठन क्षमता र राजनीतिक लगावदेखि प्रभावित भएर उहाँलाई २००८ सालमा आफ्नो 'अखिल नेपाल किसान सङ्गठन' मा राख्नुभयो ।

० स्वर्गीय बी. पी. कोइरालाले समेत २०१४ सालतिर प्र. ने. का. (प्रतिबन्धित नेपाली काङ्ग्रेस) लाई साथ दिन उहाँसँग आग्रह गर्नुभयो । पञ्चायत व्यवस्थाका तर्फबाट उहाँलाई कतिपटक व्यवस्थाभित्र रहेका काम गर्न अनुरोध गरियो तर पनि आजसम्म उहाँ आफ्नो पुरानै अडानमा हुनुहुन्छ ।

उहाँ को हुनुहुन्छ त ? उहाँ हुनुहुन्छ भक्तपुर जिल्लाका किसान नेता पद्मबहादुर बुढाथोकी । राणाशासनमा २५ वर्षसम्म सैनिकमा काम गरेर 'निशान' पदको पेन्सनमा अवकाश लिएर किसानहरूको हितका निमित्त राजनीतिमा प्रवेश गर्नुभएका ८४ वर्षीय बुढाथोकीको एउटै अभिलाषा छ – नेपालमा किसानको भलाइ गर्ने प्रजातान्त्रिक सरकारको स्थापना कहिले हुन्छ ।

भक्तपुर सिरुटार गा. वि. स. वडा नं. ७ सोमलिङटार बस्ने बुढाथोकी बताउनुहुन्छ – २००७ सालदेखि धेरै सरकार देखियो आजसम्म । संसदीय सरकारले आफू सत्तामा पुग्नुभन्दा पहिलेका जनवाचा पूरा गर्न ध्यान दिए भने त्यसपछिका सरकारले त्यस्तो वाचासमेत गरेनन् । अब नेपाली किसानको कल्याणका लागि २ वटा वाचा छन् – एक : श्री ५ बाट स्वयं त्यस्तो कार्यक्रम निगाह हुनु, र दुई : जनताले आफैँ सङ्घर्ष गर्नु ।

प्र. - २०३७ सालपूर्व र जनमतसङ्ग्रह तथा संविधानको तेस्रो संशोधनपछिको पञ्चायत व्यवस्थाबारे तपाईंको धारणा कस्तो छ ?

उ. - मुख्यतः कुनै पनि राजनीतिक व्यवस्थाको मूल्याङ्कन त्यो व्यवस्था अन्तर्गतको सरकार, मन्त्रिपरिषद्ले गर्ने वा गरेको कार्यका आधारमा गरिन्छ । देशको कार्यकारिणीले जनताको भलाइका निम्ति,

देशविकासका निम्ति के-कस्ता योजना बनाएर काम गर्‍यो, व्यवस्थाबारे आफ्नो धारणा राख्दा यी विषयबाट अलग हुन मिल्दैन । २५ वर्षको अवधिमा, २०३७ सालपूर्व होस् वा पछि, यो देशको कुनै पनि सरकारले यहाँका बहुसङ्ख्यक जनता किसानहरूको हितका खातिर सकारात्मक काम गरेको मैले देखेको छैन । किसानको भलाइ गर्ने एउटै सरकार पनि यहाँ गठन भएन । हो, २०३७ सालपछि अलिकति खुकुलोपन आएको छ यहाँको राजनीतिक व्यवस्थामा ।

प्र. - किसानको हितको कुरा उठाउनुभयो । यस सन्दर्भमा लागू गरिएको भूमिसुधार कार्यक्रम, कृषि विकास बैङ्कको स्थापना, साझा सहकारी संस्था आदि किसानहरूकै कल्याण र उत्थानका निम्ति कार्यरत छन् । यी कार्यक्रमलाई के ठान्नुहुन्छ ?

उ. - यी कार्यक्रमबाट नेपालका किसानहरूको कल्याण भएको छ, किसानलाई सुविधा पुगेको छ भन्ने सरकारी धारणामा म कुनै हालतमा सहमत छैन । भूमिसुधार कार्यक्रम लागू त भयो, तर हामीले सोचे अनुरूप छैन । अझै पनि यहाँ एकै व्यक्तिको नाममा कति जग्गा छ कति । जमिन्दारी प्रथा यथावत छ । कृषि विकास बैङ्कको स्थापनाको तपाईंले चर्चा उठाउनुभयो । हेर्नुस्, त्यसले यो किसानलाई २ पैसाको फाइदा पनि दिएको छैन । किन भन्नुहोला भने नेपालका बहुसङ्ख्यक किसानको आफ्नो जग्गा छैन । अब कृषि विकास बैङ्क जग्गाधितोविना कर्जा दिँदैन । यसबाट कसलाई फाइदा छ ? किसानलाई कि जमिन्दारलाई ? सबभन्दा पहिले यहाँका जग्गाविहीन किसानले जग्गा पाउनुपर्‍यो, अनि कृषि विकास बैङ्कले यहाँका वास्तविक किसानलाई फाइदा दिनेछ । साझा सहकारीको कुरा पनि उस्तै हो । त्यहाँबाट कृषकलाई मल-बीउ प्रदान गरिन्छ । जब आफ्नो जग्गा नै छैन भने त्यो मल-बीउको किसानसँग के सम्बन्ध ?

प्र. - त्यसो भए किसानको हितका निम्ति के गर्नुपर्ला ?

उ. - हामीले त सुरुमा नै भनेका थियौं जसको जोत उसको खेत हुनुपर्छ भनेर । जब मैले यहाँ किसान सङ्गठन खोलेँ, त्यति बेला

नै किसानको हितका निम्ति विभिन्न सातसूत्रीय माग राखेको थिएँ । त्यसमध्ये मुख्य थियो 'खेत कसको ? जोत्नेको' भन्ने । यो अभियान नचलाएसम्म यहाँ किसानको हितका अन्य कार्यक्रमको कुनै अर्थ रहँदैन ।

प्र. - आफ्नो राजनीतिक स्वार्थका निम्ति तपाईंहरूले त्यो नारा दिनुभएको त होइन ? यो प्रश्न किन सोध्दैछु भने प्रतिबन्धित नेपाली काङ्ग्रेसका नेताहरू छन्, आज उनीहरू पनि यसै भन्छन् । त्यतिखेर प्र. ने. का. सत्तामा छँदा यसबारे तपाईंले सहयोगका निम्ति हात त बढाउनुभएको देखिँदैन नि ?

उ. - हाल प्रतिबन्धित रहेको नेपाली काङ्ग्रेसले सत्तामा छँदा यो नारा अनुसारको कार्यक्रम अघि बढाउने चासो राखेको मैले पाइनँ । बनारस, पटना, कलकत्ताका मिटिङमा त्यस्ता कुरा पास भएको सुनेको हुँ र घोषणापत्रमा पढेको पनि हुँ । २००७ सालपछि त्यो पार्टीका नेता बी. पी. कोइराला स्वयं मन्त्री बन्नुभयो र उहाँ प्रधानमन्त्री पनि बन्नुभयो । तर त्यो घोषणा अनुसार तदारुकताका साथ काम गर्ने प्रयास उहाँले आफू पदमा छँदा पनि गर्नुभएको मलाई थाहा छैन । २०१५ सालको निर्वाचनअघि मैले बी. पी. कोइरालालाई भेटेको थिएँ । उहाँ खुद आफैँले बोलाएकाले म भेट्न गएको थिएँ । ७ घण्टा कुरा भयो । उहाँसँग मैले यिनै कुरा राखेँ र उहाँहरूको 'भद्र अवज्ञा आन्दोलन' काङ्ग्रेसको सत्ता हत्याउने प्रयास हो भनेँ । यो कुरा बी. पी. लाई स्पष्ट भनेँ पनि । आखिर त्यही सिद्ध भयो । आन्दोलनबाट काङ्ग्रेसले जुन सहानुभूति पायो, चुनाव जित्यो, सरकार बनायो, तर किसानको हितका कार्यक्रम काङ्ग्रेसका घोषणापत्रमा नै सीमित रहे ।

प्र. - त्यसो भए बी. पी. को राजनीति पनि जनता झुक्याउने, सत्ता हत्याउने खालको थियो भन्ने आशय हो कि ?

उ. - होइन, बी. पी. कोइरालालाई म आदर र सम्मान गर्छु । उहाँजस्ता जनताको नेता नेपालमा अरू कोही भएन र छैन । जनतालाई झुक्याएर सत्ता प्राप्त गर्ने मात्र आकाङ्क्षा भएको भए बी.

पी. लाई सुन्दरीजल जेलको कठोर जेलयातना भोग्नुपर्दैनथ्यो, निर्वासित भएर भारतमा बस्नुपर्दैनथ्यो । उहाँ जनताको नेता भएकाले त्यस्तो भएको हो । उहाँबाट एउटा गल्ती के भयो भने उहाँको पार्टीमा पूँजीपति वर्गको विशेष वर्चस्व रह्यो । क्रान्तिको दरम्यान पूँजीपति वर्गले गरेको सहयोग त्यसको कारण हुन सक्छ । खैर, त्यो उहाँहरूको निजी कुरा हो, त्यो नकोट्याऊँ ।

मलाई बाहिरबाट हेर्दा लागेको के भने सुवर्णजी र सूर्यप्रसादजीजस्ता व्यक्तिलाई उहाँले त्यति महत्त्व दिन हुँदैनथ्यो वास्तवमा पार्टीलाई बचाएर जनताको हित गर्ने उद्देश्य पूरा गर्नु थियो भने । सुवर्णजीलाई उपप्रधानमन्त्री बनाउनु उहाँको ठूलो गल्ती हो । सुवर्णजीलाई बडाहाकिम दिएर पन्छाउनुपर्थ्यो । त्यस्तै सूर्यप्रसादजीलाई पनि । किनभने सुवर्णजी स्वयं पूँजीपति मान्छे । सूर्यप्रसादजीलाई सुवर्णजीको लामो सङ्गतले पूँजी र त्यसको ऐस-आरामको नशा थोरबहुत लागिसकेको थियो । पूँजीपतिहरूको वर्चस्वमा रहेको पार्टीले गरिब किसानको सहानुभूति प्राप्त गर्न नै सक्दैन, न त पार्टीले आफ्नो उद्देश्य अनुरूप काम गर्न नै सक्छ ।

यो त भयो मैले काङ्ग्रेसलाई साथ नदिएको कुरो । अब तपाईंको मूल प्रश्नमा जाऔँ ।

हेर्नुस्, म त राणाकालको सैनिक जागिरे । २५ वर्ष काम परेपछि राजिनामा गरेर पेन्सन लिएको । अझै पनि पेन्सन लिँदैछु । पढेको भन्नु त्यस्तै हो, साधारण लेखापढी मात्र सिकिएको थियो । राणाकालको सैनिकलाई राजनीति भन्ने कुन चराको नाम हो, थाहा नहुनु अस्वाभाविक होइन । म राजनीतिमा लागेको होइन, किसानहरूको दयनीय अवस्था महसुस गरेर उनीहरूको कल्याणका निम्ति, अस्तित्वका निम्ति काम गर्न थालेको हुँ । यदाकदा पत्रपत्रिकामा पढेर विश्वका किसानहरूको अवस्था बुझेकाले पनि केही ज्ञान आर्जन गरेको थिएँ । किसानको हित गर्ने सङ्गठन खोलेर काम गर्दै थिएँ । अनि राजनीतिमा आइयो । स्वार्थ पूरा गर्ने भए मैले धेरै अवसर पाएको थिएँ । २००८ सालदेखि लगातार ५ वर्ष

अण्डरग्राउण्ड रहेर काम गर्नुपर्‍यो । कतिपय साथीहरू थुनिए र पिटिए । आफ्नो स्वार्थका निम्ति मैले यति दु:ख गर्नुपर्ने अवस्था त्यतिखेर थिएन । आफ्नो औकात मैले २००७ सालसम्ममा बनाइसकेको थिएँ । मेरो राजनीतिप्रतिको संलग्नता र सक्रियता नेपाली किसानलाई जमिन्दारहरूको पञ्जाबाट मुक्त गराउनुमा छ । आफ्नो कुनै स्वार्थ छैन । हामी ३ बुढाबुढीलाई खान पुगेकै छ (दुई श्रीमती र आफू) । छोरा छैनन् । एउटा नाति छ । मेरो केको स्वार्थ ?

प्र. - पहिले तपाईंले कुन-कुन सङ्गठनमा काम गर्नुभयो र अहिले कुन राजनीतिक समूह (वामपन्थीहरूको) सँग तपाईंको निकट सम्बन्ध छ ?

उ. - २००७ साल चैत्रसम्म आफैँले खोलेको किसान सङ्गठनमा कार्यरत थिएँ । त्यसपछि तुलसीलाल, शम्भुराम, टङ्कप्रसादजीहरूले एउटा मिटिङमा बोलाउनुभयो र भन्नुभयो – “तपाईं पनि किसान सङ्गठन खोलेर काम गर्दै हुनुहुँदो रहेछ । हामीले पनि ‘अखिल नेपाल किसान सङ्गठन’ खोलेका छौँ, हामी मिलौँ ।”

त्यसपछि म त्यो सङ्गठनमा मिलेँ । टङ्कप्रसादजी अध्यक्ष हुनुभयो । शम्भुरामजी सचिव र म सदस्य बनेर काम गर्न थाल्यौँ । तर पछि टङ्कप्रसादजी सत्तामा जानुभयो । हामी आफ्नै स्तरमा काम गर्दै गयौँ । किसानहरूको आन्दोलन नै मच्चियो । साथीहरू थुनिए, म वारेन्टमा थिएँ । पछि मलाई पनि बयान लिएर छोडिदिए । त्यसपछि यहीँ बसेर काम गर्दैछु । अहिले त राजनीतिक रूपमा त्यति सक्रिय नै छैन । बुढो पनि भइयो ।

प्र. - वामपन्थी नेताहरू तपाईंसँग सरसल्लाह र सुझाव लिन आउँछन्, विशेषत: भक्तपुरको रोहित समूह, भन्ने सुनिन्छ नि ?

उ. - हो, म वामपन्थी राजनीतिमा विश्वास गर्ने र त्यस्तै सङ्गठनमा काम गर्दै आएकाले वामपन्थीहरूसँग मेरो भेटघाट र छलफल हुनु नौलो होइन । रोहितसँग मेरो निकटता हुनुमा किसान हितको कार्यक्रम र विचार मिल्नु हो ।

प्र. - के वास्तवमा भक्तपुरको रोहित समूह किसान हितकै निम्ति नि:स्वार्थ भावले राजनीतिमा सक्रिय छ भन्ने विश्वास छ ?

उ. - एउटा नारायणमान बिजुक्छे रोहित समूहले गरेर किसानको समस्या हल गर्न सकिने होइन । फेरि रोहित त मेरा निम्ति बच्चा हो । किसानको उज्ज्वल भविष्य र उत्थानका निम्ति किसानको समस्या बुझ्ने प्रजातान्त्रिक सरकार बन्नुपर्छ, अनि मात्र काम हुन्छ ।

प्र. - नेपालमा वामपन्थीहरू आफैँ विविध खेमामा विभक्त छन्, यो स्पष्ट नै छ । यदाकदा कसैले कुरा उठाएबाहेक एकताका कुरा एकै मञ्चमा उभिएर गरेकै छैनन् । यसमा मुख्य अड्चन के ठान्नुहुन्छ ?

उ. - वामपन्थीहरू पहिलेको जस्तो एक छैनन् । अहिले अनेकताका बीचमा एकता र आपसी सामञ्जस्यको वातावरण पनि देखिएको छैन । तर पनि यो ठान्नु हुँदैन कि वामपन्थी राजनीति उद्देश्यहीन भएको छ । परेको बेलामा वामपन्थीहरू एक भएर अघि बढ्छन् भन्ने कुरामा मलाई विश्वास छ । विभाजनका निम्ति अनेक कारण छन् । त्यो बताएर फाइदा छैन ।

प्र. - कतिपय वामपन्थी समूह पञ्चायत व्यवस्थाकै गिरोहद्वारा सञ्चालित छन् भन्ने आरोप पनि लगाइन्छ नि ?

उ. - त्यो आरोपलाई असत्य पनि भन्न सकिँदैन । पञ्चायतले वामपन्थीहरूलाई कमजोर पार्न त्यस्तो नीति प्रयोग गरेको हुन पनि सक्छ । यसबारे अघि नबढौँ भनेको मैले ।

प्र. - चीनपन्थी र रुसवादीको विभाजन रेखा पनि त्यत्तिकै मजबुत छ नि ?

उ. - सिद्धान्तमा मार्क्सवाद भनेको एउटै मार्क्सको एउटै सिद्धान्त हो । त्यही हो मार्क्सवाद । त्यसलाई चीनपन्थी र रुसवादी भनेर 'कम्युनिज्म' लाई नै मुण्ड-मुण्ड अनुसार व्याख्या गरेर, समूह बनाएर कम्युनिष्टहरूलाई फाइदा छैन । म चाहन्छु यस्तो विभाजनको रेखा समाप्त हुनुपर्छ ।

प्र. - हालै एकजना वामपन्थी राजनीतिमा विश्वास गर्ने माननीयले नेपालका वामपन्थीहरू कुरा अनुसार काम गर्दैनन् भन्दै वामपन्थीहरूको कार्यशैली बारे आफ्नो धारणा पोख्नुभएको छ । यो विचारसँग तपाईं कत्तिको सहमत हुनुहुन्छ ?

उ. - माननीय पद्मरत्न तुलाधरको कुरा गर्नुभएको होला । म त भन्छु तुलाधरजीलाई वामपन्थीहरूको कार्यनीति बारे थाहा छैन । उहाँ पहिले कुनै पनि वामपन्थी राजनीतिक समूहसँग सम्बन्ध भएको मलाई थाहा छैन । उहाँ स्वयं पनि त्यसै भन्नुहुन्छ । वामपन्थी के कसरी काम गर्छन्, उनीहरूका दाउ कस्ता हुन्छन्, त्यो त त्यहीँभित्र बसेर काम गर्ने कार्यकर्तालाई मात्र थाहा हुन्छ । बाहिरबाट अनुभव गरेर सत्य फेला पार्न कठिन पर्छ ।

मान्नुस्, तपाईं बद्रीनाथ धाम गएर आउनुभयो र मलाई बताउनुभयो कि बद्रीनाथ धाममा यस्तो-यस्तो रहेछ, बाटोमा यस्तो हुँदो रहेछ । तपाईंले सत्य नै बताउनुभएको होला । त्यसमा विश्वास गर्दागर्दै पनि तपाईंले त्यो बाटोमा पाएको दुःख, बद्रीनाथको पूजाविधि आदि यावत् कुरा मैले अब कसरी दुरुस्त अनुभव गर्न सक्छु ? म त्यहीँ पुगेपछि मात्र मलाई बद्रीनाथ यात्राको वास्तविक स्थिति थाहा हुन्छ । कुरो त्यही हो ।

प्र. - तपाईंले बद्रीनाथ धामको उदाहरण दिँदा मलाई यो प्रश्न सोध्ने इच्छा भयो । कम्युनिज्ममा प्रचलित धर्म, सम्प्रदाय, ईश्वरीय शक्तिलाई मानिदैन । जस्तो मन्दिर, पूजापाठ यो सिद्धान्तका विपरीत कुरा हुन् । नेपालजस्तो धार्मिक परम्परा भएको देशमा त्यस्तो व्यवस्था तथ्य हुन सक्छ भन्ने विश्वास गर्नुहुन्छ ?

उ. - यो धर्म, संस्कृति, परम्परा भन्ने कुरा हामी मान्छेले नै बनाउँदै र मान्दै आएका कुरा हुन् । हामी स्वयंले बनाएका मान्यता र परम्परा हामी आफैँले त्याग्न पनि नसक्ने कुरा होइन । अहिलेको अवस्थामा भने नेपाली जनताले कम्युनिज्म पचाउँछन् भन्न सकिँदैन । हो, मलाई थाहा छ छुवाछुतदेखि लिएर हाम्रा धार्मिक मान्यता सिद्धान्ततः कम्युनिज्ममा अस्वीकार्य छन् । तर म आफ्नै

व्यवहारमा त्यो गर्न सकिरहेको छैन । यद्यपि छुवाछुतमा भने म त्यति सजग हुन्न । पहिले-पहिले ब्राह्मणले स्नान र ध्यान गरेपछि धोती फेरेर भात खान्थे । आजभोलि बुट लगाएर खाने पनि प्रशस्त छन् । यो सङ्ख्या बढ्दैछ । मान्छे जातिको वास्तविक अर्थ बुझेपछि यस्ता कुरा स्वतः हट्छन् । फेरि गुदी कुरा के छ भने कम्युनिज्मको पनि आफ्नै मानव कल्याणकारी धर्म र परम्परा हुन्छ भन्ने बिर्सनु हुँदैन ।

प्र. - जनताको हितका निम्ति प्रजातन्त्रिक सरकार हुनुपर्छ भन्न तपाईंको मूल धारणा छ । कम्युनिज्ममा जनताको हकहितको पूर्ण सुरक्षा गर्ने प्रजातान्त्रिक सरकार हुन्छ भन्ने पनि लाग्छ कि ?

उ. - म त २०३६ सालमा बहुदलको पक्षमा लागेको मान्छे । भोट पनि बहुदलमा नै दिएँ । २०१६ सालमा काङ्ग्रेसको सरकारको पालामा साथीहरूले काङ्ग्रेस सरकारको विरोध गर्दा म भन्थेँ - हेर, काङ्ग्रेसले तिमीहरूलाई सङ्गठन खोल्न, सङ्गठन गर्न, आफ्नो काम गर्न स्वतन्त्रता दिएको हुन्छ, यसको विरोध गर्न हुन्न । त्यसैले जनतालाई प्रजातान्त्रिक हक-अधिकार प्राप्त हुनुपर्छ भन्ने मेरो धारणा छ । जनताको सरकार चाहिन्छ, मेरो चाहना यत्ति हो । फेरि हेर्नुस्, कम्युनिज्ममा पनि बिस्तारै-बिस्तारै सुधार हुँदैछ । चीन र रुसको अहिले र पहिलेको स्थिति अध्ययन गर्नुस् ।

प्र. - एउटा अन्तिम प्रश्न, वर्तमान सरकारले लागूपदार्थ व्यापार, तस्करी नियन्त्रण र प्रशासनिक सुधारका निम्ति केही कार्य गरेको देखिएको छ । सरकारको यी कार्यवाहीको प्रक्रियालाई कसरी हेर्नुभएको छ ?

उ. - सरकारको यो कामबाट तपाईं सन्तुष्ट नहुनुहोस् । मैले अघि नै भनेको कुरा फेरि दोहोऱ्याउँछु – २५ वर्षको अवधिमा जनता, गरिब किसानहरूलाई राहत दिने एउटै सरकार बनेन ।”

●

# छोराले अनुभूत गरेको वाम

## छोराको वाम :

छोराको 'वाम' मा सङ्कुचन धेरै छ । यो कुनै पनि वाम सिद्धान्तमा पाइँदैन । सबै 'कामरेड' को सम्बोधनले सबैसँग घुलमिल हुन चाहँदैनन् । विपक्षीहरूप्रति आक्रोश र कुण्ठा भरिएको छ । राजनीतिको एउटा वादमा लागेर अर्को वादलाई त्यसो गर्नु ठीक हुँदैन । सबै व्यक्ति, सबै नागरिक सबै वादमा समाहित छन् । व्यक्तिमा त्यस्तो एक-अर्काप्रति कुण्ठा छैन । सबै दाजुभाइ एक भएर बसेका छन् । तर 'वाम' वादभित्र मात्र किन त्यस्तो हुन्छ ? यो हामीले भन्ने विषय होइन । तृष्णा, अहम्, घमण्ड, यी क्षणिक हुन् । यसले तत्काल साथ दिन्छ र तत्क्षण साथ लिन्छ पनि । राजनीति सधैँ कसैको पक्षमा रहिरहँदैन । दीर्घकालीन सोच छोराको 'वाम' मा छैन । त्यहाँ सिद्धान्त पनि छैन । वामको सर्वमान्य सिद्धान्तले काम गर्दैन भनेर आफ्नो तरिकाको फेरबदल गरेका कारणले पनि त्यहाँको सिद्धान्तलाई मानिरहनुपरेन ।

छोराको वामले विपक्षीहरूलाई राम्रो मान्दैन र राम्रो देख्दैन । अहिले एक क्षणपछि उसैको समर्थन चाहिन्छ, समर्थन लिनुपर्ने हुन्छ र पनि विपक्षीको दुश्मन हुनुपर्ने किन ? यसको उत्तर ऊसँग हुँदैन । ऊ त ढाडमा टेकेर टाउको हान्ने भन्दै हिँड्छ । कसैलाई गद्दार भनेको हुन्छ । कसैलाई प्रमुख शत्रु भनेको हुन्छ । यो छोराको 'वाम' को नौटङ्की देखिरहन पाइन्छ । किनभने कतै महत्त्वपूर्ण पदमा जानुपऱ्यो भने त्यही प्रमुख शत्रुसँग मिल्न जान्छ । आफ्नो स्वार्थ पूरा भएपछि उसलाई सजिलै धोका दिन पछि पर्दैन । यसरी धोका र स्वार्थमा छोराको 'वाम' हिँडेको छ । बनावटी र भ्रूटको त खेती नै गरेका हुन्छन् । यसमा सहमत नहुनेहरूसँग उनीहरूको विचार मिल्दैन भनिन्छ । सबैको आआफ्नो विचार हुन्छ, तर आफ्नै विचार मानिदिनुपर्ने घमण्ड छोराको 'वाम' मा यथेष्ट देखापरेका छन् ।

मैले यहाँभन्दा अघिसम्म 'बा' को 'वाम' बारे अति छोटकरीमा प्रस्तुत गर्दै आएँ । अब छोराको 'वाम' प्रस्तुत गर्न चाहन्छु । यो पनि छोटकरी नै छ । छोराका 'वाम' कसैको अपरिचित विषय होइन । तपाईं-हामी सबैले भोग्दै-देख्तै र अनुसरण गर्दै आएका विषय यसमा समावेश छन् । यो त्यति नौलो विषय होइन ।

## विद्यार्थी पनि भूमिगत :

पञ्चायत व्यवस्थाको सबैभन्दा खराब पक्ष भनेको सबैतिर प्रतिबन्ध लगाउनु हो । सबै लघार्ने आफू डकार्ने, त्यसै भएर २०३४ सालतिर राजनीति गर्ने विद्यार्थीहरू पनि भूमिगत हुन्थे । डा. बाबुराम भट्टराई पनि भूमिगत थिए । हामी पत्रकारहरूले उनको वक्तव्य आउँछ भन्ने खबर पाएपछि राति १२ बजेसम्म अफिस छाड्दैनथ्यौँ । त्यस्तै बेलातिर वक्तव्य बोकेर कहिले आफैँ आउँथे त कहिले अरूलाई पठाइदिन्थे । यसरी वक्तव्यको राजनीति खुब चल्थ्यो । पार्टीबाट त्यसरी वक्तव्य आउने कमै हुन्थ्यो । तर विद्यार्थीबाट वक्तव्य सात-सात दिनजतिमा आइरहन्थ्यो । त्यो वक्तव्य उनीहरूको पार्टीलाइन हुन्थ्यो । त्यसै भएर सबैले खोजेर पढ्थे र आ-आफ्नो अड्कल गरेर गफ दिन्थे ।

त्यसताका वाम पक्षका विद्यार्थीको राजनीति गर्ने तरिका थियो यो । खेमा-खेमामा बाँडिएका वामहरूका सबै विद्यार्थीले गर्ने त्यही नै थियो । लीलामणि पोखरेलको छुट्टै खेमा थियो । उनी पनि वक्तव्य लिएर हाम्रो अफिसमै आउँथे । अहिलेका कम्युनिष्ट भन्नेहरूको राजनीतिलाई विद्यार्थीहरूले त्यसरी जोगाएर ल्याएका हुन् । माउ पार्टीभन्दा उनीहरू सशक्त हुन्थे । उनीहरू वक्तव्य लेख्ने, हामी छाप्ने र बजार पठाउने । कामको हिसाब उस्तै देखिए पनि पछि मन्त्री-प्रधानमन्त्री उनीहरू हुने । त्यतिखेरको वक्तव्यको तागत पछि देखापर्थ्यो र देखियो पनि । त्यसरी वक्तव्य राजनीति निकै चल्यो । उनीहरूले ल्याएको वक्तव्य जस्ताको तस्तै छाप्यो भने हामीले जेल जानुपर्थ्यो । कि पुरानो कम्युनिष्ट भन्नुपर्छ कि के भन्दा सजिलो र आक्षेप आउँदैन, त्यो मिलाउने र सम्पादन गर्ने काम हाम्रो थियो ।

## प्र. र पु. अक्षरको चलन :

एकतन्त्रीय पञ्चायत व्यवस्था भए पनि केही कर्मचारीहरू प्रजातन्त्रवादी हुन्थे भन्ने कुरा दुईवटा अक्षर प्रयोग गरेबाट थाहा हुन्थ्यो । हामीले कहिले अञ्चलाधीश, कहिले सिडिओ कार्यालय र कहिले गृह मन्त्रालयमा बयान दिन गइरहनुपर्थ्यो । कम्युनिष्ट पार्टी र काङ्ग्रेस पार्टी भनेर लेख्न नहुने । यसरी शब्द-शब्द केलाएर दुःख दिएपछि त्यसको समाधान के होला भन्ने भयो । अनि त हामीले पुरानो कम्युनिष्ट, पुरानो काङ्ग्रेस भनेर लेख्न थाल्यौँ । यो अहिलेको काङ्ग्रेस-कम्युनिष्ट होइन । यो त प्रतिबन्धित काङ्ग्रेस पार्टीले भनेका कुरा हामीले छापेको भन्न थालियो । पु. र प्र. पछि प्रयोग हुँदै जाँदा पु. काङ्ग्रेस र प्र. कम्युनिष्ट भनेर लेख्न थालियो । यस विषयमा पनि सोधपुछ भएर हामीले त्यही भन्यौँ अहिलेको होइन पुरानो काङ्ग्रेस भनेको, प्रतिबन्धित कम्युनिष्ट पार्टी भनेको, अहिलेको पार्टीलाई छोएकै छैन, पुरानो त जे पनि पुरानो हुन्छ भनेर बयान दिएपछि प्रजातन्त्र रुचाउने कर्मचारीले 'हो त, पुरानो र प्रतिबन्धित भनेको ठीकै छ, पार्टी त हो तर प्रतिबन्धित भन्न मिल्यो' भनेर छुट दिन थाले ।

ती कर्मचारीले त्यो पु. र प्र. भन्ने दुई अक्षरलाई माथिसम्मै व्याख्या गरेर लगे र ठिकै हो भन्ने बनाए । त्यो दुई अक्षर अगाडि लेखेपछि जुनसुकै पार्टी भने पनि फरक पर्ने भएन । पञ्चायतले प्रतिबन्ध लगाएका पार्टीहरूलाई प्रतिबन्धित कालमा त्यही दुई अक्षरले पार्टी लेख्न खुलाएको थियो, नत्र कम्युनिष्ट पार्टी र काङ्ग्रेस पार्टी भनेर प्रष्ट लेख्न पाइने थिएन । अक्षरको कमाल ! त्यसको व्याख्याले कठोर समयलाई पनि हराइदिन्छ भनेको यही हो ।

जहाँ समस्या त्यहाँ समाधान भनेको यसरी जुर्दो रहेछ । पञ्चायतको निरङ्कुश अवस्थामा पनि अक्षरको व्याख्याले काम गरेको थियो । हामीले २०४५ सालसम्म प्र. र पु. को प्रयोग गरिरहनुपर्‍यो । २०४६ सालमा प्रजातन्त्र आएपछि बल्ल पहिलेका ती दुई अक्षर फिर्ता भए ।

## फुट्दै-जुट्दैको वाम एकता :

वाम एकता त्यति बेलाका पनि चल्तीका शब्द हुन् । यो शब्दले कम्युनिष्टहरूलाई अहिले पनि छाडेको छैन । यो यस्तो शब्द हो, जसले कसलाई उल्लु बनाउनुपर्छ बनाइदिन्छ र कसले यसको सुरुवात गरेका हुन्, त्यसले फाइदा लिन्छ । अनि फाइदा लिन नसक्ने वाम फेरि फुट्न थाल्छ । फुटेर पहिलेकै अवस्थामा पुगेपछि फेरि एकताको पालो आउन थाल्दछ । फेरि एकता हुन्छ, फेरि फुट्छ । यो कम्युनिष्टहरूबीच परम्पराजस्तै भइसकेको छ । यसरी टुटफुट भइरहेन भने त्यो कम्युनिष्ट नै हुँदैन ।

कम्युनिष्ट हुनका लागि यसरी खारिनुपर्छ । माओवादी पनि पहिले फुटेर जङ्गल गएको हो । चित्रबहादुर केसी पनि फुटेरै एक्लै भएका हुन् । मोहनविक्रम घर्तीको पनि त्यही अवस्था हो । झापाबाट काठमाडौँ आएर एकता गरेका कम्युनिष्टको पनि हालत त्यही हो । त्यति बेलाको परम्परा अहिलेसम्म हराएको छैन । माओवादी एकता केन्द्र भयो । त्यो भनेको पनि कुरो उही हो । अहिलेसम्म पनि त्यसले काम गरिरहेकै छ । बुढो नहुने शब्द 'एकता' हो ।

पहिले-पहिले वाम एकताका कुरा उठ्थे, एकता पनि हुन्थे, तर पछि गद्धार भन्ने पुरस्कार उसलाई दिएपछि एकता भङ्ग हुन्थ्यो । यो २०३५ सालपूर्वको कुरो हो । २०३६ सालको प्रजातन्त्रले एकतालाई त्यति प्राथमिकता दिएको देखिएन । चुनावको बेलामा फाटफुट कुरा उठ्थे तर धेरै समयसम्म चल्तीमा रहँदैनथ्यो । चुनावका लागि तालमेल र एकता हरुवा उमेदवारले उठान गर्ने शब्द थियो । नेता भइहालियो, चुनाव लड्नुपर्नेछ र जित्नुपर्नेछ तर अवस्था हारको छ । त्यस्ता नेताले सबैसँग एकता गरेर भए पनि चुनाव त जित्नैपर्‍यो । यस्तो बेलामा उस्तै-उस्तै कमजोर पार्टीहरू एकता गर्थे ।

गणतन्त्र सुरु भएपछि एकता माओवादीलाई चाहिन थाल्यो । वाम एकताका कुरा उठान गर्ने र प्रधानमन्त्री बन्ने चलाखी धेरै चल्यो । प्रधानमन्त्रीबाट खुस्केपछि केही समय चुप रहने र फेरि वाम एकता गर्ने काम वामदेवमा पनि देखियो । प्रायः सबैको चलाखी

एकतामा गएर मिल्ने र एकता गर्न चाहनुपर्ने, कुरा त्यत्ति हो । यहाँ छेउ अर्को कुरा पनि आइपर्छ । वाम एकतामा पक्षपात भएन भने त्यो वाम हुँदैन । त्यसकारण वाम हुनलाई पनि एकतामा सामेल हुनपर्छ । यो बाध्यता पनि सिर्जना गर्छन् । वाम एकतामा जेसुकै भए पनि चित्रबहादुर केसी र मजदुर-किसान पार्टी मिसिएको देखिँदैन । किनभने उनीहरूले अहिलेका कम्युनिष्टलाई कम्युनिष्ट नै मान्दैनन् । अनि त्यस्तासँग केको वाम एकता ! यसरी एकता र टुटफुट भएर जम्दै आएका वाम पक्षले अहिलेसम्म अन्तिम हथौडी मानेर सत्ता सञ्चालन गरेका छन् ।

वाम एकता गर्दै आउने र स्वार्थपूर्ति गर्नेहरूमा विश्वास नभएको देखिन्छ । राजनीतिमा विश्वास हुँदैन पनि भन्छन् । यो भनाइ विश्वासघातीले भन्ने हो । संसार विश्वासमै टिकेको छ । विश्वास भएन भने अस्तित्व नै सकिन्छ । उदाहरणका लागि माओवादी र नेपाली काङ्ग्रेस मिलेर माओवादीले प्रधानमन्त्री खायो । धेरै समय भएको छैन, 'सबै वाम एक ठाम' भनेपछि माओवादीले काङ्ग्रेस छाडेर एमालेसँग हात मिलाउन गयो । यस्तो हुन्छ वाम एकता । काङ्ग्रेससँग एकता कसरी होस् ? त्यसकारण यो एकता सर्वत्र विश्वासघाती नै हुन्छ । वामहरूले यसैलाई चलाएर ल्याइरहेछन् । यसले के जनाउँछ भने धोका दिने र धोका खाने काममा वाम पक्षधरहरू कहिल्यै थाक्दैनन् । उनीहरूको उत्पत्तिदेखि चल्दै र चलाउँदै आएका कुराहरू हत्तपत्त कसैले त्याग्न सक्दैन । कतिपय पार्टी यसै गरी बनेका छन्, अनि एकतालाई नछाडेका हुन् । वाम पक्षधरलाई त्यस्तो गर्न मिले पनि काङ्ग्रेसमा त्यस्तो हुँदैन । पार्टी फुट्छ, फुटेर गएपछि सङ्गठन गर्दैन । धेरै त्यसरी गएका छन् । फुटेर पनि सङ्गठन गरेर बसेका छन् भने भागबण्डामा पार्टी चलेको हुन्छ । उनीहरूबीच एकता भएको देखिएन । काङ्ग्रेसको जन्म एकताबाटै भएको हो । तर त्यसपछिको टुटफुटमा एकता देखिँदैन । यसबाट के थाहा हुन्छ भने कमजोर मनस्थितिले एकता खोज्छ । पार्टी बलियो छ तर वाम एकता गर्छ । यसले दिने सन्देश त्यही हो ।

## २०४६ सालको आन्दोलन र उपलब्धि :

युगमा एकपटक आन्दोलन हुन्छ, परिवर्तन हुन्छ भनिन्छ । तर नेपालमा त्यस भनाइले काम गरेन । यहाँ आन्दोलन छिटोछिटो भयो, त्यसको उपलब्धि केही भएन । पञ्चायतको एकतान्त्रिक शासनले काम गरेन भनेर २०४६ सालमा आन्दोलनबाटै प्रजातन्त्र ल्याए । प्रजातन्त्रसँगै नयाँ नेता मदन भण्डारी पनि ल्याए । नयाँ नेतालाई मारे । पुरानै नेताले सत्ता चलाउन थाले । परिवर्तन राजनीतिमा आयो, नेताको दिमागमा आएन । जसमा परिवर्तित राजनीति लागू गर्न सक्ने क्षमता, सिद्धान्त र विचार थिएन, त्यस्ताको हातमा सत्ता पऱ्यो । अनि जनताले क्रान्ति गरेर ल्याएको प्रजातन्त्रले काम गरेन ।

२०४६ सालले नेता मदन भण्डारीलाई जन्मायो । मदन भण्डारीले एउटा सिद्धान्त प्रतिपादन गरिसकेका थिए । नेपालका कम्युनिष्ट र पूर्ववत सरकारमा यसरी भिन्नता देखिसकेको थियो । त्यसैले उनलाई सिध्याए । छानबिन कतै गरेनन् । उनको सिद्धान्तले केही काम गर्न पाएन । अहिले उनका सिद्धान्तको कुरा त गर्छन् तर त्यसको वास्तविकतासम्म कोही पनि पुग्न सकेका छैनन् । एकथरिले एउटा कुरा गर्ने, अर्कोथरिले अर्को कुरा गर्ने भइरहेको छ । यो विषयलाई विवादित बनाउन खोज्ने एकथरि छन् । एकथरिले त्यो सिद्धान्तलाई कोट्याउन खोज्छन् । सुरोबुरो आफैँ राम्रो, आफैँ जान्नेसुन्ने अरू केही हेइन भन्ने कुरामा अहिले सत्ता चलेको छ ।

एमालेले माओवादीसँग एकता गऱ्यो । त्यति बेला मदन भण्डारीको सिद्धान्त अन्तै मोडियो । के-के पथमा आउनुपर्ने कुरा र झमेला ल्याए । एमाले फुटेपछि ती टुक्राहरूले कुन सिद्धान्त लिएका छन्, उही मार्क्स र लेनिनको भित्तेफोटो त जन्मकुण्डली भइहाल्यो । त्यसबाहेकका आफ्ना विचारहरू केही दिन सकेनन् । विचारहरू दिन सक्ने क्षमता कसैमा पनि छैन । एकले अर्कोलाई गाली गर्दैमा पार्टी चल्छ, सत्ता चल्छ भने विचार र सिद्धान्त किन चाहियो ? यही कारण २०४६ सालको आन्दोलनबाट आएको परिवर्तनले लगभग पञ्चायतकै काम गऱ्यो । त्यसमा केही थपियो भने भ्रष्टाचार र

अनियमितता थपियो । पञ्चायतमा पनि नभएको कुकर्म २०४६ सालको उपलब्धि बन्यो । पञ्चायत जानु र २०४७ सालमा अर्को संविधान आउनुले मात्र जनता सन्तुष्ट भएनन् ।

जनता सन्तुष्ट नभएर के गर्नु, सत्तामा बसेकाहरू सन्तुष्ट छँदै थिए । उनलाई आपत्ती थिएन । जनताले त्यतिका लागि आन्दोलन गरेका होइनन् । तर सत्तावादले त्यो देखेन । आफ्नो कुर्सी कहाँ गएर सुरक्षित हुन्छ, कसलाई के दिएर सुरक्षित बनिन्छ, त्यता लागेर जनताको भाउ नै गरेनन् । जसरी हुन्छ सत्तामा बसिरहने खेल मात्र गर्न थाले । एक-दुई वर्ष, पाँच-छ वर्ष यसरी बितेको होइन । सोह्र-सत्र वर्षसम्म जनताले हेरे, तर जहिले पनि उही अवस्था ।

२०४६ सालको जनआन्दोलन र त्यसको उपलब्धि, प्रगति केही नआउनु भनेको जनतालाई हेप्नु हो, जिस्क्याउनु हो । यसबाट जनताले आफू मानमर्दनमा परेको अनुभूत गर्न थाले । प्रजातन्त्र आएपछि प्रजातन्त्रको अनुभूति गर्न पाउनुपर्थ्यो । जनताको सोचाइ त्यही थियो । त्यो कुरा सत्तावालहरूले महसुस गरेनन् । २०४६ सालको आन्दोलनले उनीहरूको फूर्ति त बढ्यो, जनता चाहिँ हेपिन पुगे । समग्रमा यस्तो अवस्था देखिन गयो । तर २०४६ सालपछि प्रधानमन्त्री भएका नेपाली काङ्ग्रेसका कृष्णप्रसाद भट्टराई र एमालेका मनमोहन अधिकारीले नमूना प्रस्तुत गरेका पनि छन् । उनीहरूमा छक्कापञ्जा केही भएन । उनीहरू पनि त्यही समयका नेता हुन् । उनीहरूको देखासिकी गरेको भए पनि आन्दोलनको उपलब्धि जनताले पाउँथे । त्यति पनि गरेनन् र सबै समय खेर गयो ।

## २०८२ सालसम्मका राजनीतिक गतिविधि :

नेपाली जनताले हाम्रा नेताहरूलाई पहिलेदेखि नै राम्रोसँग पढिराखेका छन् । यिनीहरूले काम गर्न नसकेपछि फेरि आन्दोलन गरिहाल्छन् । २०६२-६३ सालको आन्दोलन त्यही कारणले भयो । आन्दोलन भयो, माग पनि पूरा भयो, राजा फालिए, तर नेता उनै आए । आन्दोलनमा होमिएका जनताको मनमा त्यति बेलैदेखि चिसो

पसिसकेको थियो । तर त्यतिखेर माओवादीको आगमन भएका कारण केही प्रगति देखिएला भन्ने जनताको सोचाइले पनि काम गरेन ।

माओवादी भए पनि, जे वादी भए पनि २०६२-६३ सालको आन्दोलनले दिएको जनमत पनि एउटै ड्याङको मुलामा परिणत भयो । राजालाई निकालेर गणतन्त्र ल्याएपछि केही न केही रूपमा मुलुक प्रगतिको बाटोमा लाग्नुपर्ने हो, तर लागेन । त्यो आन्दोलनले राजा फाल्ने काम गऱ्यो, अनि आफैँ राजा बने । माओवादीमा पनि सोचाइ, चिन्तन, दृष्टि केही रहेनछ । जङ्गल गए, मान्छे मारे । उनीहरूको भिजन त्यति मात्र रहेछ । माओवादी एउटा नैतिक सिद्धान्तमा अडेको होला, यी नेतालाई उसको भिजन र सिद्धान्तमा समावेश गराउँछन् र नयाँ राजनीतिको सुरुवातबाट मुलुक अघि बढ्छ भन्ने लागेको थियो । तर ऊ पनि अहोरात्र सत्तामा जाने कसरी भन्ने सोचमा मात्र रहन पुग्यो । कहिले काङ्ग्रेससँग मिल्ने, कहिले वाम एकता भन्ने, कहिले सबै वाम एक ठाम भनेर एमालेसँग मिल्ने मात्र गर्न थाल्यो । पुराना नेताका भागबण्डामा सरिक हुन थालेपछि उसको राजनीति पनि हावादारी भएको अनुमान गर्न थालियो ।

पुराना यथास्थितिका नेताहरूमा भिजन र विचार शून्य थियो । दिमाग नै खोक्रो, त्यस्ताले केही गरेनन् भनेर आन्दोलन भएको हो । वामको बहुमत यथास्थितिकै नेताहरूको हुन पुग्यो । माओवादी आएर आफ्नो सिद्धान्तमा होइन, उनीहरूकै गुँडमा लुटपटिन पुग्यो । माओवादीभित्र पनि यो ठीक बाटो होइन भन्न थाले । कतिपय माओवादीबाट छुटेर पनि गए । कोही एमालेमा प्रवेश गरे । माओवादी त छताछुल्लै भयो । घाइते लडाकुहरूको समस्या त माओवादीले देखेन भने मुलुकको समस्यामा उसलाई के चासो ? मान्छेले यसरी हेर्न थाले । त्यसैले २०६२-६३ सालको उपलब्धि पनि शून्यमा गयो । मुलुकले केही पाएन । नेता र नेतृत्व अलल्ले बने । राष्ट्रिय सम्पतिको दोहन हुन केही बाँकी रहेन । भ्रष्टाचार अर्बमा पुग्न थाल्यो । तस्करहरू देखादेख सरकारलाई निर्देशन दिन थाले । कमिसनखोरहरू चारैतिर छरिएर आफ्नो वर्चस्व कायम गर्न थाले ।

दुईनम्बरीहरूको स्वर्णयुग बन्न पुग्यो । कमिसनका लागि चाहिने-नचाहिने ठाउँमा संरचनाहरू बनाएर राष्ट्रिय ढुकुटीमा ब्रह्मलुट गरे । नीतिगत भ्रष्टाचारप्रति गौरव मानेर भाषण दिन थाले । नेताले जनतालाई भुसुनाजत्तिको पनि गनेनन् । लिएकै हो, के गर्न सक्छौ ? भनेर खुलेआम चुनौती दिन थाले । सत्ताप्रमुखले उपहार लिन मिल्छ भनेर लिने अनैतिक कामसमेत गरे । लोभले सीमा नाघ्यो । पाएसम्म खाने मात्र काम हुन थाल्यो । सरकारप्रमुख मालपोतको हाकिमजस्ता हुन थाले । मन्त्रीहरू लेखनदासजस्ता भएर उठाउन थाले । उनीहरूले नियुक्त गरेकाहरूबाट आउने रैरकमको बेग्लै सूची बन्यो । पार्टीको टिकटसमेत बेचेर खाने अति दरिद्र स्वभावको फेला परियो ।

यो हो छोराको वामको समय । यहाँ कसैले कानुनको कुरा गरेर हुँदैन । बजार अनुगमनको कुरा हावामा उडेका छन् । अनैतिक क्रियाकलाप गर्ने तत्त्वहरू छन् । गुप्तचर विभाग छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग छ । राज्यका सबै संयन्त्रहरू छन् । तर कसैले केही काम गर्दैनन् । काम गर्छन् सिर्फ अतिरिक्त आम्दानीको । कुन काम गर्दा कति आउँछ, संयन्त्रले हेर्ने यत्ति हो । नागरिकको काममा पैसा नखाने अफिस कहीँ छैन । ज्यानमारालाई राष्ट्रपतिले छाडेका छन् । छाड्नुपर्नेलाई छाडेका छैनन् । जनतालाई कति निचोरे भने बयान गरेर साध्य नै छैन । सहकारीमा जम्मा भएका सबै बचत दामासाहीजस्तै गरेर खाए । केही लगानी गरेका जग्गा पनि लिलामको नाटक गरेर खानेवाला छन् । यहाँ सरकार भएजस्तो छैन । सरकार भएको उपस्थिति कहीँ छैन । सबै क्षेत्र लुटमा परिणत भएको छ । लुट, खाओ, कतै कार्बाही छैन । कार्बाही लाख खानेलाई गरिएको छ, अर्ब खाने सरकारकै सुरक्षामा छन् । २०४६ सालको आन्दोलनबाट प्राप्त प्रजातन्त्र र गणतन्त्रमा २० वर्षसम्म यसरी देशलाई लुटियो ।

उनीहरूको लुटाइ पनि रमाइलो छ । जनतालाई हँसाउँदै लुटेका छन् । उखान र टुक्का भनी-भनी हँसाउँछन् । नहाँसौँ भने पनि सुख छैन । क्षणमा रेल ल्याउने, क्षणमा पानीजहाज ल्याउने, क्षणमा घरमै ग्यासलाइन आउने जस्ता हावादारी कुरा गर्दा कसलाई

हाँस्न मन लाग्दैन ? त्यसरी पनि मानिस हाँसेका छन् । जनतालाई हँसाई-हँसाई राष्ट्रलाई दोहन गर्नु पनि एउटा कला हो । यस्तो गर्न सक्ने खुबी सबैमा कहाँ हुनु ! माओवादीमा क्यान्टोनमेन्टको हल्ला कति चल्यो, होइन भन्न भ्याएको छैन । मान्छेले पत्याउँदैनन् । किनभने माओवादी केन्द्रका अध्यक्षसँग हँसाउने कला छैन, मान्छे मार्ने कला मात्रै छ । सबैमा एउटा-एउटा कला हुन्छ । त्यही कला बेचेर खर्बपति बनेका छन् । कला नहुनेहरू चुप लागेर बसेका छन् ।

नेतृत्व तहमा चुप लाग्नु पनि एउटा कला हो । एउटा ठेकेदारले गलत गरेको विपक्षीले पनि देखिरहेको हुन्छ । तर तैँले गलत गरिस् या सरकारलाई तेरो ठेकेदारले गलत गऱ्यो भनेर कसैले भन्दैन । ऊ मौन भएर बसेको हुन्छ । यो एउटा उदाहरण मात्र हो । यस्तै कैयौँ अनियमितता भएको विपक्षीले देखेको हुन्छ । तर ऊ चुप लाग्छ, बोल्दैन । भागबण्डा घरमै पुगिसकेको हुन्छ । अनि ऊ बोल्दैन । त्यसै भएर चुप लाग्नु पनि कला हो । अहिले सत्तापक्ष र विपक्ष सबैको तरिका यही हो । यसरी मिलेको छ, मिलाइएको छ । यो हो गणतन्त्रपछिको राज्य सञ्चालन विधि । यहाँ कोही जतिसुकै कराओस्, कसैलाई केही मतलब छैन । ५०-६० अर्बको बिगो छ, ३० लाख धरौटीमा छुट्कारा पाउँछ । एक करोडको बिगो देखादेखी ७५ लाख तिराएर २५ लाख उसैलाई खाएर बस भनेर छाड्छ । यो तरिकाको भ्रष्टाचार अन्त पाइँदैन ।

भ्रष्टाचारका कुरा पञ्चायती सदनमा पनि उठ्ने गर्थ्यो । त्यति बेला पनि रमाइलै कुरा हुन्थे । फाइलमा भ्रष्टाचार देखाउन सके म यहीँ झुन्डिन तयार छु भनेर जवाफ आउँथ्यो । फाइलमा भ्रष्टाचार कहाँ देखाउनु ? यस्तो हँसाउने मान्छे त्यतिखेर पनि थिए । अहिले त भ्रष्टाचारको कुरा गर्ने मान्छे उल्लु हुन्छ । हेर त उद्योगीहरूलाई बत्तीको पैसा नतिर्नु भनेको ! उता एनसेललाई ७०-७२ अर्ब रुपियाँ मिनाहा गरेको । यस्तो पनि हुन्छ ? यो कतिसम्म भ्रष्टाचारको पारो चढाएको हो, नागरिकले अनुमान गर्नै सक्दैनन् । यसरी गणतन्त्रका नाइकेहरू पनि दुर्गन्धित भए । यसै भएर अर्को आन्दोलनको कुरा

उठेको छ । आन्दोलन नेपालमा घरिघरि गरिरहनुपर्ने भो । यस्तो छिटोछिटो आन्दोलन कुनै देशमा पनि सम्भव छैन ।

यसरी राजनीतिलाई फोहोर सोहोर्न लगाएका छन् । आफू त्यही राजनीति गरेर बसेको भन्छन् । खोइ राजनीति कहाँ छ ? नीति भन्ने कुरै छैन । अनि राजनीति हुने कुरा पनि भएन । राजनीतिलाई यसरी दुःख दिएका छन् यहाँका नेताहरूले । कसले कस्तो राजनीति गऱ्यो भन्ने देख्न पाइँदैन । यहाँ त मान्छे मारेको कुरा गर्छन् । जेल बसेको कुरा गर्छन् । नेताहरूको मुखबाट सुनिने यही हो । ठूलोठूलो पुरुषार्थ गरेको कुरा सुनिदैन । किनभने पुरुषार्थ गरेकै छैनन् । उल्लेख्य रूपमा सामाजिक सेवा गरेका कुरा नेताहरूको मुखबाट सुनिएकै छैन । किनभने उनीहरूले समाजसेवा गरेकै छैनन् । समाजमा गरिबका लागि एउटा सिटामोलसम्म दिएका छैनन् । गरिब निमुखाहरूलाई उल्टै मारेर हिँडेका छन् । जनतालाई लुटेर, कुटेर, मारकाट गरेर आए । उनीहरूको समाज सुधार भनेको त्यही हो ।

अहिलेका नेताले उत्तरदायित्व कहीँ पनि बहन गरेका छैनन् । उमेर छँदा जेल बसे । त्यहाँबाट निस्केर पेट पाल्ने जुक्तिमा हिँडे । ठूला कुरा गरे, कागतालीमा नेता बने अनि के जानेका-सिकेका छन् र राज्य र जनताले सुख पाउने काम गरून्, कुरा यो पनि हो । हामी फलानो पार्टीका भन्छन् । उहिलेका नेताले हालसम्म कुनै सिद्धान्तको कुरा गरेका छैनन् । लाटासिधा निमुखालाई पछि लगाउन सहरका ठूला घरजति तिमीहरू बाँडेर बस्ने भनेका छन् । अर्काको घर बाँडेर हिँड्नमा नेतालाई फुर्सद छैन । सोचाइ, सिद्धान्त, पार्टीको लाइन किन चाहियो ? यस्तो दुःख किन गर्ने ? कुनै बेला सानो पदमै बसेर भए पनि उत्तरदायित्व बहन गरेका भए पो ठूलो पदमा पुग्दा उत्तरदायित्व यस्तो हुन्छ भन्ने बुझ्थे । उनीहरूलाई उत्तरदायित्व थाहै छैन । उत्तरदायित्व थाहा नभएपछि जवाफदेहिता हुँदैन । त्यसै भएर अहिलेका नेताहरूले साँचो कुराको जवाफ दिँदैनन् । उनीहरूले जवाफ दिए भने पनि अन्टसन्ट जवाफ दिन्छन् । चेतावनी दिन्छन् । हामीले गरेकै हो, तिमीहरू जे सक्छौ त्यही गर भन्छन् । कुर्सीमा

बसेर कुर्सीको मर्यादा अनुसारको जवाफदेहिता उनीहरूमा छैन । यो उनीहरूले सिकेकै छैनन् । हामी ठूला मान्छे, हामीलाई यताउताका कुरा सोध्ने ? भनेर उनीहरूको रिसको पारो बढ्छ । नेतासँग जनताले बोल्नु हुँदैन । यस्तो लोकतन्त्र र गणतन्त्र छ नेपालमा ।

नेताहरूले राजनीतिलाई फोहोर गर्ने बाटोमा लगाएको मात्र होइन, पार्टीलाई समेत खुद्रा पसलको दर्जामा राखेका छन् । पार्टीमा बोलकबोल हुन्छ । भावी नेता यसरी बनाउने चलन छ । यसरी बोलकबोलमा नेता बनेकाहरूसँग केको आशा गर्ने ? यिनले भए देश बनाउँछन् भन्न थाल्यो भने आफैँ बेवकुफ बनिन्छ । पार्टी खुद्रे पसलको तरिकाले चलाउन थालेपछि सबै कुरा नाफाको दृष्टिले हेरिन्छ । अहिले चरैतिर पैसा मात्र देख्नुको कारण यही हो । सबै नेता वा कार्यकर्ता नाफाखोर नहोलान् । उनीहरूले देश बनाउने कुरा गर्न गए भने ऊ खाने कुरा गर्न आयो भनेर पहिल्यै अनुमान हुन थाल्छ । अनि मन्त्रीहरूले ट्याक्सीसँग मोलमोलाइ गरेजस्तो गर्न थाल्छन् । देश बनाउने कुरा लिएर जाने मान्छेले कुरा गर्नै सक्दैन । उसको कुरा बिक्दैन । निर्माणसमेत यसरी मोलतोलमा चलेको छ ।

यसको अर्थ कामै भएन भन्ने पनि होइन, काम पनि भएका छन् । निर्माण गर्ने कुरामा कमी छैन । धरहरा बनाएका छन् । भ्यूटावर बनाएका छन् । बाटाघाटा बनाएका छन् । आफ्नालाई पनि बनाएका छन् । राष्ट्रको ढुकुटी बलियो बनाउन गोकर्ण रिसोर्टलाई ५० वर्षको लिजमा दिएका छन् । उता चन्द्रागिरीमा केबलकार र माथि डाँडामा अनेकौँ संरचना बनाएका छन् । बालमन्दिरको जग्गा लिजमै गएका छन् । ललिता निवास सकिन लागेको थियो, त्यसलाई पनि बचाएका छन् । कागजको खोष्टामा चल्दै आएको गिरी बन्धु बगानलाई नियम बनाएर जिम्मा दिइएको छ । यस्ता कामहरू धेरै गरेका छन् । यस्तो विकास निर्माणको हामी वर्णन गर्न सक्दैनौँ । यस्तो गणना गर्ने कार्यालय वा संस्थाले राम्रै टिपोट राखेको हुन सक्छ । हामीसँग त त्यस्तो टिपोट केही छैन । त्यसै भएर पनि भएजति विकासका कुरा, गरेजति विकासको वर्णन गर्न नसकेको हो ।

मुलुक केका लागि चलेको भनेर कसैले सोध्यो भने के भन्ने ? यस्तो प्रश्नको उत्तर त्यति गाह्रो छैन । मुलुक अहिले समाजवादका लागि चलेको छ भने हुन्छ । अहिले नेपालभर समाजवादको खेती फस्टाएको छ । सबै पार्टीहरू एउटै खेती गरेर बसेका छन् । यो खेती गर्न सजिलो छ । कसैले के गरेको भनेर सोध्यो भने समाजवादको खेती गरेको भने भएको छ । त्यो, यो, किन, कस्तो भन्ने प्रश्न कतैबाट आउँदैन । समाजवाद भनेको यस्तो हो कि समाजवादमा एउटै छाना, एउटै नाना र एउटै खाना पनि अटाउँछ । त्यसै भएर यसमा कुनै झमेला पर्दैन । समाजवादले वास्तवमै समाजको उत्थान गर्ने हो । अनि त त्यहाँ प्रश्नै हुँदैन । त्यहाँ गरिबदेखि साहु-महाजनसम्मकै उत्थान हुन्छ । किनभने तिनीहरू सबै समाजमै बसेका हुन्छन् । समाजवाद भनेको यस्तो हो । यो एउटै छानामा अडेको छ । त्यसैले यसको खेती खुब फस्टाएको देखिएको हो ।

अहिले कुनै नेताले म समाजवादको कमारो होइन, म त साम्यवादको परिकल्पनामा आएको भनेर भन्छ भने त्यो पार्टीबाट बाहिरिए राम्रो हुन्छ । बाहिरिएका पनि छन् । कतिपयले पार्टी छाडेर हिँडेका पनि छन् । यसरी हिँड्नेहरूलाई किन जान्छौ ? भनेर सँगै बसेको माउ पार्टीले सोधेको देखिँदैन । गए जाओ भनेर मतलब गरेको देखिँदैन । किनभने उसलाई समाजवादको भकारीमा अडेस लागेर बस्दा नै फाइदा छ । किन उनीहरूलाई फर्कन भनिरहने ? यो गणतन्त्रमा वादको कुरा हुँदैन र पार्टीको कुरा पनि हुँदैन । क्षणमा मेलमिलाप र क्षणमा स्वर्ग-नर्क जाने कुरा गर्छन् । कुरा पनि यस्तो स्तरीय हुन्छ, नेताहरूका बीच हामीलाई बोल्न लाज लाग्छ ।

## मोहनविक्रमको भूमिगत अवस्था :

भूमिगत भनेर मात्र हुँदैन । कुनै-कुनै भूमिगत मान्छेले हँसाउँछन् पनि । मोहनविक्रम घर्ती नाममा भूमिगत बसेका मान्छेले पनि रमाइलो दिन्थे । उनी होनहार कम्युनिष्ट थिए । हिँड्दा बजारमै हिँड्थे तर घरमा भूमिगत । यो बानीले उनलाई २०४६ सालपछिको

प्रजातन्त्रले पनि छुट्कारा दिएन । २०४६ सालको आन्दोलनले प्रजातन्त्र आयो भनेर अरू कम्युनिष्टहरू सत्तातिर लागे । घर्तीलाई प्रजातन्त्र आएन । उनी २०६२-६३ सालको आन्दोलनले गणतन्त्र ल्याएको धेरै समयपश्चात् भूमिगत हुन छाडे । उनीसँग अन्तर्वार्ता लिन जाँदा कोठाको बीचमा एउटा पर्दा हालेको हुन्थ्यो । पर्दाभित्र बसेर उनी जवाफ दिने र पर्दाबाहिर बसेर प्रश्न सोध्ने हुन्थ्यो । भूमिगत यस्तो हुनुपर्छ भन्ने उदाहरण पनि हो यो । धेरैजसो त प्रश्न छाडेर आएपछि उनले जवाफ लेखेर ठीक पारिदिएको हुन्थ्यो, त्यही ल्याएर छाप्नुपर्ने । पर्दाको कुरा त २०४६ सालपछिको हो ।

यसरी भूमिगत बस्ने बानीका कारण भूमिगतबाट २०४६ सालपछि पनि पार नपाउने नेतामा गन्नुपर्‍यो भने मोहनविक्रमलाई गन्दा हुन्छ । उनको त्याग भनेको भूमिगत बस्नु हो । मान्छे भूमिगत तीन महिना बस्नुपर्‍यो भने कति गाह्रो हुन्छ । उनले आजीवनजस्तै भूमिगत बस्नु ठट्टाको कुरा होइन । भूमिगत बस्नका लागि शक्ति पनि चाहिन्छ । विनाइच्छाशक्ति भूमिगत हुन सकिँदैन । मोहनविक्रमको भूमिगत जीवनले के काम गर्‍यो भन्नेहरू पनि होलान् । तर उनको भूमिगत कालमा भूमिगत रूपमै अनेकौँ काम बनेको हुन सक्छ । कतिपय कम्युनिष्ट बन्नेहरूका लागि नीति-निर्देशन र सिद्धान्तहरू स्कुलिङ भइरहेकै हुन सक्छ । त्यस्ता व्यक्ति अहिलका मन्त्री बनेका पनि होलान् । जे होस्, भूमिगत भनेपछि उनकै पहिलो सम्झना हुन्छ ।

### चित्रबहादुर केसी :

कम्युनिष्टका अर्का नेताको नाम हो चित्रबहादुर केसी । उनी कुरा राम्रो गर्ने अनि त्यही हुलमुलमा मन्त्री खान दौडने । पहिले जितेर आउँदा केकेन गर्न सकिन्छ भन्ने भान उनमा पनि परेको होला, संसदमा पाइला परिसकेपछि कुरा उही हो । राजनीतिमा गरिनुपर्ने र जनताले सुविधा पाउनुपर्ने कुरा बोल्नमा केही बाँकी राखेका छैनन् । तर केही भएको छैन । उनी कम्युनिष्टको स्कुलिङ र

सत्तावाल कम्युनिष्टहरूको स्कुलिङमा फरक परेछ कि क्या हो ! नत्र उनलाई सबै वाम एक ठामले पनि छुँदैन । यो कसैको गरिखाने बाटो हो भनेर पछि हट्ने गरेको पाइन्छ ।

'सादा खाना उच्च विचार' उनमा पाउन सकिन्छ । नेपालका कम्युनिष्टहरूमा त्यस्तो कतै देख्न पाइँदैन । एउटा उदाहरण बनेर यो लोकतन्त्र, गणतन्त्रको सभासदमा झुल्किएका केसी टेम्पु चढ्छन् । कतिपटक हिँड्दाहिँड्दै ढलिसकेको भन्ने छ । उनलाई उपचार गर्ने पैसा चाहिएको छैन । नानाथरिका सुरक्षा अघिपछि लगाउँदै हिँड्ने बानी उनमा छैन । पूर्वविशिष्टले पाउने सुविधा लिन हुँदैन भन्ने उनको भनाइ छ । मुख्य कुरा अहिलेको सङ्घीयता राख्नु हुँदैन भन्ने पक्षमा छन् । देशले धान्न नसक्ने व्यवस्था काम छैन भन्छन् । बेलाबेलामा 'एक्लो बृहस्पति झूटो' भन्न पनि भ्याएका छन् । उनको राजनीतिक पाटो बेग्लै छ, व्यावहारिक छ । यो लुटानतन्त्रमा उनको भनाइ कसले मान्ने ? यही समस्या रहेको छ । सगोत्रीले सत्ता चलाए पनि उनीबाट पच्कार्ने काम भएकै हुन्छ । त्यो नै महानता हो ।

## पञ्चायती सदन :

संसदमा प्रष्ट बोल्ने र जनताको कुरा गर्ने मान्छेको खाँचो पञ्चायतदेखि नै छैन । उति बेला रूपचन्द्र विष्ट पनि केसीको जस्तै कुरा गर्थे । तर के काम ? उही 'एक्लो वृहस्पति झूटो' भनेजस्तै हुन्थ्यो । भाङ्ग्राका कपडा लगाएर संसदमा आउँथे । सदनमा बोल्दा अरू सांसद हाँस्थे, उनलाई कुनै पर्वाह हुँदैनथ्यो । सदनमा वादविवाद हुँदा र कुनै विषयमा भोट हाल्नुपर्दा कमजोर पक्षलाई भोट हाल्ने उनको सिद्धान्त थियो । एकपटक सदनमा प्रधानमन्त्री सूर्यबहादुर थापालाई अविश्वासको प्रस्ताव राखे । प्रस्तावप्रति छलफल भयो । सूर्यबहादुरले अविश्वासलाई फेस गर्ने नीति लिए । चुनाव हुने भयो । त्यति बेला सूर्यबहादुर थापाको पक्षमा मतदान गरे । सूर्यबहादुर थापालाई थाहा थियो चुनावमा हार हुन्छ भन्ने । तर उनले भारदारहरूको नाममा द्वैध शासन कायम हुन हुँदैन भन्ने भनाइ अघि सार्ने मौका ठानेर चुनावी प्रस्ताव फेस गरेका थिए ।

रूपचन्द्र विष्ट व्यवस्थाको खिलाफमा उभिने व्यक्ति थिए । उनको चुनावी क्षेत्रमा त्यही विचार राखेर चुनाव जित्थे । 'थाहा' उनको चिनारी थियो । अहिले त 'थाहा नगरपालिका' नै बनेको छ । उनी पञ्चायतको उपयोग गर्ने काममा संसद भवन छिरेका थिए । तर पञ्चायतले उनैलाई उपयोग गऱ्यो । एउटा सांसदले भएका कुरा गर्थे, हुनुपर्ने र गर्नुपर्ने कुरा गर्थे । तर उनको खास उद्देश्य हेर्दा वामजस्तै देखिए पनि वाम भन्नेहरूको भ्याँको भार्थे । उनी त्यति बेला कम्युनिष्टहरूलाई राता-पहेँला कम्युनिष्ट भन्थे । यसको अर्थ अहिले आफैँले बुझौँ । किनभने यसको व्याख्या लम्बेतान छ ।

## नानीमैया दाहाल :

संसद अर्थात् पञ्चायती सभासदको थलोमा जनताका आक्रोशहरू विभिन्न प्रकारले पोखिँदै आएका थिए । राजधानीजस्तो बुद्धिजीवी भएका ठाउँबाट नानीमैया दाहाललाई चुनाव जिताएर सांसद बनाए । दाहालले परिवर्तन ल्याउँछिन् भनेर होइन । उनको छाडाबोलाइले पञ्चायती चराहरूको हुर्मत लिन्छिन्, रमाइलो देख्न पाइन्छ भन्ने जनता काठमाडौँमा देखापरेर उनलाई चुनाव जिताएका थिए । तर राज्यलाई त्यसको के मतलब ! राज्य त हात्ती लस्केजस्तै लस्केको छ, हिँडेको छ । कुरो यति मात्र होइन । व्यवस्था प्रदूषित भइसकेको थियो । राज्यलाई यो मतलब थिएन । जनतामा आन्दोलन गर्ने आँट जुटिसकेको थिएन । नानीमैयाको जीतले जनतालाई एकठ्ठा हुन मद्दत गऱ्यो । पञ्चायतको विरोधमा उभिन सक्ने भए । दाहालको जीतलाई पञ्चायती खेमाले हाहा गरेर उडाए पनि भित्री रहस्य र कारण तिनलाई थाहा थिएन । त्यसले २०४६ सालको आन्दोलनलाई बल पुग्छ भन्ने गहिरो सोचाइ पञ्चायती राजमा थिएन ।

कुनै सिद्धान्त खोज्ने हो भने दाहालमा छाडा बोल्ने र परिआउँदा थप्पड दिन पछि नपर्ने, यत्ति हो । रूपचन्द्र विष्टको जस्तो गहकिलो भिजन थिएन । पञ्चायत भनेकै त्यस्तै हो । त्यहाँ सिद्धान्त हुने थिएन । राजाको जय भन्यो, वरिपरि बसेर सोहोऱ्यो । त्यसले

राजा र राजसंस्थालाई हुने फाइदा-बेफाइदाको कसैले मतलब राख्ने होइन । दलालीगिरी चल्थ्यो । त्यही सिद्धान्त थियो पञ्चायतको ।

## धनबहादुर कम्युनिष्ट भएर गए :

नलिनचोकपूर्व देउजागाउँमा मेरा एकजना साथी थिए । उनको नाम हो धनबहादुर ङाखुसी । उनले र मैले भक्तपुर कलेजमा आई. ए. सँगै पढेका हौँ । भक्तपुरबाट उनको घर जान र मेरो घर आउनमा समय बराबर लाग्थ्यो । उनको मामाघर किवाचोकमा हो । हामी दुईले आई. ए. मा सँगै मात्र पढेनौँ, भक्तपुरमा एउटै कोठा लिएर सँगै बस्यौँ पनि । पढाइमा तेज नै थिए धनबहादुर । उनका बाआमा स्वर्गे भइसकेका थिए । तैपनि उनका दाजुले बाबुकै जस्तो गरेर उनलाई पढाएका थिए । दाजुको पनि कुनै न कुनै आस थियो होला । दाजुभाइमा कुनै प्रकारको मतभेद थिएन । किसान परिवार सबैले खेतीमा काम गर्थे, धनबहादुर पढाइमा लागेका थिए ।

मैले आई. ए. पास गरेर त्रिचन्द्रमा बी. ए. पढ्न गएँ । यता साथी धनबहादुर त कम्युनिष्ट नेता पो हुन थालेछन् । उनले बेग्लै सिद्धान्त देखाउन थालेछन् । यतिसम्म उनका गुरुले मानेछन् र किवाचोकमै कम्युनिष्टको सङ्गठन गर्न पठाएछन् । बेलुका आउने, मामाघरमा खाने, राति तालिम दिने, भोलिपल्ट जाने । केही वर्ष यसरी बिताए । उनले तालिम दिएकाहरू उनीहरूको ग्याङभन्दा बाहिरका मान्छेसँग बोल्न छाडे । उनीहरूले शिक्षा नै त्यस्तै पाएपछि त्यसै गर्न थाले । ओल्लागाउँ र पल्लागाउँका मान्छेसँग भेट हुँदा कसैसँग नबोल्ने बनाएर छाडे । हामी भने भेटघाटमा बोल्ने मान्छे अहिले बोलाउँदा पनि अन्तै हेरेर हिँड्ने भएछन् । ताजुबमै परियो । धनबहादुरको स्कुलिङको नतिजा हो भन्ने कुरा पछि थाहा भयो ।

उता धनबहादुरले आफ्नो क्षमतालाई अत्युच्च तहमा पुऱ्याउँदै नयाँ-नयाँ विचारहरू अघि सार्न थालेपछि उनलाई उनका कामरेडले बिस्तारै छाड्न थाले । किनभने विश्व कम्युनिष्ट अवधारणालाई चिरफार गर्न सक्ने अवस्थामा धनबहादुर पुगेको पाइन्थ्यो । उनको

विचारसँग सहमत कोही भएनन् । त्यसपछि उनको मगज सड्कन थाल्यो । कौसीमा गएर रातभर कराइरहने, दिनमा पनि त्यही पारा देखाउने हुन थाल्यो । कतै गएर उनको समस्या समाधान भएन । यही पाराले रहँदै जाँदा उनको अन्त भयो । कम्युनिष्ट हुन उनको स्कुलिङ कहाँ भयो, त्यो अहिलेको विषय होइन । अहिलेको विषय भनेको विद्यार्थीदेखि नै कम्युनिष्ट बनाएर ल्याउनुपर्ने निर्देशन हो ।

सभापति पद्मबहादुर बुढाथोकीले भक्तपुरका माष्टरहरूलाई कम्युनिष्ट बनाउने तरिकाको निर्देशन दिएको देखियो । त्यही निर्देशन अनुसार विद्यार्थी कालदेखि कम्युनिष्ट बनाउँदा धनबहादुर ङाखुसीले कम्युनिष्ट सिके । सिके मात्र होइन, सिकाए पनि । तर उनको सिकाइले काम गरेन, न त उनी आफूले सिकेको कुरामा सहमत हुन सके । यो धनबहादुरको गल्ती हो वा उनलाई कम्युनिष्ट सिकाउनेको गल्ती हो, भन्न सकिएन । कम्युनिष्ट बन्ने र बनाउने क्रममा भएको यो दुर्घटनाले ज्यादै अपशोचको स्थिति बनाएको छ । सिक्ने र सिकाउनेले आफूलाई कुन तरिका अपनाएको छ, त्यो ख्याल जसतसले गर्दैन । अलि अहम्पना देखिन थालेपछि कुनै पनि कामको माने रहँदैन । सिकाउनेले त्यो ख्याल गरेर सिकाउनुपर्ने हो । त्यहाँ त्यस्तो भएन । सभापति बुढाथोकीको धारणा त्यस्तो थिएन होला, तर घटना घट्यो । कम्युनिष्ट विचारमा त्यस्ता झमेला आउँछन्, त्यसै गरी पन्छाउँदै हिँड्ने हो । निचोडमा देखियो त्यही । धनबहादुरको अवसानपछि किवाचोकका कम्युनिष्ट सिकारुहरू भन्थे – अरूसँग नबोल्नु भनेको त सबै आफूले मात्र बोल्नु रहेछ । यो पनि अति नै हो भन्नुपर्छ । हिजोसम्म कसैसँग नबोल्ने व्यक्ति आज त्यसो भन्न सक्ने हुनुलाई सिकाइकै कमजोरी भन्न मिल्ला नि !

## नक्कली राजेश्वर :

पञ्चायती नाटकका पात्रहरू पनि रमाइला हुन्थे । भूमिगत गिरोहले चुनीचुनी त्यस्ता पात्रहरू कायम गरिएको पाइन्थ्यो । यी सर्कसका हास्यकलाकारभन्दा कम हुँदैनथे । रमाइला हुन्थे, राजनीति

क्षेत्रमा गरिने विभिन्न हाउभाउमा निपूण हुन्थे । बाहिर हामीले देख्दा यस्तै देखिन्थ्यो । तर भित्री रूपमा कसले कसलाई मान्यता राख्नुपर्थ्यो, त्यो उनीहरूबीचका कुरा हुन्थे । त्यसमध्येका एक पात्र थिए नक्कली राजेश्वर देवकोटा ।

गोरखाका सक्कली राजेश्वर देवकोटा बौद्धिक थिए । उनी तर्कसङ्गत कुराकानीमा आफूलाई उभ्याउन सक्थे । उनी राजाको पक्षका व्यक्ति थिए । पञ्चायतमा सबै राजावादी देखिन्थे, देखिनुपर्ने बाध्यता पनि थियो । त्यसैले उनी राजाको भलो होस् भन्ने व्यक्ति थिए । तर यो कुरा भूमिगत गिरोहलाई मान्य थिएन । त्यसै भएर चुनावमा राजेश्वर देवकोटालाई हराउनु उनीहरूको बहादुरी ठहर्थ्यो । राजाको भलाइसँग गिरोहलाई कुनै मतलब थिएन । आफूलाई राजाभन्दा माथि मान्ने व्यक्तिहरूको जमघट गर्नु उनीहरूको काम थियो । पञ्चायती राजनीतिमा यो एउटा नमूना मात्र थियो । यस्ता बौद्धिक पात्रहरूलाई हटाएर आफ्ना भजन मण्डलीलाई अघि बढाउनु उनीहरूको काम थियो । भाइभारदारहरूले यसो गर्नमा उनीहरूका अनेकौँ स्वार्थ थिए । व्यापार र तस्करीसमेत उनीहरू सञ्चालन गर्ने गर्थे । त्यसैले राज्यसत्ता कब्जा गरेर बस्नु उनीहरूको काम थियो ।

चुनावमा गिरोहले कसलाई जिताउने र कसलाई हराउने भनी उमेदवारहरू तय गर्थ्यो । हेर्दा राजेश्वर देवकोटा पनि गिरोहकै उमेदवार देखिन्थे । तर भित्री रूपमा उनी राजाका उमेदवार थिए, उनलाई गिरोहले हराउनुपर्ने हुन्थ्यो ।

राजेश्वर देवकोटा अलि होचा कदका व्यक्ति थिए, बौद्धिक उचाइमा अरू पञ्चभन्दा धेरै माथि । उनी राष्ट्रिय पञ्चायतको चुनावमा उठे । गोरखाका विभिन्न ठाउँमा कोणसभा र भाषण अनि घरदैलो कार्यक्रम गर्दै हिँडे । चुनाव उनले जित्ने लगभग पक्का थियो । उता राजेश्वरका विरुद्धमा उनकै भाउजू विद्यादेवी देवकोटालाई गिरोहले उमेदवार बनाएको थियो । राजेश्वर चुनाव जित्नेमा ढुक्क थिए र भाषणहरू गर्दै हिँड्थे । तर जहाँ भाषण गऱ्यो, त्यहाँ करिब दुई घण्टा जतिमा राजेश्वरले भाषण गरेकै थलोमा

विद्यादेवीको भाषण गर्ने कार्यक्रम राखिएको हुन्थ्यो । राजेश्वर भाषण गरेर अर्को ठाउँमा भाषण गर्न पुगिहाल्थे । यता विद्यादेवीको सभामा राजेश्वरजस्तै जिउडाल, बोलीचाली, उचाइ सबै राजेश्वरसँग मिल्ने मान्छे भाषण गर्न थाल्थे । हेर्दा राजेश्वर नै हो, केही फरक छैन । ती नक्कली राजेश्वरले भन्थे – 'हेर्नोस्, भर्खर म यही मञ्चमा थिएँ । तपाईंहरूको सामु मैले भोट मागेको हो । तर अब मलाई भोट नदिनोस् भन्न फेरि म यहाँ आएको छु । मेरो सट्टा अब मेरी भाउजू विद्यादेवीलाई भोट हाल्नोस् भन्न आएको ।'

यसरी सक्कली राजेश्वरले जहाँ-जहाँ भाषण गर्थे, त्यहीँ पुगेर त्यसो भन्दै पछिपछि नक्कली राजेश्वरका जत्था भाषण गर्दै विद्यादेवीलाई भोट हाल्ने भन्दै हिँड्थे । यस्तो प्रकारको चुनावी भाषण पनि पञ्चायतमा देखियो । चुनाव सकियो । राजेश्वरले जित्ने ठाउँमा उनकी भाउजूले चुनाव जितेको पाइयो । भाइभारदारहरूले यस्ता मान्छे कहाँबाट ल्याउँथे, कहाँ पाउँथे, त्यो पनि अचम्मै मान्नुपर्थ्यो । आखिर राजेश्वरले जित्ने चुनावलाई अर्कैको जीत गराउने कला ती भारदारहरूसँग थियो । त्यसै भएर लगभग राणा पाराकै हैकम जमाएर बसेका थिए ती भारदारहरू । पछि ती नक्कली राजेश्वर काठमाडौँमा हिँडेको देख्नेहरू भन्थे 'उः राजेश्वर देवकोटा' । हुन पनि राजेश्वरमा पाइने सबै प्रकारका हाउभाउ उसमा पाइन्थ्यो ।

राजेश्वर काठमाडौँको लाजिम्पाटमा गाई पालेर बसेका थिए । उनका घरमा जानेजति सबैलाई गाईको मोही खान दिन्थे । उनीसँग कुराकानी गर्नुको छुट्टै मजा हुन्थ्यो । अरू पञ्चहरू कुरा गर्थे राजा र गिरोहको मात्र । तर राजेश्वर देशविदेशका कुराहरूको विश्लेषण गरेर कुरा गर्ने गर्थे । गिरोहलाई यस्तो कुरा पच्दैनथ्यो । त्यसैले राजेश्वरले भाइभारदार र गिरोहको कोपभाजनमा पर्नुपर्थ्यो । उनी रा. पं. को प्रत्येक चुनावमा उठ्थे । प्रत्यक चुनावबाट हार्थे । तैपनि उनले खेमा परिवर्तन गरेनन् । राजाकै भलो चिताएर बिदा भए ।

वैज्ञानिक कथन छ - संसारमा पाँचजना व्यक्ति एकै प्रकारका हुन्छन् । उसको आहार मिल्छ, बोलीचाली मिल्छ, उचाइ, मोटाइ सबै

एकै प्रकारको हुन्छ । ती पाँचजना कुन देशमा हुन्छन्, कहाँ बसेका हुन्छन्, त्यो पाउनु स्यालको सिङजत्तिकै कुरो हो । तर नेपालका गिरोहले त्यति बेला त्यस्तो व्यक्ति पनि पाएको देखियो । संसारको अचम्ममध्येको एउटा अचम्म त्यसलाई पनि मान्नुपर्छ । राजेश्वरजस्तै दुई व्यक्ति देखेर दुवैजनालाई एकै ठाउँमा राख्यो भने कुन सक्कली र कुन नक्कली राजेश्वर भनेर छुट्याउन गाह्रो पर्थ्यो । यस्तो चमत्कारी काम गिरोहबाट भएको देख्दा त्यति बेला नहाँस्ने मान्छे नै थिएनन् ।

## पञ्चायती नाटक :

पञ्चायत आफैँमा एउटा नाट्यशाला थियो । 'सबै नेपाली पञ्च, सबै पञ्च नेपाली', यो पञ्चायतको अहम्ता हो । यस्ता नारा लगाएर हालीमुहाली गरेका थिए । सबै नेपाली पञ्च थिए भने त्यही भित्र गुट र खेमाले काम गरिरहेको थियो । सूर्यबहादुर थापाको उदारवादी खेमा । यसले जनताको साथ पाएको थियो । लोकेन्द्रबहादुर चन्द, मरिचमान सिंहको अनुदारवादी खेमा । यी सबै खेमाका रूपमा काम गर्थे । राजालाई भन्दा बढी भाइभारदारलाई खुसी पार्नुपर्ने त्यति बेलाका प्रधानमन्त्रीको बाध्यता थियो ।

पञ्चायतमा पनि चुनाव हुन्थ्यो । कुन व्यक्ति कुन खेमाबाट चुनावमा उठ्ने, त्यो रमाइलो नाटक त्यति बेला देख्न पाइन्थ्यो । यो रमाइलोसँग राजालाई मतलब थिएन । भारदारहरू भूमिगत गिरोहहरूलाई मतलब हुन्थ्यो । चुनाव लडायो, जिते पनि हारे पनि चुनावी माहोलपछि एकै हुने, एउटै नारा । यस्ता नाटक हुन्थे ।

पञ्चायतको यस्तो नाटकमा काङ्ग्रेस र कम्युनिष्टहरूले भाग लिने गर्दैनथे । यसलाई एकतन्त्रीय शासन भन्थे । त्यसै भएर बहुदलका लागि सङ्घर्ष गर्नुपर्ने अवस्थाको पर्खाइमा उनीहरू थिए । उनीहरूका पनि भित्री सङ्गठन हुन्थे । पञ्चायत विरुद्धका स्कुलिङहरू गोप्य रूपमा चलिरहेका हुन्थे । यसबाट पञ्चायती चुनाव होइन, सक्कली चुनावको झलक बाहिर देखिन्थ्यो । यसैकारण उनीहरूउपर धरपकड जारी रहन्थ्यो । पञ्चायतको एकतन्त्रीय शासनमा पनि

राजसंस्थाले सजिलोसँग राज्य गर्न पाएको थिएन । विभिन्न लफडाहरूको सामना गर्नुपर्थ्यो, जुन भारदारहरू तेर्स्याउँथे ।

## श्री ६ का ठेकेदार :

नेपालको राजनीतिक इतिहासमा राणाहरूले आफ्नो सम्बोधन श्री ३ भनेर कायम गरेका थिए । शाह राजाहरूको सम्बोधनमा श्री ५ भन्ने चलन थियो । यी दुवैभन्दा माथि श्री ६ को पदवी डा. के. आई. सिंहले आफूलाई घोषणा गरे । २४ घण्टा त श्री ६ भएर राज्य पनि चलाए । अलिकति तालमेल मिलेको भए नेपालमा शाह होइन सिंह राजा हुने निश्चित थियो । उनले हान्न खोजेको बारुदखाना हात लागेन । त्यसैले उनको हातबाट श्री ६ गुम्यो । उनी सिंहदरबारमा थुनिए । सिंहदरबारमा उनको सम्पर्क रक्षादलसँग बढेको हुँदा उसैको सहयोगबाट डा. के. आई. सिंह थुनाबाटै गायब भए । यो २००८ साल फागुनतिरको कुरो हो ।

डा. के. आई. सिंह सिंहदरबारबाट रक्षादलको सहयोगमा भागेर अगाडिको टुकुचा खोलैखोला जान सफल भए । पछि थाहा भयो उनी त्यसै गरी चीन पुगेका रहेछन् । यता पद्मबहादुर बुढाथोकीलाई के. आई. सिंह भगाउने आरोप लाग्यो । तर जे-जे आरोप लगाए पनि केही फरक परेन । राज्यसत्तामा बसेका मान्छेले जनतालाई यसै गरी दुःख दिने गर्छन् । यो साधारण कुरो हो । डाक्टर साहेब भागे । सरकारले कति खोज्यो, पाउन सकेन । त्यसपछि उसलाई वारेण्ट जारी गर्‍यो । सरकारले फरारलाई गर्ने यत्ति हो । आफ्नो प्रक्रिया पुर्‍याएर सरकार बस्यो । डा. सिंह आफ्नो बाटोमा अगाडि बढ्दै गए । भगाउन कसैले सहयोग गर्नुपरेको होइन, रक्षादलले सहयोग गर्‍यो । उनलाई त्यो नै काफी थियो ।

डा. के. आई. सिंह अरू राजनीतिक सङ्गठनको जस्तो अधिकार भएन भनेर विद्रोहमा उत्रेका व्यक्ति होइनन् । उनी त राणाहरूको व्यवहार, शाह राजाहरूको सयौँ वर्षसम्मको मान र सम्मति, यी सबैको अध्ययन गरेर राज्य हत्याउने खेलमा लागेका व्यक्ति हुन् ।

उनलाई अधिकार कुनै ठूलो कुरो थिएन । राणा राज छचल्केर उग्र भइसकेको थियो । त्यहाँ राणाको मात्र विरोधले शाह राजालाई बलियो बनाउनुभन्दा राज्य आफैँले लिने विचारमा के. आई. सिंह लागेका हुन् । उनलाई अरू राजनीतिक दलहरूको सहयोग रहेको भए उनी त्यत्तिकै हार खानेवाला व्यक्ति थिएनन् भन्न सकिन्छ । राजनीति कमजोर हुन थालेपछि अधिकार मागेर अर्थ रहँदैन । शक्ति राज्यसँग हुन्छ । त्यसैले राज्य हात लगाउने उनको दाउ अलिकति मिलेन । नत्र उनले हार खानुपर्ने थिएन ।

डा. के. आई. सिंह बोलीमा पनि चमत्कारी भएको देखिन्छ । राज्यसत्ताको संरक्षण गर्न बसेको रक्षादलका व्यक्तिहरूलाई आफ्नो वशमा राख्न सक्नु भनेको सानो कुरा होइन । मानिसमा मीठो बोलीले मोहनीको काम गर्छ भन्ने छ । कतै उनी त्यस्तै मृदुभाषी त थिएनन् ? यो पनि अनुमान गर्ने कुरा उनले छाडेका छन् । त्यति बेला भरखर-भरखर पार्टी खोलेर राजनीतिको पहिलो खुड्किलोमा टेकेका जनताका अगाडि के. आई. सिंहको परिपक्वताले धेरै खुड्किलो उक्लेको देखाउँछ । उनलाई जनताको साथ थियो । उनी सिंहदरबारमा कसरी थुनिए, त्यो रोचक विषय छ । उनले टुँडिखेलको भाषणमा 'भ्रष्टाचारलाई लखेट्दै गएको त भ्रष्टाचार राजदरबारभित्र पस्यो, अनि म फर्केर आएँ' भनेपछि उनी थुनामा परेको भन्ने छ ।

## कम्युनिष्ट र जर्ज ओर्वेल :

विश्वमा कम्युनिष्ट राज्यको प्रादुर्भाव भएपछि त्यसका सिद्धान्तहरू पनि विभिन्न रूपमा प्रतिपादित हुन थाले । कम्युनिष्ट राज्यका लागि स्थायित्व हुन चाहिने कुराहरूको त्यही रूपमा वर्णन भएको पनि देखियो, पढियो । वर्गसङ्घर्ष त साधारण देखिन थाले । सयौँ लेख कम्युनिष्टका बारेमा लेख्ने भए । कम्युनिष्ट शासनलाई सरल होइन, बढी कडा र रोमाञ्चक बनाउन सकिने खालका सिद्धान्तहरू आए पनि वास्तवमा ती व्यावहारिक थिएनन् । त्यसैले लागू हुन सकेनन् । लागू नभए पनि कम्युनिष्ट राज्यका लागि

वर्गसङ्घर्षको एउटै सिद्धान्तले धेरै वर्ष काम गरेको देखिन्छ । यो शाब्दिक सरलताका कारण यस्तो भएको हुन सक्छ ।

प्रकृतिका सम्पूर्ण उत्पादनहरू समान वितरण हुनुपर्छ भन्ने धारणा र वर्गहीन राज्य कम्युनिष्ट शासनको गीता भने हुन्छ । समान वितरण त्यति बेला हुन्छ, जब वर्ग हुँदैन । वर्ग नहुनका लागि वर्गसङ्घर्ष गर्नुपर्‍यो । वर्गसङ्घर्षले ठूलो-सानो कोही नहुने भए । यो सिद्धान्त पनि एक प्रकारले पछिल्लो समयमा विवादित हुँदै आउन थाल्यो । धनी र गरिबको वर्ग हुनु स्वाभाविकै हो । ठूलो र सानोको वर्ग त्यहाँ छुट्याइएको छैन । ठूलो र सानो पनि एउटा वर्ग हो । वर्गीय सिद्धान्तमा ठूलो र सानोलाई लिइएको छैन । किनभने ठूलोले राज्य चलाउनुपर्छ । सानो शासित र ठूलो शासक, त्यो कतै पनि हराउने कुरो होइन । त्यसका लागि राज्य सञ्चालन गर्न ठूलो र सानोमा वर्गीय भिन्नता मानिदैन । सन् १९१७ को रसियन क्रान्तिले कम्युनिष्टहरूमा ठूलो परिवर्तन ल्यायो । त्यसका साथसाथै निरङ्कुशता पनि हदभन्दा माथि हुन्छ भन्ने प्रष्ट पार्‍यो ।

कुरो आयो स्वतन्त्रताको । प्राकृतिक उत्पादन समान वितरण हुनुपर्छ । मानिस जन्मसिद्ध स्वतन्त्र प्राणी हो । उसमा निरङ्कुशता लाद्न हुँदैन । निरङ्कुशता नभए राज्यसत्ता हुँदैन । कम्युनिष्ट राज्यसत्ता पनि त्यही हो । यी कुराहरूबीच खिचातानी हुन छाडेन । त्यसैले अलग-अलग सिद्धान्तहरू देखिन थालेका हुन् । यस्तो अवस्था छँदैछ, हिजो थियो, आज पनि छ । यो कहिलेसम्म रहन्छ, थाहा छैन । यसैबीच कम्युनिष्ट राज्यको स्थायित्वका लागि बच्चादेखि नै वर्गहीन बनाउनुपर्छ । त्यसो गर्नका लागि सामूहिक बच्चा जन्माउने र बच्चाको हेरचाह राज्यले नै गर्ने हो, आमाले त बच्चा जन्माउने मात्र हो । त्यसपछि बाबुआमा कहाँ छन्, त्यसको जानकारी कतै नहुने । कतिसम्म भने आमालाई पनि बच्चाको बाबु थाहा नहुने । यसरी जन्मेका बच्चा स्वस्थहरूलाई हुर्काउँदै ल्याउने र अवस्थहरूलाई सानैमा परमधाम पठाउने । यस्तो सिद्धान्त पनि देखियो । यो आफैँमा कति व्यावहारिक होला, त्यो त कम्युनिष्ट राज्यले बताउने कुरा हो ।

ठूलो सङ्ख्यामा एकैपटक बच्चा जन्माउने प्रक्रियाहरूमा राज्यकै अगुवाइ हुने विभिन्न सिद्धान्त पढ्नमा आनन्द दिन्छ । आनन्द मात्र होइन, सानैदेखिको निरङ्कुशता त्यो बच्चामा महसुस हुँदैन भनिन्छ । यस्ता कैयौँ सिद्धान्तहरू हेर्दै रहँदा रसियन क्रान्ति पनि देखियो । त्यसबाट स्थापित राज्यसत्ता र क्रूर निरङ्कुशता हेरेर 'जर्ज ओर्वेल' ले 'एनिमल फार्म' भन्ने किताब लेखे । त्यस किताबले कम्युनिष्ट निरङ्कुशतालाई व्यङ्ग्य प्रहार गरेको पाउन सकिन्छ । उनले आफ्नो किताबमा सातओटा कुरालाई प्रधानता दिएका छन् । यो फार्मभन्दा बाहिरका जनावरहरू यसमा पर्दैनन् ।

१. दुई खुट्टा हुनेहरूमा शत्रुता हुन्छ ।
२. चार खुट्टा हुने र पखेटा हुनेहरूमा मित्रता हुन्छ ।
३. जनावरले लुगा लगाउँदैनन् ।
४. जनावर पलङमा सुत्दैनन् ।
५. जनावर रक्सी पिउँदैनन् ।
६. जनावर जनावरलाई मार्दैनन् ।
७. सबै जनावर समान हुन्छन् ।

लेखकको फार्ममा जनावरका साथै सुँगुरलाई विशेष रूपमा उल्लेख गरेको पाउन सकिन्छ । उक्त किताब प्रतिबन्धमा पनि पऱ्यो । पछि थाहा भयो किताब प्रतिबन्धमा पर्नुको मुख्य कारण 'स्टालिन' लाई संरक्षण गर्नु रहेछ । कम्युनिष्ट राज्यमा काम गर खाऊ । खानका लागि काम गर । काम-माम समान, छाना-नाना एउटै । यो पनि राम्रो भन्दाभन्दै राज्यमा उत्पादन घट्न गएर खाद्यान्न सङ्कट राज्यले व्यहोर्नुपरेको पनि देखियो । समान खाना, समान काम । मान्छेको जीवन यत्तिका लागि भन्ने सोचाइ आउन थालेपछि उत्पादनमा लगनशीलता घट्यो र उत्पादन कम हुन थाल्यो । यसले निम्त्याएको समस्याका लागि फेरि तिनै पुँजीपति राज्यहरूसँग हात फैलाउनुपर्ने अवस्था उनीहरूका लागि दुःखद पनि हो ।

यही कारणले पूर्ववत सिद्धान्तहरूको परिमार्जन कम्युनिष्टका लागि आवश्यक भयो । अहिले भियतनाम, चीन, रुस आदि पहिलेका

कम्युनिष्ट राज्यहरू त्यही सिद्धान्तमा छैनन् । उनीहरू परिमार्जित भए । परिस्थिति अनुरूप उनीहरू बदलिएका छन् । उनीहरूकै अर्थमा पुँजीवाद त भन्दैनन् तर व्यवहार पुँजीवाद, कागजपत्र साम्यवाद, यसरी चलेका छन् । राज्यको गति विकासमा लागेपछि उनीहरूमा परिवर्तन आउनु राम्रै हो । यसको अर्थ अब विश्व यही अवस्थामा जाने हो भने पुरानो कम्युनिष्ट नारा कागजमा सीमित हुन सक्छ ।

**समाजवाद :**

'बा' को वाममा साम्यवाद र समाजवाद हुन्थे । छोराको वाममा साम्यवाद छैन । साम्यवाद मौका खोजिरहने वाद हो । यो छोराको वाममा त्यस्तो मौकाको सम्भावना छैन । त्यसैले अहिले साम्यवादलाई थाती राखेको पाइन्छ । समाजवादको छुट्टै महत्त्व पनि छ । सत्तामा जाने बाटो समाजवादले बनाइदिन्छ । छोराको 'वाम' मा यसैलाई टेकेर धेरैले सत्ताको स्वाद चाखेका छन् । सत्ताको नजिक पनि जान नसक्ने वाम पक्षहरू त्यो वामको आस्था चटक्कै छाडेर समाजवादको वकालत गर्न थालेपछि रातारात अलल्ले बन्न पुगेका छन् । साम्यवादको कुरा गर्ने जहाँको त्यहीँ छ, समाजवादको कुरा गर्ने वामहरू धेरै माथि पुगे । छोराको 'वाम' को यो विशेषता पनि हो ।

वामवादभित्रको समाजवाद खामवादमा परिणत पनि हुन्छ । किनभने समाजवादको कुनै आफ्नो सिद्धान्त केही हुँदैन । यो झन् सजिलो वाद हो । नेपालमा अहिलेसम्म वादवालाले गाउँदै आएको वाद हो । यसले हद्द भन्ने हो भने समाजको उन्नत र भलाइ गर्ने वाद भन्न सकिन्छ । खोइ त अहिलेसम्म कुन चाहिँ समाजको भलाइ गरियो ? यो त कतै पनि देखिएको छैन । यो समाजवादले गरेको विकास भनेर 'बा' को 'वाम' र छोराको 'वाम' कसैले पनि भन्न सकेका छैनन् । समाजवादमा त्यस्तो विकास हुँदैन । समाजवादमा अन्त के हुन्छ, थाहा छैन । तर नेपालमा समाजको विकास होइन, व्यक्तिको विकास चाहिँ गरेका छन् । यो छोराको 'वाम' ले अडेस लाग्ने वाद बनेको छ ।

समाजलाई वाद चाहिँदैन । किन चाहियो यो वाद ? समाज आफ्नै गतिमा हिँडेको हुन्छ । उसको गति परिवर्तन गराउन किन चाहियो वाद ? वाद र सिद्धान्त राजनीतिलाई चाहिने हो । आ-आफ्नो राजनीतिलाई कुन वादमा ढाल्ने, त्यो नेतृत्वलाई वादले सघाउँछ । उसले आफ्नो राजनीतिक वादलाई समाजमा ल्याउँछ । समाजले मान्यो भने त्यो होनहारको नेता भयो । समाजले मानेन भने त्यो हरायो । त्यसैले कुन वादले के भन्छ, त्यसको व्याख्या समाजमा छर्न सक्नुपर्‍यो, त्यस व्याख्याले समाज बन्नुपर्‍यो, सामाजिक प्राणीको रक्षा हुनुपर्‍यो र संरक्षण हुनुपर्‍यो । यस्तो हुन सक्ने सोह्रै आना सम्भावना बोकेका वाद कोही साम्यवाद होलान्, कोही समाजवाद होलान् । राजनीतिले तीमध्ये एकलाई अघि सार्ने हो । 'ताक परे तिवारी नत्र गोतामे' सिद्धान्त राजनीतिमा लागू हुँदैन, हुनुनपर्ने हो ।

वाद कसैको पेवा होइन । अध्ययन धेरै छ, विचार र दृष्टिकोण फराकिलो छ भनेर जुनसुकै वादको व्याख्या गर्न सकिन्छ । व्याख्या सर्वमान्य हुनुपर्‍यो । त्यस्तै सिद्धान्तहरू आउन सक्नुपर्‍यो । यो वादको काम यो हो भनेर मान्न र मनाउन सक्नुपर्‍यो । विश्वमा देखापरेका वादहरूले यसै गरेर मान्यता प्राप्त गरेका हुन् । साम्यवाद र समाजवादका आफ्नै बाटाहरू छन् । ती वादलाई कसैले खोट लगाउन सक्दैनन् । खोट लगाउनेले वाद मान्दैन । वादको कुरातिर मात्र ढल्कने काम नगरौँ, सबै मिलेर जाऊँ भन्न पनि सकिन्छ । हो, त्यसैको काम गर्छ समाजवादले । समाजवादले समाजका बारेमा के गर्‍यो र के गरेन भनेर खोज्दैन । त्यो खोज्ने वादवालाहरूले हो । सबै वाद एकै ठाउँमा भएपछि उनीहरू पनि खोज्दैनन् । बेग्लाबेग्लै वादहरू बेग्लाबेग्लै राजनीतिमा उत्रेका भए उनीहरू खोज्थे । तर सबै वाद मिलेर समाजवाद एउटैलाई मान्न थालेपछि त्यहाँ केही खोजी हुँदैन । नेपालमा अहिले यसैले काम गरेको छ । छोराको 'वाम' मा देखिएको चमत्कार यही हो । समाजवाद भनेको के हो र यसले के गर्छ भनेर कसैले सोध्यो भने त्यसको जवाफमा 'समाजवादले झिँगा मार्छ, बस्छ' भने हुन्छ । छोटकरीमा यसको जवाफ त्यही नै हो ।

## छोराको समाज :

छोराको समाजमा विकास छ, सुविधा छ, बाहिर देखिँदा सम्पन्नता पनि छ । व्यक्तिलाई आवश्यक पर्ने यत्ति हो । अहिलेको समाजमा यो पाइन्छ । सम्पन्नता कसरी आयो, त्यसका कथाव्यथा आ-आफ्नै होलान् । तर देख्दा व्यक्तिलाई चाहिने सम्पन्नता प्राप्त भएको देखिन्छ । झट्ट हेर्दा समाज वर्गमा प्रवेश हुँदैन । पढेलेखेका छन्, विद्वान् छन् । कसैले कसैलाई छक्याउन सक्दैनन् र कसैले कसैलाई शोषण गर्न सक्दैनन् ।

'बा' को समाजमा फटाहा, लुच्चा, ठगहरूले गाउँका गरिब, निमुखाहरूको शोषण गर्थे । छोराको समाजमा त्यस्तो छैन । गाउँका फटाहाहरूको सट्टा राज्यले खडा गरेका सहकारीहरूले नै ठगेर जनतालाई नाङ्गो बनाएका छन् । सरकारको विश्वासमा जनता 'बा' को समाजभन्दा गतिलोसँग ठगिएका छन् । राज्यले नै तय गरेका कार्यक्रममा किन जनता ठगिए भनेर कसैले विचार गरेका छैनन् । यो अवस्था हेर्दा समाजलाई नाङ्गेझार पारेर ठग्ने जुन प्रावधान राज्यले लागू गऱ्यो, त्यसको पूर्व-अध्ययन केही देखिएन । पैसा सोहोर्ने र लुट्ने-खानेसम्मको योजनामा सीमित रहेको पाइयो । राज्यले नै यसरी लुट्ने योजना बनाउँछ भने जनता विचराले के गरून् ! अहिले लुट्ने र लुटाउने सबैको एउटै चाल देखिएको छ । सरकार यसमा मौन छ । 'बा' को समाजभन्दा छोराको समाजको प्रगति यस्तै ठगी काण्डहरूमा सीमित छ ।

समाज जति सुविधासम्पन्न भयो, त्यति नै त्यहाँ अपनत्व हराउन थाल्छ । त्यसै भएर अहिले सहयोग, सद्भावना, सहकार्य सबै हराएका छन् । औपचारिकता र आदर्शका कुरा बढी चलेका छन् । ओल्लाघर र पल्लाघरको दूरी अमेरिका, युरोपसरह हुन थालेको छ । गाउँघरमा कोही बिरामी पर्दा कसैलाई थाहा हुँदैन । ऊ अस्पताल पुगेर उपचारबाट निको भएर फर्किसकेको हुन्छ । होइन भने अस्पतालमै सकिएछ भन्ने खबर ल्याउँछन् । समाजले केही गर्नैपर्दैन । सबै सम्पन्नताले गरिरहेको छ । त्यसैले सबैलाई बिर्साइरहेछ । 'बा'

को समाजमा जस्तो ऐँचो-पैँचो अहिले कथा बनेको छ । सरसापटको कुरा हराएको छ । भारो-पर्महरू सकिएका छन् । यी सबै अपनत्वका मुहानहरू यो समाजमा बन्द भएका छन्, सुकेका छन् । सुविधा र सम्पन्नताले लग्यो ।

छोराको समाजमा विकास र सम्पन्नता जे-जति छायो, त्यति नै रिस, इवि, द्वेष जन्मन थाल्यो । कसैले कसैलाई मानसम्मान गर्नुपर्छ भन्ने देखेनन् । कोभन्दा को कम भन्ने घमण्ड बढ्न थाल्यो । यसले जिउँदै स्वर्ग त लाँदैन तर स्वर्गै गएर आएको जस्तो भएर बसेका छन् । समाजमा आएको परिवर्तनले व्यक्ति यसरी परिवर्तित किन भए ? व्यक्तिको स्वभाव किन बदलियो ? यसले कसको फाइदा हुन्छ ? आफ्नो फाइदा हुन्छ कि हुँदैन ? यो कसैले सोचेको देखिँदैन । त्योभन्दा म के कम भन्ने मात्र देखिन्छ । मानिसको स्वभाव मात्र होइन, आकृति नै फरक देखिन थालिसक्यो । प्रत्यक्ष रूपमा यसले समाजलाई कुनै हानि गर्दैन । हानि जति हुन्छ, त्यही व्यक्तिलाई हुन्छ जसले अरूको रिस र डाह गर्छ । त्यसले समाजलाई फरक पर्न सक्दैन । समाज हिजो पनि थियो, आज पनि छ र यो निरन्तर रहिरहन्छ । त्यसलाई कसैले बिगार्न सक्दैन । जसले बिगार्न खोज्छ, त्यो आफैँ बिग्रेको गतिमा लाग्छ, बिग्रन्छ पनि । त्यसलाई सम्झाउने कोही हुँदैन । उसले सम्झन पनि चाहँदैन । पहिले सोधेर, सोचेर, विचार गरेर मात्र पाइला सारिन्थ्यो । छोराको समाज त्यस्तो छैन । यो दुःखको कुरा हो ।

●

**धन्यवाद !**

यो पुस्तक लेख्न घचघच्याउने मेरा परिवारजन छोरा उद्धव थापा, बुहारी सृजना थापा, छोरीहरू उमा थापा, उषा थापा र पविता थापा, ज्वाइँ अनिल गुमान्जू, नतिनी गङ्गा बस्नेत र नाति उमङ्गदेव थापामा हार्दिक धन्यवाद !